# अध्याय-एक

# शोध परिचय

## १.१. विषय परिचय

भूपेन्द्र सुवेदी जीवनको लामो अवधि अध्ययन, अध्यापन कार्यमा बिताए पनि मोफलमा बसेर सिर्जनामा क्रियाशील समसामयिक युगका साहित्यकार हुन् । बहुमुखी प्रतिभाका रूपमा परिचित भूपेन्द्र सुवेदीको जन्म वि.सं. १९९५ साल असार २५ गतेका दिन, राप्ती अञ्चलको प्यूठान जिल्लाको मध्यभाग बिजुवार-७ टारीमा भएको हो । लामो समयसम्म शिक्षण पेसामा सङ्लग्न रहेका (वि.स. २०१६ साल देखि २०५५) सालसम्म मुक्ति हाइस्कुल रातामाटामा स्थायी शिक्षकको रूपमा काम गरेको पाइन्छ । शिक्षण  पेसामा रहँदासम्म सुवेदीले आफ्ना फुट्कर लेख, रचनाहरू विभिन्न राष्ट्रिय र स्थानीय पत्रपत्रिकामा प्रकाशित गराउँदै आएको देखिन्छ । सुवेदी जीवनको उत्तरार्द्धतिर साहित्यिक गतिविधिमा सक्रिय देखिएका छन् । सिर्जनाका क्षेत्रमा कविता, गीत, गजलदेखि खण्डकाव्य र महाकाव्यसम्मको यात्रा गरिसकेका सुवेदीले कथा, उपन्यास एवम् निबन्ध विधामा आफ्नो सिर्जना क्षमता देखाइसकेका छन् ।

२०५५ सालमा शिक्षण पेसाबाट निवृत्ति भएपछि २०५९ सालमा उनको पहिलो प्राप्य  पुस्तक **उपालन्भ** खण्डकाव्य प्रकाशित भएको हो । त्यसैगरी उनको **एक मूल एकाउन्न फूल** (२०६१, लघुकथा सङ्ग्रह), **भावनाका लहरहरू,** कविता, गीत, (२०६२, गजल सङ्ग्रह), एवम् **विना भुटनको च्वाइँ** (२०६३, हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह), **दिशाबोध** (२०६४, उपन्यास), **भूपेन्द्र सुवेदीका निबन्धहरू** (२०६५, निबन्ध सङ्ग्रह), र **मङ्गला** (२०६७, महाकाव्य) कृतिहरू प्रकाशित भएका छन् । यी विविध कृतिहरूले भूपेन्द्र सुवेदीलाई प्यूठानका स्थापित साहित्यकारका रूपमा चिनाउनुका साथै समग्र साहित्यिक क्षेत्रमा एउटा परिचित स्रष्टा बन्न पुगेका छन् ।

भूपेन्द्र सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन भएको पाइएको छ । त्यसै गरी उनको आख्यानकारिताको अध्ययन भएको पाइए तापनि कृति विशेषको अध्ययन हुन सकेको देखिंदैन, अतः यस शोधपत्रमा **भूपेन्द्र सुवेदीका निबन्धहरू** (२०६५, निबन्धसङ्ग्रह) को कृतिको अध्ययन गर्नु प्रस्तुत शोधपत्रको मुख्य विषय रहेको छ ।

## १.२. समस्याकथन

वि.स. २०२० सालदेखि औपचारिक रूपमा नेपाली साहित्यमा लागेका भूपेन्द्र सुवेदीले कविता, कथा, उपन्यास, निबन्ध, हास्यव्यङ्ग्य निबन्ध, खण्डकाव्य र महाकाव्य विधामा कलम चलाएको देखिन्छ । उनको जीवनी व्यक्तित्वको अध्ययन गर्नु यस शोधपत्रको मूल समस्या रहेको छ । साथै यससँगै सम्बन्धित अन्य समस्याहरूको समाधानमा प्रस्तुत शोधप्रस्ताव केन्द्रित रहेको छ ।

बुँदागत रूपमा यस शोधकार्यका समस्यालाई यसरी प्रस्तुत गर्न सकिन्छ :

(क) निबन्ध सिद्धान्त र नेपाली निबन्धको ऐतिहासिक स्थिति के कस्तो छ ?

(ख) भूपेन्द्र सुवेदीको जीवनी र व्यक्तित्व के कस्तो छ ?

(ग) निबन्धकार भूपेन्द्र सुवेदीका निबन्ध सङ्ग्रह कृतिहरूको अध्ययन के कसरी गर्न सकिन्छ ?

(घ) निबन्धकार भूपेन्द्र सुवेदी र उनका निबन्ध कृतिको मूल्याङ्कन के कसरी गर्न सकिन्छ ?

## १.३. शोधको उद्देश्य

साहित्यका विभिन्न विधामा कलम चलाएका सुवेदीको निबन्ध कृतिहरूको अध्ययन गर्नु शोधपत्रको प्रमुख उद्देश्य रहने छ । यसै सन्दर्भमा यस शोधपत्रका निम्न लिखित उद्देश्य रहेका छन् :

बूँदागत रूपमा उक्त उद्देश्यहरूलाई प्रस्तुत गर्न सकिन्छ :

(क) निबन्ध सिद्धान्त र नेपाली निबन्धको ऐतिहासिक स्थितिको निक्र्यौल गर्नु ।

(ख) भूपेन्द्र सुवेदीको जीवनी र व्यक्तित्वको अध्ययन गर्नु ।

(ग) निबन्धकार भूपेन्द्र सुवेदीका निबन्ध सङ्ग्रह कृतिहरूको निरूपण गर्नु ।

(घ) निबन्धकार भूपेन्द्र सुवेदीका र उनको निबन्ध कृतिको मूल्याङ्कन गर्नु ।

## १.४. पूर्वकार्यको समीक्षा

लामो समयसम्म शिक्षण पेसामा संलग्न साहित्यकार भूपेन्द्र सुवेदी यस पेसामा रहुन्जेल साहित्यमा फुटकर रचना आएका बाहेक उनका पुस्तकाकार कृतिहरू छापिएका थिएनन् । शिक्षण पेसाबाट निवृत भएपछि उनले एकपछि अर्को गर्दै साहित्यिक कृतिहरू प्रकाशित गर्न थालेको दखिन्छ । शिक्षण पेसा वा सिर्जनामा मात्र होइन कि स्थानीय स्तरमा खुलेका धेरै जसो सामाजिक सङ्घ संस्थामा उनको संलग्नता रहेको प्रस्ट रूपमा रहेको देखिन्छ । यस्ता बहुमुखी प्रतिभा भएका साहित्यकार भूपेन्द्र सुवेदीका बारेमा र उनका कृतित्वका बारेमा विभिन्न समालोचक, शुभचिन्तकहरूले केही मात्रामा चर्चा गरेको पाइन्छ । समग्र रूपमा उनले जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने क्रममा उनका निबन्ध कृतिहरूको अध्ययन भएको पाइँदैन । सामान्य रूपमा अध्ययन भएको मात्र पाइयो । त्यो पनि फुटकर रूपमा भएका छन् । छिटफुट रूपमा टीका टिप्पणी चर्चा परिचर्चा भएका कुरालाई कालक्रमिक सर्वेक्षण र समीक्षा निम्नानुसार प्रस्तुत गरिएको छ :

कृष्णप्रसाद दाहालले **भूपेन्द्र सुवेदीका निबन्धहरूको अध्ययन** (भूपेन्द्र सुवेदीका निबन्धहरू निबन्ध सङ्ग्रह २०६५) को भूमिका लेख्ने क्रममा सुवेदीका निबन्धहरूमा अनुभवजन्य चिन्तन पढेका र परेका आधारबाट यी निबन्धहरूको आकार तयार भएको छ । कतै समालोचनात्मक त कतै अनुसन्धानात्मक अनि कतै नियात्रात्मक शैलीका माध्यमबाट निबन्धकार सुवेदीले आफ्ना निबन्धहरूको प्राण प्रतिष्ठा गरेका छन् भन्ने टिप्पणी गरेका छन् ।

देवेन्द्रकुमार रिजालले प्रकाशकीय अभिवादन (२०६५) सुवेदीका निबन्धहरूमा विभिन्न शीर्षक अन्तर्गत विभिन्न बौद्धिकतामा सजाइएको छ, यी सबै हाम्रो जीवनका यथार्थहरू हुन् भनी टिप्पणी गरेका छन् । सुवेदीका सबै निबन्धमा समस्या प्रस्तुत गरेर तिनको समाधानको बाटो पनि देखाइएको छ । उनले पाठकलाई नै समालोचक ठानी मूल्याङ्कन गर्ने जिम्मा लगाएका छन् ।

भीम अधिकारीले भूपेन्द्र सुवेदीका निबन्धको सङ्क्षिप्त अध्ययन (**नयाँ युगबोध** राष्ट्रिय दैनिक २९ कार्तिक २०६५) मा गर्ने क्रममा वस्तुपरक ढङ्गबाट वैचारिक सेरोफेरो लगाउने प्रस्तुत

कृति राप्ती अञ्चल अन्तर्गतको प्यूठान जिल्लाको विविधतालाई समेट्न कन्जुसाइँ गरिएको छैन भनेका छन् । साथै कृतिले सिङ्गो देशका विविध सम्पदालाई पनि आफूमा पनि एकाकार गरेको छ भनेका छन् ।

सुवेदीका निबन्धहरूले नैतिकता एवम् आदर्शको पक्षपोषण गर्नुका साथै प्रकृति, संस्कृति, जैविक विविधता, धार्मिक एवम् प्राकृतिक सम्पदा आदिको जगेर्ना गर्नु पर्नेमा विशेष जोड दिन योगदान पुऱ्याएका छन् भनेका छन् । साथै कृतिमा लेखकको अनुभवजन्य अभिव्यक्ति दह्रो रूपमा प्रकट भएको छ भनेर भीम अधिकारीले, सुवेदीका निबन्धका बारेमा उल्लेख गर्न उभ्याएका छन् ।

समग्रमा प्रस्तुत निबन्ध सङ्ग्रह भूपेन्द्र सुवेदीको अनुभव र अनुभूतिको दस्तावेज हो । विशेषत : सुवेदीको बुढेस कालको आडिलो र गर्विलो सहारा कृति हो भनेर अधिकारीले उल्लेख गरेका छन् । देशप्रेम, मानवता, हार्दिकता, प्रकृति प्रेम, कला, संस्कृति, भाषा आदिका विशेषताले चुलिएको सङ्ग्रहणीय प्रस्तुत कृति दरिलो खँदिलो स्तम्भ मानिन्छ भनेका छन् ।

यसरी निबन्धकार भूपेन्द्र सुवेदीका निबन्धका सम्बन्धमा छिटफुट रूपमा चर्चा परिचर्चा भएका छन् । ती टिप्पणीहरू सतही सङ्क्षिप्त तथा एक पक्षीय भएकाले प्रस्तुत शोधपत्रमा सुवेदीको निबन्धकारिताको समष्टिगत र वस्तुगत विश्लेषण गरिएको छ ।

## १.५. शोधको औचित्य र महत्व

नेपाली साहित्यका विविध विधामा कलम चलाएका साहित्यकार भूपेन्द्र सुवेदीका निबन्ध कृतिहरूको अध्ययन चर्चा परिचर्चा सामान्य रूपमा भए पनि कृतिको समग्र, वस्तुपरक सुगम र विस्तृत रूपमा अध्ययन अनुसन्धानको अभाव भएकोले प्रस्तुत शोधपत्र उक्त विषयमा केन्द्रित भई अध्ययन गर्नु यसको औचित्यपूर्ण रहेको छ । निबन्धकार सुवेदीका निबन्धहरूप्रति रूचि राख्ने विद्यार्थी, शिक्षक, समालोचक, पाठक तथा जोसुकै व्यक्तिहरूका लागि जानकारी र अध्ययनमा सहयोग पुऱ्याउन प्रस्तुत शोधपत्रको उपयोगिता महत्वपूर्ण रहेको छ ।

## १.६. शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा भूपेन्द्र सुवेदीको जीवन वृत्तका विविध पक्षको परिचय दिई उनको प्रकाशित **भूपेन्द्र सुवेदीका निबन्धहरू** कृतिमा केन्द्रित भई अध्ययन विश्लेषण गर्नाका साथै उनका निबन्धात्मक प्रवृत्ति र निबन्ध सिद्धान्त र नेपाली निबन्धको ऐतिहासिक अध्ययनभित्र रहेर उनका निबन्धात्मक प्रवृत्तिहरूमा सीमित रहेको छ ।

## १.७. सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्र पूर्ण गर्नका लागि जीवनी र व्यक्तित्वको बारेमा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरिनेछ ।

विशेषत : प्रस्तुत शोधपत्र तयार पार्न पुस्तकालयीय अध्ययन विधिमा केन्द्रित रही सम्बन्धित पुस्तक, शोधनायक, शोध निर्देशक, समालोचक, लेखहरूबाट आवश्यकता अनुसार लिखित तथा मौखिक रूपमा प्राप्त हुन आएका सामग्रीहरूलाई वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाई भूपेन्द्र सुवेदीका निबन्ध कृतिहरूको अध्ययन विश्लेषण गरिएको छ । आवश्यकता अनुसार शोधनायकसँग भेटघाट र सर्म्पक गरी लिखित एवं मौखिक रूपमा जानकारी लिनुका साथै पारिवारिक स्रोतबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ ।

## १.८. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नलिखित छ अध्यायमा विभाजन गरी अध्ययन गरिएको छ :

**अध्याय एक** : शोध परिचय
**अध्याय दुई** : निबन्ध सिद्धान्त र नेपाली निबन्धको ऐतिहासिक स्थिति
**अध्याय तीन** : भूपेन्द्र सुवेदीको जीवनी र व्यक्तित्वको अध्ययन
**अध्याय चार** : भूपेन्द्र सुवेदीका निबन्धहरूको अध्ययन
**अध्याय पाँच** : भूपेन्द्र सुवेदी र उनको निबन्ध कृतिको मूल्याङ्कन
**अध्याय छ** : उपसंहार ।

# अध्याय -दुई

## निबन्ध सिद्धान्त र नेपाली निबन्धको ऐतिहासिक स्थिति

### २. परिचय

साहित्यका प्रमुख विधामध्ये निबन्ध छोटो र छरितो एक गद्य विधा हो । निबन्ध एउटा त्यस्तो विधा हो जो मनमा भएका कुरालाई लिखित रूपमा व्यक्त गरिएको रूप हो । निबन्धबाट चिन्तक वा लेखकका सोचाइ, विचार, आग्रह, प्रतिभा र खुबीको अभिव्यक्त भएको हुन्छ । निबन्धले लेखक र विषयवस्तुका बीच सम्बन्ध जोड्ने काम गरेको हुन्छ । निबन्धले अनुभूतिलाई शब्दमा रूपान्तण गर्छ र त्यस्तो अभिव्यक्ति अरुसमक्ष शब्दकै माध्यमबाट सम्प्रेषित हुन्छ । निबन्ध सीमित घेराभित्र रहेर असीमित विचार पहिल्याउने छोटो- छोटो बसाइमा पढिसकिने गद्यमय अभिव्यक्तिका रूपमा यसलाई चिन्न सकिन्छ । निबन्ध लेखन एक कला हो । कला साधनामा रत्तिन्छ । साधना अभ्यासले कलामा चमक आउँछ । अध्ययन र अभ्यासले अभिव्यक्तिमा परिपक्वता आउँछ (शर्माः २०६३:३) । गद्यको अभिव्यक्ति क्षमता सबल र प्रौढ हुँदै गए पनि सृजित वस्तुको प्रकाशन, प्रसारण, वितरण र संरक्षण एवम् सुपठनको वातावरण तयार हुँदै जाँदा साहित्यमा निबन्ध पनि एउटा छुट्टै विधाको रूपमा सृजना हुन थाल्यो । यसकारण विश्व साहित्यमा निबन्ध कनिष्ठतम् विधा हो । परिणाम स्वरूप नेपाली निबन्ध पनि नेपाली साहित्यका सृजना विधाको कान्छो भाइका रूपमा देखा परेको छ (सुवेदीः २०६३:१) ।

समग्रमा निबन्ध सरल र जटिल अभिव्यक्तिको दोसाँधमा हिँड्ने आत्मा र वस्तु दुवै वा कुनै एक पक्षमा केन्द्रित भएर सुरुमा आभ्यासिक र पछि गएर स्वतः स्फूर्त पनि हुन सक्ने रमाइलो र छोटो गद्य विधा हो । मनका कुरा पोख्ने माध्यम सूक्ष्म कुरादेखि विशाल बह्रमाण्डसम्म यसका विषय हुन सक्छन् । आदि, मध्य र अन्त्यको सङ्गठन यसमा हुन्छ (शर्मा :२०६३:४-५) ।

यसरी निबन्ध भनेको एक अभिव्यक्ति हो । यो भाषाका माध्यमबाट प्रकट गरिने अभिव्यक्ति हो । निबन्धमा गद्य भाषाको प्रयोग गरिन्छ । निबन्ध भनेको लेख्य भाषिक अभिव्यक्तिका अनुच्छेद समूहमा आधारित त्यस्तो गद्य रचना हो । निबन्ध कुनै खास शीर्षकमा लेखिन्छ । निबन्धको शीर्षक भनेको कुनै खास विषय हो । आफुले मनमनै कल्पिएका छ र पढेर, सोधेर वा खोजेर बटुलेका कुराहरूलाई सुहाउँदो किसिमले सिलसिला मिलाएर निबन्ध लेख्दै जानु पर्छ । शीर्षकको पुष्टि गर्ने खालका तथ्य प्रमाण, तर्क, दृष्टान्त आदि प्रस्तुत गरी वस्तुपरक शैलीको प्रयोग गर्नु पर्छ र यस्ता निबन्धमा आफ्नो मनका काल्पनिक किसिमका भावनाहरू मिसाउनु हुँदैन ।

## २.१. निबन्धको व्युत्पत्ति र अर्थ

आधुनिक सन्दर्भमा साहित्यको गद्य विधा विशेषलाई जनाउने 'निबन्ध' शब्दको अर्थ पूर्वीय तथा पाश्चात्य जगतमा विभिन्न विद्वान्हरूले आ-आफ्नै किसिमले दिँदै आएका छन् । यहाँ निबन्ध शब्दको व्युत्पत्तिमूलक अर्थ र निबन्ध सम्बन्धी पूर्वीय तथा पाश्चात्य दृष्टिकोणको छुट्टा-छुट्टै चर्चा गर्ने प्रयास गरिएको छ ।

### २.१.१. निबन्धसम्बन्धी पूर्वीय दृष्टिकोण

'बन्ध्' धातुमा 'ति' उपसर्ग लागेर निबन्ध शब्द निर्माण भएको हो । जस्तै : नि+बन्ध् = निबन्ध, अर्थात नि+बन्ध्+अच् = निबन्ध हुन्छ । पहिलो प्रक्रियाबाट बनेको निबन्ध शब्दको अर्थ हुन्छ-बाँध्नु, सङ्ग्रह गर्नु, जुटाउनु र दोस्रो प्रक्रियाबाट बनेका निबन्ध शब्दको अर्थ चाहिँ हुन्छ -बिम्बको बोक्रो सेवन गर्नाले कुष्ठरोगको रोकथाम हुन्छ ।[1] वर्तमान साहित्य-जगत्मा नि+बन्ध्+अच्बाट व्युत्पादन हुने निबन्ध शब्दको विशेष अर्थ स्थापित भएको छ । एघारौं शताब्दीतिर रचित कादम्बरी काव्यका प्रसङ्गमा निबन्ध शब्दको अर्थ टीका, व्याख्या, भाष्य आदिका प्रयोजनमा लिएको छ ।[2] यज्ञवल्क्य स्मृतिमा द्रव्यको अर्थमा निबन्धलाई लिइएको छ ।[3]

1 राजेन्द्र सुवेदी, **स्रष्टा सृष्टि-द्रष्टा दृष्टि**, पं. सं., (ललितपुरः साझा प्रकाशन, २०४३), पृ. ६ ।
2 न्याय मत्रबुरी भाग ८ (स्रोतः स्रष्टा सृष्टि -द्रष्टा दृष्टि, पृ. ६ बाट) ।
3 केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश**, छै. सं. (काठमाडौं: रत्नपुस्तक भण्डार २०५९), पृ. १६० ।

संस्कृतमा निबन्ध शब्दको प्रयोग निकै पुरानो देखिन्छ । कृष्णले अर्जुनलाई उपदेश दिने क्रममा **दैवी सम्पद् विमोक्षय निबन्धायासुरी मता** भनेर आत्मालाई संसारिक मायाजालमा बाँधेर राख्ने असुरी सम्पदाका रूपमा निबन्ध शब्दको प्रयोग गरेका छन् ।[4]

भावनाका अनेकौं कणलाई अभिव्यक्तिका सुगठित रचना शिल्पमा सङ्ग्रहित गर्नु वा सिलसिलाबद्ध गरेर अभिव्यक्ति दिनु भन्ने भएको छ ।[5]

बालचन्द्र शर्माले -'कुनै विषयलाई लिएर कलात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचनालाई निबन्ध भनिएको छ' (शब्दकोश, २०५५)।[6] साहित्यका विविध विधा हुन्छन् ती विधामध्ये निबन्ध एक छोटो छरितो गद्यमय अभिव्यक्ति हो ।[7] साथै शर्माले निबन्ध निजी चिन्तनधारा बोकेको सङ्क्षिप्त गद्य विधालाई मानेका छन् । प्रथमतः यो शब्द हस्तलिखित आदिलाई समेटेर बाध्ने तात्पर्यमा प्रयोग भएको थियो । अहिले आएर यो शब्दले साहित्यको विशिष्ट किसिमको गद्य विधालाई बुझाउन थाल्यो ।[8]

संस्कृत वाङ्मयमा विभिन्न अर्थमा प्रयुक्त निबन्ध शब्दले आजको साहित्यिक गद्य विधा विशेषलाई समेट्न सकेको छैन । 'निबन्ध' तत्सम शब्दका रूपमा नेपालीमा आएको शब्द हो । आजको निबन्धको प्रयोग संस्कृत साहित्यकालमा भएको पाइँदैन ।[9] यसर्थ निबन्ध साहित्यको खास विधा विशेषलाई बुझाउने सामर्थ्य पाश्चात्य साहित्यकै उपादान स्वरूप प्राप्त गरेको हो भन्ने कुरा पनि प्रस्ट हुन्छ । यसर्थ निबन्धका बारेमा पाश्चात्य दृष्टिकोणको अध्ययन गर्नु आवश्यक देखिन्छ ।

### २.१.२. निबन्धसम्बन्धी पाश्चात्य दृष्टिकोण

साहित्यका मुख्य चार वटा विधा हुन्छन् र ती मध्ये निबन्ध सबैभन्दा कान्छो विधा हो ।

4 वेदवृत्ति वैदिक (सम्पा), **श्रीमदभगवत गीता**, ते. सं. (नयाँ दिल्लीः ई. १९९८) पृ. ६१३ ।
5 राजेन्द्र सुवेदी (सम्पा) **स्रष्टा सृष्टि -द्रष्टा दृष्टि**, ते. सं., (ललितपुरः साझा प्रकाशन, २०५८), पृ. ६।
6 शब्दकोश, २०५५ ।
7 गोपी कृष्ण शर्मा, २०४४, पृ. ३ ।
8 केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १६० ।
9 राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ७ ।

निबन्धलाई बुझाउने अङ्ग्रेजी शब्द **एस्से** हो । **एस्से** शब्द फ्रान्सेली शब्दबाट आएको हो । यही यसाइबाट नै अङ्ग्रेजीमा एस्से शब्द बन्न पुग्यो जसको अर्थ प्रयास वा प्रयत्न भन्ने हुन्छ ।[10]

सोह्रौं शताब्दीका फ्रान्सेली साहित्यकार मिसल द मोन्तेनले आफ्ना रचनालाई 'एसाई' नाम दिएर निबन्धको विद्यागत आरम्भ गरे ।[11] सत्रौं र अठारौं शताब्दीमा आएर गद्यमा लेखिएका छोटा रचनाकै तात्पर्यमा 'एस्से' शब्दको प्रयोग भएको छ ।[12] बिस्तारै एस्सेको परिभाषा गर्ने सन्दर्भमा विभिन्न विद्वान् र कोशकारहरूले यसको अर्थ दिन थालेपछि यसले साहित्यिक विद्या विशेषलाई बुझाउन थाल्यो ।[13]

नेपाली गद्य विद्या विशेषलाई जनाउने निबन्ध शब्द पाश्चात्य 'एस्से'को तात्पर्यसँग नजिक रहेको पाइन्छ । पूर्वीय साहित्यमा निबन्ध शब्दको प्रयोग विधा विशेषको रूपमा भएको पाइँदैन । यसको प्रयोग भाष्य टीका आदिमा मात्र भएको पाइन्छ । तर पाश्चात्य 'एस्से' शब्दले आरम्भदेखि नै साहित्यिक रचनाकै अर्थ बहन गर्ने गद्य विधा विशेषलाई व्यापक अर्थमा लिन थालेको पाइन्छ । त्यसैले नेपाली निबन्ध शब्दको अर्थ पूर्वीय व्युत्पत्तिमूलक अर्थ भन्दा पाश्चात्य एस्सेसँग बढी निकट रहेको देखिन्छ ।

### २.२. निबन्धको परिभाषा

निबन्ध विश्व साहित्यको इतिहासका सन्दर्भमा अत्यन्त नयाँ अर्थात कान्छो विधा हो । एउटा विशेष विधाको रूपमा रहेको निबन्धको परिभाषा खोज्नु त्यति सजिलो छैन र पनि विश्वका केही चिन्तकहरूले विषयवस्तु, आकार प्रकार, भाषाशैलीजस्ता विभिन्न आधारमा निबन्धलाई परिभाषित गरेका छन् । यसैकारण यो एउटै परिभाषामा स्थिर छैन र साहित्यका अन्य विधाको जस्तो यसको पनि सहज र स्पष्ट परिभाषा भएको पाइँदैन ।

10 हिमांशु थापा, **साहित्य परिचय**, दो. सं., (ललितपुरः साझा प्रकाशन (२०१०), पृ. १० ।
11 ईश्वर बराल (सम्पा), **सयपत्री**, ते. सं., (ललितपुरः साझा प्रकाशन, २०३०), पृ. १० ।
12 हरिनाथ द्विवेदी, **निबन्ध सिद्धान्त और प्रयोग**, (पटना विहारः हिन्दी ग्रन्थ अकादमी, ई. १९७१), पृ. १३ ।
13 रोवर्ट पिग्बिन, **द न्यु इन्साइक्लोपेडिया विटानिका**, भोलम ४, प. सं. १९९०, पृ. ५६२ ।

### २.२.१. पाश्चात्य विद्वानहरूका विचारमा निबन्ध

पाश्चात्य साहित्यको इतिहासमा निबन्धको प्रारम्भिक उत्पत्ति र प्रथम प्रयोग फ्रान्सेली निबन्धकार मोन्तेनका प्रयासबाटै भएको हो । यससम्बन्धी प्रथम परिभाषा पनि उनले नै दिएका छन् । 'म नै मेरा निबन्धको विषयवस्तु हुँ : किनभने मलाई सबभन्दा बढ्ता चिन्ने व्यक्ति म स्वयं मात्र हुँ ।[14] मोन्तेनले आफ्ना निबन्धको विषयवस्तु आफैलाई ठानी निबन्धलाई आत्म प्रकाशन मानेका छन् । उनका विचारमा निबन्ध निजात्मक व्यक्तित्वको अभिव्यक्ति हो । उनी आत्मपरक निबन्धकारका रूपमा देखा परेका छन् ।

फ्रान्सिस वेकनले 'निबन्ध' विकीर्ण चिन्तन हो ।[15] भनेका छन् अङ्ग्रेजी साहित्यका पहिला निबन्धकार फ्रान्सिस वेकनले निबन्धलाई छरिएको चिन्तन मानेका छन् ।

वेकनका परिभाषाबाट निबन्ध चिन्तन प्रधान हुन्छ, त्यसमा कल्पना र अनुभूतिको कोमल अभिव्यक्ति नभएर गम्भीर ज्ञान र बौद्धिक अभिव्यक्ति रहेको हुन्छ ।

जोन्सनले 'निबन्ध भनेको मानसिक जगतको त्यो थाकेको बुद्धि बिलास हो, जसमा न कुनै क्रम छ न कुनै नियम । यो विचारहरूको अपरिपक्क र अव्यवस्थिति रचना हो ।[16] भनेका छन् । यस कथनबाट निबन्ध भनेको क्रम नियमहीन अपरिपक्क र अव्यवस्थित रचनाको रूपमा देखिन आउँछ ।

जोद्वन मरेले जोन्सनको परिभाषालाई परिमार्जित गरेका छन् । 'कुनै एक विषयमा सुगठित र सुव्यवस्थित दृष्टिकोण राखेर लेखिएको रचना निबन्ध हो ।'[17] जोन्सनले अपरिपक्क र अव्यवस्थित भनिएको निबन्ध विधालाई मरेले सुगठित र सुव्यवस्थित रचन हो भनेर जोन्सनको परिभाषालाई परिमार्जन गरेका छन् ।

---

14 राजेन्द्र सुवेदी, पूर्ववत् पृ. १८ ।

15 केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १६३ ।

16 रामलाल अधिकारी, **नेपाली निबन्धयात्रा** (दार्जिलिङ: नेपाली साहित्य सञ्चयिका, ई. १९७५), पृ. ६ ।

17 राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. २० ।

सेन्टव्युभले 'निबन्ध श्रमसाध्य विधा हो, यसमा स्रष्टाको आत्मप्रतिपादन भएको हुन्छ ।[18] भनेका छन् । उपयुक्त कथनबाट के स्पष्ट हुन्छ भने निबन्ध आत्मपरक विधा भइकन पनि श्रमपूर्ण साधनबाट रचिन्छ, कठिनतम भएर पनि उच्चकोटिको विशिष्ट हुन्छ ।

विलियम हेनरी द्वडसनका विचारमा 'मोटामोटी रूपमा कुनै पनि विषयमा लेखिएको रचनालाई सच्चा निबन्ध मान्न सकिन्छ । यसको मुख्य विशेषता हो अपेक्षाकृत संक्षिप्तता र पट्यारिलोपनको अभाव ।[19] यिनले निबन्धलाई जुनसुकै विषयमा पनि लेख्न सकिने निबन्धकारको वैयक्तिक अनुभव र दृष्टिकोण व्यक्त भएको आत्माभिव्यक्तिको साधन मानेका छन् ।

ह्युवाकरले 'हलुका पारा तथा सरल ढङ्ग र लेखक तथा पाठक माझको विश्वस्त सम्बन्ध रहेको निबन्ध आदर्श निबन्ध हो'[20] भनेका छन् भने तारादेखि लिएर धुलोसम्म र अमिबादेखि लिएर मानिससम्म निबन्धको विषयवस्तु हुन सक्छ ।'[21] भनेर निबन्धको क्षेत्रलाई प्रस्ट पारेका छन् ।

द न्यु इन्साइकलोपेडिया विटानिकामा 'कुनै एक विषयमा केन्द्रित भई गद्यमा लेखिएको छोटो लेख नै निबन्ध हो ।'[22] भनिएको छ ।

द कन्साइन्स अक्सफोर्ड इङ्लिस लिटेचरमा निबन्धलाई परिभाषित गर्दै यसो भनिएको छ- 'निबन्ध साधरणतया एउटा छोटो गद्य रचना हो जसमा लेखकको विषयको विशेष ज्ञान प्रतिबिम्बित भएको हुन्छ ।'[23]

---

18 ऐजन्, पृ. १९ ।
19 गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय**, चौ. सं., (काठमाडौंः रत्नपुस्तक भण्डार, २०४६), पृ. १२ ।
20 पूर्ववत्, पृ. ११ ।
21 पूर्ववत्, पृ. ११ ।
22 रोवर्ट पिग्विन, पूर्ववत्, पृ. ५६२ ।
23 राजेन्द्र सुवेदी, पूर्ववत, पृ.८ ।

निबन्धको पाश्चात्य परिभाषामा जर्ज क्रमाबलको परिभाषालेः प्रतिभाविहीन स्रष्टाको सस्तो सिर्जना कार्य निबन्ध हो जसमा निबन्ध, न विद्वता न चिन्तन र न अनुसन्धानात्मक क्षमता रहन्छ ।[24]

निबन्धको परिभाषामा जर्ज क्रयाबलको परिभाषाले निबन्धका बारेमा बेग्लै धारणा प्रस्तुत गरेको छ भने अन्य परिभाषाहरू कुनै कुनै रूपमा मिल्दाजुल्दा देखिन्छन् । यी बाहेक अरू परिभाषाहरूमा त्यति मतान्तर नभए तापनि वस्तुपरक र आत्मपरक भेदका सन्दर्भमा भने निबन्धकै परिभाषाहरूमा केही भिन्नता पाउन सकिन्छ ।

### २.२.२. पूर्वीय विद्वान्हरूका विचारमा निबन्ध

पाश्चात्य साहित्यमा मात्र होइन, पूर्वीय साहित्यमा पनि निबन्ध साहित्यको लेखन, अध्ययन, मनन भएको पाइन्छ । यसै क्रममा निबन्धको परिभाषा दिने काम पनि भएको छ ।

'यदि गद्य कविहरूको कसी हो भने निबन्ध गद्यको कसी हो ।'[25] हिन्दी साहित्यका विशष्टि चिन्तक तथा इतिहासकार आचार्य रामचन्द्र शुक्लले निबन्धलाई गद्यको विशिष्ट विधा मानेका छन् ।

गुलाब रायको परिभाषा अनुसार 'निबन्ध त्यस प्रकारको रचना विशेष हो जसमा सीमित आयतनभित्र कुनै विषयको वर्णन वा प्रतिपादन, एउटा विशिष्ट प्रकारको वैयक्तिक, प्रतिपादन, स्वच्छन्दता, सुष्ठु र सजीवता, सङ्गति र सम्बद्धतापूर्वक भएको हुन्छ ।[26]

निबन्ध एक किसिमको कुरा गराइ हो । यो लेखकका मनका भावहरूलाई स्वागत कथनका रूपमा उद्धृत गराउने विधा विशेष हो । आफ्नो गुनासो अरूलाई सुनाउनु, मनको बह पोख्नु, हृदयलाई सकेसम्म छर्लङ्ग्याइदिनु आन्तरिक सन्देहलाई फिजाइदिनु मानिसका आद्य तिर्सना

---

24 ऐजन, पृ.१०) ।
25 आचार्य रामचन्द्र शुक्ल, **हिन्दी साहित्यका इतिहास**, तेह्रौं सं., (काशी, २०१८), पृ. ५०५ ।
26 रामलाल अधिकारी, (ई. १९७५, पृ.१०) ।

हुन् । त्यसो हुनाले निबन्धकार जहिले पनि पाठकसित गफ गर्न चाहन्छ, साउती गरेर तिनलाई आफ्नाप्रति सहानुभूतिशील बनाउन खोज्छ ।[27] बरालले निबन्धलाई सामान्य कुरा गराई मान्दै यसले सामान्य मानव प्रवृत्तिलाई बहन गर्नुपर्ने कुरा बताएका छन् ।

लक्ष्मीप्रसाद देवकोटाले -'यो रौंचिरा दर्शन होइन न हो पाण्डित्य दर्शनको ठ्यास्फु ! यसमा गृहित विषयलाई सर्वदृष्टिकोण समीक्षणको जरुरत छैन । यो एक किसिमको धूर्त बदमास ठिटो हो, जो सडकमा हिंड्दा कहिले ढुङ्गो हान्छ कतै, कतै आनन्दले फुलेर हेर्छ तर घोरिँदैन पाठ घोकुवा हलन्तेको मिजासले यो टेबिल गफ मात्र हो, शास्त्र होइन ।[28] यो एउटा फुर्सदको मनोञ्जन हो । यहाँ एउटा रसिलो हँसिलो, गफाडी, चुइकिलो कुराकानी छ जसको नाम प्रबन्ध हो ।[29]

नेपाली साहित्यका मूर्धन्य निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले प्रबन्धलाई निबन्धकै सामानार्थमा प्रयोग गरेका छन् । उनका विचारमा निबन्धमा अनौपचारिक वार्तालाप हो । यसमा बौद्धिकताको भारी होइन आत्मपरकता हुन्छ । यसमा नियम र शैली कसैको बन्धन हुँदैन ।

रामलाल अधिकारीले 'निबन्ध त्यो काव्यविधा हो जसमा लेखकको व्यक्तित्व पाठकसमक्ष पूर्णतया प्रकाशमान हुन्छ । यसमा लेखकले उपदेब्ता नभई आत्मप्रकाशनको लक्ष्यमै केन्द्रीत हुनुपर्छ ।[30] अधिकारी निबन्धलाई निजात्मक गद्यको विधा विशेषको रूपमा स्विकारेका छन् जसमा वैयक्तिक भावना वा विषयलाई संयतापूर्ण तरिकाले प्रस्तुत गरिएको हुन्छ भनेका छन् ।

---

27 ईश्वर बराल (सम्पा) पूर्ववत्, पृ. ७ ।

28 लक्ष्मीप्रसाद देवकोटा, **लक्ष्मी निबन्ध सङ्ग्रह**, बा. सं., (ललितपुर : साझा प्रकाशन, २०४९), पृ. ख ।

29 ऐजन, पृ. ५ ।

30 रामलाल अधिकारी, पूर्ववत, पृ. १२ ।

गोपीकृष्ण शर्माले 'कुनै विषयबारे आफू रङ्गिएर वा तटस्थ रहेर गरिएको सङ्क्षिप्त गद्यमय अभिव्यक्ति ।[31] शर्माले निबन्ध निजी चिन्तनधारा बोकेको सङ्क्षिप्त गद्य विधालाई मानेका छन् ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माको परिभाषा यस्तो छ-'अन्तरङ्ग विचार वा भावना अभिव्यक्ति भएको अथवा बहिरङ्ग वर्णन र विवरण प्रस्तुत भएको समय र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभए पनि निश्चित प्रकारको सिलसिला तथा अनुक्रमयुक्त विषय विशेषमा केन्द्रीत गद्यात्मक रचनालाई निबन्ध भनिन्छ ।'[32] श्रेष्ठ र शर्मा, (२०५९ :११५)

विभिन्न विद्वान्हरूका निबन्धसम्बन्धी यी परिभाषालाई केलाएर हेर्दा निबन्धकारका विचारहरू निजात्मक वा वस्तुपरक ढङ्गबाट पाठकसामु, प्रस्तुत गर्ने र जुन प्रस्तुतिमा लेखकका विचार पाठकका सामु प्रस्तुत गरिएको हुन्छ त्यस्तो आत्मप्रतिपादन, आन्तरिकक्रमबद्धता, कवितात्मकता, विचार, चिन्तन, संवेदना आदिको समग्र रूप नै वास्तवमा निबन्ध हो । निबन्धमा तार्किकता, मौलिकता, काल्पनिक उडान, निजात्मक शिल्प आदिका साथै वैज्ञानिक सत्यता र प्रमाणको खोजी आदि कुराले समेत स्थान पाएको हुन्छ ।

### २.२.३. निबन्धको स्वरूप

कुनै पनि विषयको परिभाषाले त्यसको स्वरूपलाई निर्धारण गरेको हुन्छ । स्वरूप भन्नाले कुनै पनि विषयलाई चिनाउने तत्वहरू हुन् जसले निबन्ध वा अन्य कुनै साहित्यिक विधा हो भनेर छुट्याउन सजिलो हुन्छ । निबन्धको स्वरूप भनेको निबन्ध यही नै हो भनेर चिनाउन सक्ने तत्वहरूको समूह हो । निबन्धको स्वरूपको चर्चा गर्दा सर्वप्राचीन परिभाषासम्म पुग्नुपर्ने हुन्छ ।

'निबन्ध विधाका आद्य प्रयोक्ता मोन्तेनले यसको निजात्मक स्वरूप निश्चित गरे ।' यसर्थ निबन्ध भनेर त्यो रचनालाई मान्नुपर्छ जसमा रचनकारका निजी धारणा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मुखरित भएका हुन्छन् । त्यसैगरी अङ्ग्रेजी निबन्धकार लर्ड वेकनले आफ्नो चिन्तनको

---

31 गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. ६ ।
32 दयाराम श्रेष्ठ र मोहनराज शर्मा (२०५९, पृ.११५) ।

अभिव्यक्तिको प्रयासलाई निबन्ध मानेका छन् । यसबाट हेर्दा उनले निबन्धलाई परात्मक कोणबाट हेरेका छन् । यसरी हेर्दा निबन्धका निजात्मक र परात्मक गरी प्रमुख दुई वटा स्वरूप देखा परेपछि अभिव्यक्ति वा शैलीपक्षबाट निबन्धको स्वरूपलाई नियाल्न थालियो ।[33] निबन्धको स्वरूपका बारेमा हर्वट रिड यसो भन्छन्-'निबन्धको लमाई पैंतीससय शब्ददेखि पाँचहजारभन्दा बढी भए एउटा सामाजिक लेख तयार हुन्छ (शर्मा २०६३ पृष्ठ ७) ।[34] यिनका अनुसार निबन्धले कुनै जीवनवृत्त र समीक्षात्मक विश्लेषणको काम गर्दैन इतिहास वा शोधलेखका रूपमा निबन्धलाई लिन सकिन्छ । यो आफैमा व्यक्तिगत भएर विवेचनात्मक भन्दा विषयगत बढी हुन्छ ।

माथि उल्लिखित निबन्धकारका परिभाषा अनुसार निबन्ध त्यो रचना हो जसमा लेखकको विचार र वस्तुपरक छायाँ स्पष्ट रूपमा प्रतिबिम्बित भएको हुन्छ । विद्यालय महाविद्यालयका विद्यार्थीले लेख्ने असाहित्यिक रचना वा अन्य प्रबन्धात्मक लेखहरूलाई समेत निबन्ध मानिने भए पनि वस्तुत निबन्ध साहित्यिक गुणयुक्त विशिष्ट वैयक्तिक रचना हो । यसैले निबन्ध साहित्यिक र असाहित्यिक गरी दुई वर्गमा विभाजित भएको देखिन्छ । साहित्यिक निबन्धमा व्यक्तित्वको छाप कुनैमा बढी कुनैमा कम हुने भए पनि वैयक्तिकता नै नभएको रचना निबन्धका कसीमा सामेल हुन सक्दैन । निबन्धकार कहिले आफ्नै निजी भाव, विचार, अनुभूति र जीवनघटनाका परिमण्डलमा स्वाधीन अभिव्यक्ति गर्दछ भने कहिले निजी भावना र कल्पनाकासाथ आफूभन्दा परको कुनै विषयवस्तु वा घटनाको वर्णन र विवरण प्रस्तुत गर्दछ । आत्मनिवेदन गर्नु र अर्काका बारेमा बोल्नु निबन्धकारको स्वभाव हो । यसरी निबन्धको स्वरूप वा मुख्य प्रवृत्ति भनेको कि त आत्मकेन्द्रित हुनु कि त परकेन्द्रित हुनु नै हुन्छ (बराल, २०३०:३३) । यसरी हेर्दा प्रवृत्ति नै व्यक्तित्वको प्रमुख परिचायक भएकाले निबन्ध पनि स्वकेन्द्रित र परकेन्द्रित गरी स्पष्टता या दुई भागमा विभाजित हुन पुग्दछ । यसैलाई क्रमशः निजात्मक र परात्मक संज्ञा दिन सकिन्छ । यी दुईमा पनि निजात्मक अन्तर्गत व्यक्ति

33 गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय**, चौ.सं., (काठमाडौँः रत्न पुस्तक भण्डार),२०६३, पृ. १९ ।
34 ईश्वर बराल, २०३०, पृ. ३३ ।

रचयिताका वैयक्तिक सुख दुःख आदि जीवन घटनाका भावना र विचारात्मक भेद हुन्छन् भने परात्मक अन्तर्गत वस्तुको वर्णन र विवरण प्रस्तुत गरिने हुँदा वर्णनात्मक र विवणात्मक गरी दुई उपवर्गमा छुट्टिन्छन् ।

## २.३. निबन्धका तत्वहरू

सोह्रौं शताब्दीमा पाश्चात्य साहित्य जगतमा विकसित भएको साहित्यको गद्य विधा निबन्ध विधा हो । निबन्धको परिभाषा गर्न यसका अनेक रूप र रङ्गले गर्दा जति समस्या हुन्छ त्यति नै विषयको व्यापकता र आकारप्रकारको विविधताले गर्दा निबन्धका तत्व यति नै हुन्छन् र यिनै हुन् भन्न कठिन हुन्छ । निबन्ध विधा समयानुकूल परिवर्तनशील विधा भएको हुनाले समयानुसार यसको तत्वमा पनि परिवर्तन हुँदै आइरहेको पाइन्छ । त्यसो त साहित्य सिर्जना गर्न पनि केही आधार चाहिन्छ । साहित्यका प्रत्येक विधाका विधा तत्वहरू निर्धारण गरिएका हुन्छन् र सम्बद्ध विद्या तत्वको कुशल संयोजन र संगठनबाट मात्रै कुनै पनि रचनाले आकार ग्रहण गर्दछ । त्यसैले स्रष्टाले आफ्ना विचारहरूलाई जतिबेला लेख्य रूपमा प्रस्तुत गर्न थाल्दछ त्यतिबेला उसले पोख्ने वस्तुको पोखाइको कला, पोख्नुको उद्देश्य, सीप, ढाँचा वा तौरतरिका आदि कुराको आवश्यकता पर्दछ । अन्य विधाझैं निबन्धका पनि आफ्ना विधा तत्वहरू छन् र तिनकै आधारमा निबन्धको विश्लेषण -मूल्याङ्कन गर्नु उचित हुन्छ । निबन्ध तत्वका बारेमा विद्वान्हरूले अलग अलग धारणा अघि सारेका छन् ।

निबन्धात्मक तत्व भन्नाले निबन्ध संरचनाका लागि नभई नहुने आवश्यक कुरा हो । विद्वान्हरूका बीचमा मतैक्य नभए तापनि आवश्यक तत्वहरू तीन किसिमका देखिन्छन्-वस्तु, शैली र उद्देश्य अत्यावश्यक तत्व हुन् ।[35]

### २.३.१. विषयवस्तु

35 गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. १७ ।

विषयवस्तु निबन्धको प्रमुख

दुवैके समन्वय गरिएको हुन्छ । निजात्मक निबन्धमा भाव तत्वके प्रबलता रहन्छ । कल्पनाको आवरणले भाव तत्वलाई खजाइएको हुन्छ । भावलाई बृद्धिले उछिन्न हुँदैन र भावमा बुद्धिको रमरम स्पर्श रहेकै हुनुपर्छ । तसर्थ बुद्धि र भाव दुवै निबन्धका अनिवार्य तत्व हुन् । बुद्धि मानव मस्तिष्कको खारिएको प्रतिभा हो । बुद्धि जति तीव्र हुन्छ त्यति नै चिन्तन विचार आदि निबन्धमा सशक्त भएर आउँछन् । यसका लागि अध्ययन र अभ्यासको त्यत्तिकै आवश्यकता पर्दछ ।  तत्व हो । वस्तु तत्व नै निबन्धको प्राण भएकाले वस्तु विना निबन्धको रचना हुन सक्दैन । जीवन जगत्का जुनसुकै विषयमा पनि निबन्ध लेख्न सकिने हुँदा यसको विषय क्षेत्र ज्यादै व्यापक र विस्तृत हुन्छ । ह्युवाकरले भनेभैं निबन्धको क्षेत्र व्यापक छ एक कोषीय जीवदेखि लिएर मानिससम्म वा लघु राशीदेखि लिएर आकाशका तारामण्डलसम्म कुनै पनि विषयलाई निबन्धकारले छनोट गर्न सक्छ । विषय जे जस्तो भए पनि स्रष्टाको व्यक्तित्वको प्रभावमा आइसकेपछि निबन्धले पूर्णता प्राप्त गर्दछ ।

निबन्धको वस्तु तत्वभित्र खासगरी चिन्तन, विचार, कार्य, कारण, तर्क, गहिराइ र औचित्य रक्षा पर्दछन् ।[घट] भने भाव तत्वअन्तर्गत सुकुमार संवेदन, रागात्मक, ध्वन्यात्मकता र चित्तको तरलता पर्दछन् ।[घठ] राम्रा निबन्धमा बद्धितत्व र भाव तत्व

### २.३.२. शैली

अन्य साहित्यिक विधाका तुलनामा निबन्धमा शैलीको महत्व विशेष हुन्छ । शैलीले निबन्धलाई प्राणवान र जीवन्त बनाउन सक्छ । निबन्धकारको निजीपन र व्यक्तित्वको परिचायक शैली नै हो । यो भाव र भाषाको संगमबाट निर्मित हुन्छ । विचार वा भाव निबन्धको आत्मा, भाषा, शरीर र शैली निबन्धको जीवन वा प्राण हो ।38 अर्को पक्षमा शैलीका लागि निरन्तर प्रवाह पनि

36 केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १७१।
37 गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. १७ ।
38 जयनाथ नलिन, पूर्ववत्, पृ. २९ ।

त्यत्तिकै अपेक्षित हुन्छ । क्रम सङ्गति, सङ्गठन र अन्विति शैलीका आन्तरिक गुण हुन् ।[39] प्रत्येक निबन्धकारका शैली आ-आफ्नै प्रकारको हुन्छ । निबन्धकारको भाषा सरल, सहज, कोमल, हार्दिक, हृदयस्पर्शी हुनुपर्छ । निबन्धकार जुन भाषामा निबन्ध लेख्छ त्यस भाषालाई उसले राम्रोसँग खेलाउन सक्ने हुनुपर्छ । कहीँ कतै उखान -टुक्का, कतै गहन तथ्य तथ भाव प्रधान भाषाको प्रयोग गर्न सकिन्छ । निबन्धमा प्रयोग गरिने शब्द विषयानुकूल, रोचक र अर्थबोधक हुनुपर्छ ।

भाषाका दृष्टिले निबन्धका मूलतः तीनवट शैली हुन्छन् : संयक्त शैली, भावुक शैली र व्यङ्ग्य शैली ।[40]

### (क) संयुक्त शैली

संयम र नियन्तरणको मात्रा बढी रहने शैली संयुक्त शैली हो । यसमा भावको अधिनमा निबन्धकार नभएर निबन्धकारको अधिनमा भाव रहन्छ । संयुक्त शैलीले पाठकलाई बिस्तार बिस्तार प्रभाव पार्दछ । यस शैलीले पाठकलाई एकै साथ झ्याप्प छोपेर अन्यौलमा पार्दैन । यसमा ठट्टा मजा र हार्दिकता रहन्छन् । कुनै विचार वा अनुभूतिलाई उत्कर्षमा पुऱ्याउन यसमा क्रमिक प्रभावको व्यवस्था हुन्छ र प्रायः बुद्धिले काम गरेको हुन्छ ।[41]

### (ख) भावुक शैली

भावुकताको अधिकाधिक प्रस्तुति भावुक शैलीको गुण हो । यस्तो शैलीमा विगतका अनुभवहरूलाई कल्पनाले सिङ्गारेर अतिरञ्जित किसिमले व्यक्त गरिएको हुन्छ ।[42] यसमा अनुभव, अनुभूति र कल्पना घुलमिल भएर आउँछन् । भावुक शैलीको भाषा कवितात्मक

39 गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. १८ ।
40 गोपीकृष्ण शर्मा, पूर्ववत्, ।
41 पूर्ववत्, पृ. १९ ।
42 पूर्ववत् ।

संवेदनशीलताले भरिएको हुन्छ । यस शैलीमा निबन्धकार कुनै बाधा अवरोधविना र प्रायः अव्यवस्थित ढङ्गले आफ्ना कुरा प्रकट गर्दछन् ।

### (ग) व्यङ्ग्य शैली

भावलाई भाषामा चमत्कारपूर्ण ढङ्गले प्रस्तुत गर्ने शैलीलाई व्यङ्ग्य शैली भनिन्छ । व्यङ्ग्य शैलीमा एउटा कुरा भनेझैं अर्को कुरा भनिन्छ । यसमा ठट्टा मजाक एवम् छेडछाड पनि रहन्छन् । व्यङ्ग्यले विसङ्गत र रुढी सम्पूर्ण तत्वको उछितो पार्न क्षमता प्राप्त गरेको हुन्छ ।[43] व्यङ्ग्य शैलीमा निबन्धकारको भाषा र भावमाथि एकाधिकार हुन्छ ।

भाषाका आधारमा शैली मूलतः दुई प्रकारका छन्- समस्त शैली र सरल शैली ।[44]

### (क) समस्त शैली

समस्त शैलीलाई समास शैली पनि भन्दछन् । साधारण नभएर विशिष्ट भाषाको प्रयोग गर्नु समास शैलीको लक्षण हो । यसमा भाषाको विस्तार र भावको शून्यता बढी रहन्छ । कठिन शब्द, लामा वाक्य, पुरुह संरचना समास शैलीका विशेषता हुन् ।[45] यसमा मिश्र र संयुक्त वाक्यको आधिकाधिक प्रयोग गरिन्छ । भाषिक शब्दजाल बिछ्याएर पाठकलाई अलमल पार्नु समास शैलीको आफ्नो विशेषता पनि हो ।

### (ख) सरल शैली

सरल शैलीलाई प्रसाद शैली पनि भनिन्छ । यसको भाषा सहज र सरल हुन्छ । साधारण र बहुप्रचलित शब्द छोटा वाक्य र सुबोध अभिव्यक्ति यो शैलीका विशेषता हुन् ।[46] आधुनिक

---

43 राजेन्द्र सुवेदी, पूर्ववत् पृ. ३९ ।
44 मोहनप्रसाद तिमिल्सिना, **नेपाली निबन्धको चरण निर्धारण र चरणगत वैशिष्ट्यको विश्लेषण**, अप्रकाशित, **लघु अनुसन्धान प्रतिवेदन**, त्रि.वि., २०४१ पृ. ९ ।
45 गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. २० ।
46 पूर्ववत्, पृ. २० ।

निबन्धमा प्रसाद शैली बहुप्रचलित छ । जस्तो सुकै गहन विषयवस्तु पनि सामान्य किमिसले सुमधुर र सहज भाषामा प्रस्तुत गर्ने शैली सरल शैली हो ।

### २.३.३. उद्देश्य

निबन्ध रचनाको कुनै न कुनै उद्देश्य हुन्छ । निबन्धकारले आफ्ना निबन्धका माध्यमबाट आफ्ना भावना, विचार, अनुभव र अनुभूतिलाई पाठकसमक्ष प्रस्तुत गर्नु नै निबन्धकारको मुख्य उद्देश्य रहेको हुन्छ तर निबन्ध लेखनको मूल उद्देश्य पाठकलाई उपदेश दिनु नभई सूचना दिनु र आत्मप्रकाशन गर्नु हो ।[47] निबन्ध रचनाका दुई प्रकारका उद्देश्य हुन्छन्- आत्मप्रकाशन र सूचनात्मकता ।[48]

(क) निबन्ध रचनाका लागि वस्तु र शैली मात्र पर्याप्त हुँदैनन् । निबन्धकारमा 'स्व' को प्रकाशन गर्ने खुलदुली पनि हुनु जरुरी छ । विषयका माझबाट निजी दृष्टिकोण र अनुभूतिका झिल्का झिल्कीहरू निबन्धमा देखिएकै हुन्छन् । त्यसैले निबन्ध व्यक्तित्वको परिचायक हुन्छ र निबन्धकारले यसका माध्यमबाट 'स्व'को चिनारी गराउँछ । अर्कातर्फ निबन्धकारको सोचाइ र अभिव्यक्ति शिल्पको परख गर्ने कसी पनि निबन्ध हो । निजात्मक निबन्धमा यसखालको प्रक्रिया बढी सक्रिय रहन्छ, त्यसो हुनाले 'आत्मप्रकाशन' निबन्धको एक उद्देश्य हो । परात्मक निबन्धमा पनि थोरै धेरै आत्म प्रकाशन भएकै हुन्छ ।[49]

(ख) सूचनात्मकता- निबन्ध रचनाको अर्को उद्देश्य सूचनात्मकता हो । यसमा रचनाकारको अनुभवसम्बन्धी सूचनाहरू रहन्छन् । एउटा असल मित्रले झैं निबन्धकार आफ्ना पाठकलाई निबन्धको माध्यमबाट केही भनिरहेको हुन्छ, सूचना प्रदान गरिरहेको हुन्छ । जीवन र जगतका यथार्थ वा काल्पनिक जुनसुकै पक्षका बारेमा पनि छोटे गद्य विधाका माध्यमबाट निबन्धले सूचना दिने काम गर्दछ । निबन्धकार आफ्ना पाठकलाई पूर्णरूपमा विश्वासमा लिने प्रयास स्वरूप केही कुरा भनिरहेको हुन्छ । यही नै निबन्धको सूचनात्मकता हो ।

47 केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १७२ ।
48 गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. २१ ।
49 पूर्ववत्, पृ. २५ ।

यसरी वस्तु, शैली र उद्देश्य निबन्धका आवश्यक तत्व हुन् । गहिरिएर, खोजिपस्दा निबन्धका अन्य तत्व पाइएलान् तर हरेक निबन्धमा यी तत्व रहेकै हुन्छन् ।

## २.४. निबन्धको वर्गीकरण

निबन्ध विधाको आध रूप फ्रेन्च लेखक मोन्तेनले ठम्याएका हुन् र यसपछि बेलायतक फ्रान्सिस बेकनले निबन्धको अर्को खालको व्याख्या गरेका हुन् । यसरी मोन्तेनको धारणा अनुकूल निजात्मक वा व्यक्तिनिष्ठा निबन्ध र बेकनके धारणाअनुकूल परात्मक वा विषयनिष्ठ निबन्ध भनी दुई खालको वर्गीकरणको धारा सुरुदेखि नै चल्दै आएको हो ।[50] पछि जति-जति निबन्ध साहित्यको विकास हुँदै गयो उति-उति निबन्धको प्रकृति, स्वरूप र सङ्गठनभित्र पसेर यसको विभाजन तथा वर्गीकरण गर्ने प्रयास भइरहेको हुन्छ ।

साहित्यका विभिन्न विधामध्ये निबन्ध कान्छो गद्य विधा हो । विषयवस्तु र भाषा शैलीको विविधता तथा रचनात्मक अनेकताका कारण निबन्ध स्वयम् जटिल बन्न पुगेको देखिन्छ । त्यसैले यसको अध्ययनमा सरलता ल्याउन निबन्धको वैज्ञानिक तथा व्यावहारिक वर्गीकरण हुन आवश्यक भएको छ ।[51]

विभिन्न विद्वान्हरूले विषयवस्तु, भाषाशैली, प्रवृत्ति, व्यक्तित्वको प्रधानता र गौणतका आधारमा निबन्धको वर्गीकरण गरेको पाइन्छ । पाश्चात्य जगत्मा निबन्धसम्बन्धी आत्मपरक र वस्तुपरक गरी दुई भिन्न धारणा देखा परेको पाइन्छ । मोन्तेन आत्मपरक निबन्धको पक्षमा छन् भने बेकन निबन्धको वस्तुपरक पक्षमा छन् । हिन्दी साहित्यका विशिष्ट समीक्षक तथा इतिहासकार रामचन्द्र शुक्लले निबन्धको वर्गीकरण गर्ने क्रममा शैलीलाई मुख्य आधार बनाएर **विचारात्मक**, **भावनात्मक** र **वर्णनात्मक** गरी तीन किसिमले वर्गीकरण गरेका छन् । विषय र प्रवृत्तिका आधारमा विश्वनाथले आत्मनिष्ठ र वस्तुनिष्ठ गरी दुई किसिमले वर्गीकरण गरेका छन् ।[52]

---


50 गोपीकृष्ण शर्मा, २०६३, पृ. २६ ।
51 रामचन्द्र शुक्ल, पूर्ववत्, पृ. ४८२ ।
52 विश्वनाथ प्रसाद, **कला एवम् साहित्य**, (विहार, हिन्दी ग्रन्थ अकादमी, ई. १९७३), पृ. १६५ ।

जयनाथ नलिनले निबन्धलाई निजात्मक र परात्मक गरी दुई किसिमले वर्गीकरण गरेको पाइन्छ ।[53]

नेपाली साहित्यमा ईश्वर बरालले निबन्धलाई निजात्मक र परात्मक गरी दुई भागमा वर्गीकरण गरेको पाइन्छ ।[54] बालकृष्ण पोखेलले निबन्धलाई विषयवस्तुका आधारमा जमर्का र प्रबन्ध गरी वर्गीकरण गरेका छन् ।[55]

निबन्धमा शैली र प्रवृत्तिभन्दा अधिकतर व्यक्तित्वको प्रभाव पर्ने भएकाले निबन्धलाई व्यक्तित्वके प्रधानता र गौणताका आधारमा मूल रूपमा आत्मपरक र वस्तुपरक गरी दुई भागमा बाँड्न सकिन्छ । आत्मपरक निबन्धलाई विचारात्मक, भावनात्मक र वैयक्तिक गरी तीन भागमा र वस्तुपरकतालाई निबन्ध र प्रबन्ध गरी दुई भागमा वर्गीकरण गरी निबन्धलाई वर्णनात्मक र विवरणात्मक गरी दुई भागमा विभाजन गर्नु उपयुक्त देखिन्छ ।[56]

निबन्धको यस वर्गीकरणलाई निम्नानुसार प्रस्तुत गरिन्छ :




## २.४.१. आत्मपरक निबन्ध

53 जयनाथ नलिन, पूर्ववत्, पृ. १४ ।
54 ईश्वर बराल, पूर्ववत्, पृ. १८ ।
55 बालकृष्ण पोखेल, **कलेजस्तरका निबन्धै निबन्ध**, (काठमाडौँः सहयोगी प्रकाशन, २०२७), पृ. ९ ।
56 गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. २४ ।

आत्मपरक निबन्धलाई निजात्मक निबन्ध पनि भनिन्छ । यस्ता खालका निबन्धमा व्यक्तिको मुख्य स्थान हुन्छ भने विषयको गौण स्थान हुन्छ । व्यक्तिका निजी अनुभव, विचार र विद्वताहरू यस्ता निबन्धमा बढी मात्रामा प्रकट हुन्छन् । यस्ता निबन्धमा विषय भन्दा लेखकको व्यक्तित्वको आत्माभिव्यक्तिको प्रस्तुति हुने हुनाले बाहिरी वस्तुहरू व्यक्तिको व्यक्तित्व प्रस्तुत गर्ने साधन मात्र मानिन्छन् । आत्मपरक निबन्ध लेखकको सेरोफेरोसँग सरोकार राख्दछ र यो मन्मय हुन्छ ।[57] आत्म प्रकाशनका निम्ति स्रष्टाले आफ्ना अनुभूति यात्रामा पाठकलाई डोऱ्याउँछ । यसरी मन, आत्मा, विवेकजस्ता विषय र राष्ट्र राष्ट्रियता अनुशासन प्रकृति सौन्दर्यताजस्ता वस्तु पनि आत्मपरक निबन्धका विषय हुन सक्छन् । सामान्यतया स्रष्टाको व्यक्तित्व सशक्त भएका जुनसुकै वस्तु पनि आत्मपरक निबन्धमा राख्न सकिन्छ । यसरी निबन्धकारका भावना, विचार तथा दृष्टिकोण निजात्मक निबन्धलाई भावात्मक, विचारात्मक र वैयक्तिक गरी तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

### (क) भावात्मक निबन्ध

विचार र वैयक्तिक अभिव्यक्तिभन्दा भावपक्ष प्रबल भएको निबन्ध भावात्मक निबन्ध हो । यस्तो निबन्धमा स्रष्टा संवेदनशील रहन्छन् र आफ्ना अनुभूतिजन्य भावलाई व्यक्त गर्न अग्रसर देखिन्छ । भावात्मक निबन्धमा अमूर्त भावात्मक विषयहरू जस्तै आशा, निराशा, प्रेम, करुणा, परोपकार, देशभक्ति आदिलाई संवेदनात्मक तुल्याई सरल आलङ्कारिक पदावलीमा प्रस्तुत गरिन्छ ।[58] भावात्मक निबन्धमा निबन्धकार सधैं भावमा बग्छ, त्यहाँ डुबेर वस्तुलाई गौण बनाइ आफु बहुकिने हुनाले त्यस्ता निबन्धमा कल्पनाको प्रधान्य रहन्छ । यस्ता निबन्धमा तर्क बितर्कको कुनै स्थान हुँदैन हृदयका उदात्त अनुभूतिहरू तीव्र भावना र चरम भावुकता पाइन्छ ।[59] भावात्मक निबन्धमा लक्षणा र व्यञ्जनाशक्तिको प्रयोग बढी हुन्छ । यस्ता निबन्धको भाषाशैली पनि सरल, सरस र आलङ्कारिक हुन्छ । भावात्मक निबन्धमा लेखकले वस्तुको वर्णन भावना र कल्पनाका सहारामा अत्यन्त रागात्मक र कलात्मक रूपले गरेको हुन्छ ।

---

57 ईश्वर बराल, पूर्ववत्, पृ. १८ ।

58 केशव प्रसाद उपाध्याय, पूर्ववत्, पृ. १६९-१७० ।

59 जयनाथ 'नलिन', पूर्ववत्, पृ. २२ ।

## (ख) विचारात्मक निबन्ध

विचारात्मक निबन्धमा बुद्धि वा विचारको प्रबलता हुन्छ । बुद्धि र हृदय दुवै आन्तरिक पक्ष भएकाले लेखकलाई यस्ता निबन्धमा खास गरी तर्क र बौद्धिक व्यायामको आवश्यकता पर्दछ । विचारात्मक निबन्धमा लेखकले विषयको वर्णन गर्दै आफ्ना मत सिद्धान्त स्थापित गर्ने प्रयास गरिरहेको हुन्छ । यस्ता विषयमा कला, काव्य, राजनीति, धर्म, दर्शन, विज्ञान, शिक्षा, समाजशास्त्र मनोविज्ञानजस्ता विचार प्रधान विषयहरूको प्रस्तुति हुन्छ ।[60] जुन विषयमा निबन्ध लेखे पनि त्यस्ता विषयमा लेखकका वैयक्तिक चिन्तन समेत प्रस्तुत भएका हुन्छन् । यसमा निबन्धकारको कल्पना, भावनाले पूर्ण रूपमा खेल्ने मौका पाएको हुन्छ तापनि मात्रात्मक दृष्टिले हेर्दा बुद्धिपक्षकै प्राबल्य रहन्छ । विचारहरूको तारतम्य, रोचकता विषयगत गहनता विचारात्मक निबन्धका विशेषता हुन् ।[61] खँदिला वाक्य र अनुच्छेदमा अभिव्यक्त हुने विचारात्मक निबन्धको भाषाशैली कसिलो सुगठित र आलाङ्कारिक हुन्छ ।

## (ग) वैयक्तिक निबन्ध

मूलतः व्यक्तित्वको प्रकटीकरण भएका निबन्धलाई वैयक्तिक निबन्ध भनिन्छ । यसमा निबन्धकारका भावुकताको आत्मप्रकाशन हुन्छ । वैयक्तिक निबन्धको विषयवस्तु स्वयं स्रष्टा नै हुन्छ । यस्ता निबन्धमा निबन्धकारका नितान्त वैयक्तिक अनुभूति वा हर्ष-विस्माद, सुख-दुःख जस्ता भावहरू प्रस्तुत भएका हुन्छन् । वैयक्तिक निबन्धमा निबन्धकारले आफ्नो निजी मनको भावलाई रागात्मक रूपमा प्रस्तुत गर्दछन् ।[62] अन्तर्मुखी प्रवृत्ति, अनौपचारिकत र आत्माभिव्यञ्जना वैयक्तिक निबन्धका खास विशेषता हुन् । वैयक्तिक निबन्धलाई निश्छल,

---

60 केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १६९ ।

61 गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. २५ ।

62 ईश्वर बराल, पूर्ववत्, पृ. १९ ।

निस्कपट र मित्रवत् गफ गराइका शैलीमा प्रस्तुत गरिन्छ। नढाँटी आफ्ना मनका भाव पोखिने हुनाले यस्ता निबन्धमा निबन्धकारको आत्मप्रकाशन भएको हुन्छ।[63]

### २.४.२. वस्तुपरक निबन्ध

वस्तुपरक निबन्धलाई विषय प्रधान र निर्वैयक्तिक निबन्ध पनि भनिन्छ। यो निबन्ध विषयकै वरपर घुम्छ र यस्ता निबन्धमा स्रष्ट तटस्थ रही वस्तुको चिनारी गराउँछ र आफ्ना अनुभूतिमा नभै वस्तुतथ्यको विशेष प्रकाशन गर्दछ। यस्त निबन्धको प्रमुख लक्ष्य आत्मप्रकाशन नभई सूचनात्मकता हुन्छ।

वस्तुपरक निबन्धको विषय इतिहास दर्शन, विज्ञान, भ्रमण, प्रकृति आदि रहन सक्छन्। परात्मक निबन्धमा बाह्य वस्तुको चिनारी गराउने गरिन्छ।[64] विषयवस्तुको वर्णन र विवरणको प्रस्तुति नै परात्मक निबन्धके मुख्य विशेषता हो। परात्मक निबन्धमा निजानुभूतिको वास्ता नगरी 'पर' वा वस्तुसत्यको यथार्थ चित्त प्रस्तुत गर्नु निबन्धकारको मूल लक्ष्य हुन्छ। विषयवस्तुगत वर्णन र विवरणको प्रधानताका आधारमा परात्मक निबन्धलाई दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ : वर्णनात्मक र विवरणात्मक।

#### (क) वर्णनात्मक

कुनै पनि वस्तुः घटना, प्रकृति आदिको वर्णन गरिएका निबन्धलाई वर्णनात्मक निबन्ध भनिन्छ। कुनै वस्तुबारे नालीबेली छुट्टाउँदै वर्णन गर्नु त्यसको वास्तविक स्वरूप प्रस्तुत गर्नु आफ्नो वस्तुमूलक दृष्टि पाठक समक्ष राख्नु वर्णनात्मक निबन्धको उद्देश्य हुन्छ। वर्णनात्मक निबन्धमा विचार, अनुभूति, कल्पना, सबैले वर्णनलाई प्राणवान, मोहक, आकर्षक र रसिलो बनाउनको लागि महत्वपूर्ण भूमिका खेल्दछन्।[65] यसमा निबन्धकारको गहन चिन्तन र मौलिक जीवन दर्शनको अपेक्षा राखिदैन, केवल निजी भावनाले निबन्धलाई सिगार्ने काम मात्र

63 गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. १८।
64 ईश्वर बराल, पूर्ववत्, पृ. १८।
65 जयनाथ 'नलिन', पूर्ववत्, पृ. १८।

हुन्छ । वर्णन शैलीमा रोचकता ल्याउन अलङ्कारमय प्राञ्जल भाषाको प्रयोग यसमा गरिन्छ । यसमा सरल, सुबोध, प्राञ्जल र आलङ्कारिक भाषाशैलीको प्रयोग गरिएको हुन्छ । सरल र सुबोध वर्णनको अपेक्षा गरिने हुँदा वर्णनात्मक निबन्धमा प्रसाद शैलीको प्रयोग गरिन्छ ।

### (ख) विवरणात्मक

कुनै पनि घटना, वृत्तान्त र परिवेशको वेलीविस्तार प्रस्तुत गरिएका निबन्धलाई विवरणात्मक निबन्ध भनिन्छ । घटनाको क्रमबद्ध प्रस्तुति यो निबन्धको मुख्य लक्ष्य हुन्छ र यसमा मूलतः इतिहास सम्बद्ध वस्तु हुन्छन् । घटनामा लेखकको आत्मीयता र व्यक्तित्वको छाप प्रधान विशेषताका रूपमा रहेको हुन्छ ।[66] विवरणात्मक निबन्धमा थोर बहुत आत्मप्रकाशन रहे तापनि विशेष गरी ऐतिहासिक तथ्यका खोजमा केन्द्रीत रही ती तथ्यको सिलसिलाबद्ध संयोजन गर्दै पाठकमा उब्जने आकर्षणलाई तर्क र प्रमाणद्वारा सूचित गरी विषयवस्तुको इतिवृत्त दिइएको हुन्छ । वृत्तान्तमा आधारित रहेर पनि इतिहासभन्दा भिन्न तरिकाले विवरणात्मक निबन्धमा घटना वर्णनलाई प्रभावकारी रूपमा लिन सकिन्छ ।[67] विवरणात्मक निबन्धमा कथातत्व पनि आउन सक्छ । यस्ता निबन्धमा घटनाको कार्य कारण श्रृङ्खला मिलेको हुन्छ । विवरणात्मक निबन्धमा भावना, कल्पना र विचारतत्व आउने भए पनि निबन्धकार विषयप्रति नै बढी सजग रहन्छ । सरल, सुबोध र व्यास शैलीका माध्यमबाट विवरणात्मक निबन्धमा घटना र वृत्तान्तको सुसम्बद्ध प्रस्तुति गरिन्छ ।

## २.५. नेपाली निबन्धको विकासक्रम

नेपाली गद्यको प्रारम्भमा नेपाली निबन्धको पनि गर्भाधान भयो र आजसम्म यसको विकास चलिरहेको छ । यस समयसम्ममा विभिन्न प्रतिभाहरूका नयाँ नयाँ प्रयोग र लेखनबाट नेपाली निबन्धको आफ्नो समुन्नत रूप प्राप्त गरिसकेको पाइन्छ । यसक्रममा यहाँ सङ्क्षिप्त रूपमा

---

66 केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १६९ ।
67 गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. १५ ।

नेपाली निबन्धको विकासक्रमको चर्चा प्रस्तुत गर्दै नेपाली निबन्ध परम्परामा आनन्ददेव भट्टको आगमन र उनको निबन्धयात्रालाई प्रस्ट पारिन्छ ।

### २.५.१. नेपाली निबन्धको इतिहास

नेपाली साहित्य परम्परामा निबन्ध अपेक्षाकृत कान्छो विधा मानिए तापनि यसको ऐतिहासिकता चाहीँ गद्य साहित्यको इतिहासकै सापेक्षतामा खोज्नु पर्ने हुन्छ । यो आख्यानेत्तर गद्य विधा भएकाले नेपाली गद्यको इतिहाससँग यसको पनि इतिहास जोडिएको छ । नेपाली भाषाको उद्‌भवसँगै, अभिलेख, तमसुक, ताम्रपत्र, स्वर्णपत्र, औषधीमूलोका पाठ्य पुस्तकहरू, राजकाजको यात्रासम्बन्धी अध्यादेश, अभिलेखीय गद्यांशहरू देखा पर्दछन् र यिनै प्राचीन गद्यका नमूनालाई निबन्धको पृष्ठभूमिकालीन अनुहार मान्न सकिन्छ । नेपाली वाङ्‌मयका प्राचीन अभिलेखमा पाइने पुराना गद्यहरूसँगै यस विधाले आफ्नो आधारशीला सिर्जेको छ र यिनै अभिलेखीय परम्पराबाट प्रारम्भभैं पृथ्वीनारायण शाहको 'दिव्योपदेश' (१८३१) सिर्जना पूर्वको अवधि यसको पृष्ठभूमिका रूपमा देखा पर्दछन् ।

दिव्योपदेशको गद्य लेखनदेखि लिएर आजसम्मको विकासक्रम हेर्दा नेपाली निबन्धलाई तीन चरणमा विभाजन गरी प्रस्तुत गर्न उपयुक्त हुन्छ ।

### २.५.२. प्राथमिक काल (१८३१-१९५७)

नेपाली गद्यको प्रारम्भक सुन्दर नमुना पृथ्वीनारायण शाहको 'दिव्योपदेश' (वि.सं. १८३१) मा देख्न सकिन्छ । जहाँ गद्यको स्वतन्त्र गति पाइनुका साथै विचार र चिन्तनको पनि विशेष प्रयोग भेटिन्छ । त्यसैले यसलाई नेपाली निबन्धको पहिलो रचना र नेपाली निबन्ध विधाको आद्यप्रारूप मान्न सकिन्छ ।[68] निजात्मकरूपमा प्रस्तुत भएको यो कृतिमा आख्यानेत्तर गद्य र विचारको प्रस्तुतिमा स्वत्वको प्रभाव रहेको छ ।

68 केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १२७ ।

दिव्योपदेशपछि देखा परेका, उल्लेखनीय कृति मध्ये रामचन्द्र पाध्याय रेग्मीको 'लक्ष्मी धर्म सम्वाद' (१८५१), वाणी विलास पाँडेको 'वाग्मती पुल स्तम्भ अभिलेख' (१८६८), देवकेशरी अर्यालको 'गोरक्षयोगशास्त्र' (१८७७), यदुनाथ उपाध्यायको 'रतिकोषसार' (१८८५), सुन्दरानन्द बाँडाको 'त्रिरत्न सौन्दर्यगाथा' (१८८९-९०) अज्ञात लेखकको 'जङ्गबहादुरको बेलायत यात्रा' (१९१०), बेनामी बत्तीस सालको 'रोजनाम्चा' (१९३२), मोतीराम भट्टको 'कवि भानुभक्त आचार्यको जीवन चरित्र' (१९४८) र चिरञ्जीवी शर्माको 'आफ्नु कथा' (१९५५) आदिलाई नेपाली गद्यको ऐतिहासिक विकासका महत्वपूर्ण उपलब्धी मान्न सकिन्छ ।[69] नेपाली गद्य लेखनलाई विकसित तुल्याउने क्रममा यिनको भूमिका उल्लेखनीय रहेको छ ।

विकसित भाषामा लेखिएको नेपाली निबन्धको प्रारम्भिक कालीन स्वरूपलाई हेर्दा मौलिकताको उचाइमा पुगेको विषयगत विविधतामा छरिएको स्तरीय गद्यसँगै हुर्किएको देखिन्छ । यिनै महत्वपूर्ण घटना सामयिक मोडमा सामूहिक प्रस्तुति बन्न गएका विविध रचनाहरू प्राथमिक कालीन स्वरूप र प्रयोग मानिन्छन् ।

### २.५.३. माध्यमिक काल (१९५८-१९९१)

गोरखापत्र (वि.सं. १९५८) को प्रकाशन हुन थालेपछि नेपाली निबन्धको माध्यमिक काल आरम्भ हुन्छ । यसमा निबन्ध नै भनी किटान गर्न नसकिए पनि निबन्धात्मक र प्रबन्धात्मक प्रवृत्ति भएका थुप्रै आख्यानेत्तर गद्य रचनाहरू प्रकाशित भएका छन् । नेपाली निबन्धको प्रारुप निर्माणको लागि यस पत्रिकाको महत्वपूर्ण योगदान रहेको छ । यसमा बेनामी लेखकक 'अघि मूर्खपछि बुद्धिमान' (१९५९), 'वसन्त वर्णनम' (१९६१), 'मातृभाषाको उन्नति' (१९६६), 'निक्ष' (१९६६), 'वफादारी' (१९७०), 'शिशु शिक्षा' (१९७०), 'हावा' (१९७३) आदि । त्यस्तै नामाङ्कित गद्य कृतिहरूमा शम्भुप्रसाद ढुङ्गेलको 'समय' (१९७६), 'प्रभात' (१९७६), 'हेर्दम याद राख्नु पर्ने कुरा' (१९७६) र 'कविताको फल' (१९७७) तथा बैजनाथ सेढाइको

69 दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, आ. सं., (काठमाडौं: साझा प्रकाशन, २०६३), पृ. १२२-१२३ ।

'तातोपानी र अमिलो पानी' (१९८२) आदि यस पत्रिकाम निबन्धको प्रारम्भिक रूपरेखा निर्माणको लागि यी रचनाहरू प्रकाशित भएका छन् ।[70]

गोरखापत्रको प्रकाशनपछि पनि अनेकौं पत्रपत्रिकाका माध्यमबाट नेपाली निबन्धले विकसित हुने मौका पायो । यस समयावधिमा **सुन्दरी** (१९६३), **माधवी** (१९६५), **चन्द्र** (१९७१), **गोर्खाली** (१९७२), **चन्द्रिका** (१९७४), **जन्मभूमि** (१९७९), **गोरखासंसार** (१९८३) र **नेपाली साहित्य सम्मेलन** (१९६३) आदि पत्रिकाहरूको उल्लेख्य योगदान रहेको छ । **सुन्दरी** (१९६३) पद्य प्रधान पत्रिका भए पनि यसमा **बेसरी** शीर्षकको निबन्धात्मक लेख र देवीदत्त शर्माको **उचित चर्चा** (१९६५) शीर्षकको लेख रचना प्रकाशित भएको पाइन्छ ।[71] **माधवी**मा प्रकाशित राममणि आ.दी. को **कवितारीति** (१९६५) (१९६६) महत्वपूर्ण निबन्धात्मक कृति हो साथै यस पत्रिकामा प्रकाशित धर्मदत्त शर्मा, रामप्रसाद सत्याल, जय पृथ्वीबहादुर सिंह, मानसिंह अधिकारी, हरिहर आ.दी., दुर्गादेवी आ.दी., कुलचन्द्र गौतम आदिका गद्य लेख रचनाहरू उल्लेखनीय छन् ।[72]

गद्य प्रधान चन्द्र पत्रिकामा पद्मनाथ सापकोटाको **परिश्रमको विभाग** (१९७१), सूर्य विक्रम ज्ञवालीको **सोक्रेरिजको बहस** (१९७१) बैजनाथ सेढाइँको **हेमन्त ऋतु वर्णन** (१९७१), पारसमणि प्रधानको **अध्यवसाय** (१९७२) र **विधा** (१९७२) आदि विविध विषयका लेख रचनाहरू प्रकाशित छन् ।[73] गोर्खाली (१९७२) मा शम्भुप्रसाद ढुङ्गेल, पारसमणि प्रधान, पद्मनाथ सापकोटा आदिका वस्तुपरक निबन्धात्मक रचनाहरू प्रकाशित भएका छन् ।[74]

दार्जिलिङको खरसाङबाट प्रकाशित शम्भुप्रसाद ढुङ्गेलको **महेन्द्र मल्ली** (१९७५) पहिलो आत्मपरक निबन्ध हो ।[75] यस पत्रिकाम शम्भुप्रसादकै **चन्द्रिका** (१९७५), **प्रेम** (१९७५) साथै सूर्यविक्रम ज्ञवाली, दुर्गादेवी आ.दी., रामप्रसाद उपाध्याय, प्रभाकर आदिका

70 ऐजन ।
71 ऐजन ।
72 पूर्ववत्, पृ. १२४ ।
73 ऐजन ।
74 राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ५७ ।
75 केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १७२ ।

निबन्धहरू पनि यसमा प्रकाशित छन् ।[76] वि.सं. १९७९ मा 'उदाएको जन्मभूमि' पत्रिकामा कृष्णप्रसाद कोइराला, धरणीधर कोइराला, रामचन्द्र अधिकारी आदिका विचारात्मक तथा भावात्मक निबन्धहरू प्रकाशित भएका छन् ।[77] यस्तै **गोर्खासंसार** (१९८३) म विधवती नहान, मानवीर रसाइली, हर्षबहादुर राई आदिका समाज सुधारक र राजनैतिक चेतना भएका निबन्ध प्रकाशित भएका छन् ।[78] वि.सं.१९८९ को **नेपाली साहित्य सम्मेलन** पत्रिकामा सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, रूपनारायण सिंहका साहित्य सेवा, चरित्र सुधार, नैतिकता आदि विषयका निबन्धहरू प्रकाशित देखिन्छन् ।[79] यस कालका निबन्धमा भाषा, साहित्य, चरित्र सुधार, नैतिकता र राष्ट्रिय उत्थानको आकाङ्क्षाका साथै औपदेशिकता, सामाजिक र जातीय सुधारवादी चेतना पनि प्रस्तुत गरिएको पाइन्छ । यस कालका निबन्धमा संरचनागत शिथिलता र भाषिक स्थिरताको अभाव देखिन्छ भने ती प्रायः वर्णनात्मक र विवरणात्मक किसिमका छन् । माध्यमिक कालीन निबन्धमा व्यक्तिको वैयक्तिक अभिव्यञ्जना र दार्शनिक उच्चता न्यून रहे पनि नेपाली पनको उत्थानका लागि आह्वान गरिएको छ । यस कालमा स्वदेश तथा विदेशबाट स्वतन्त्र चिन्तन सहित स्रष्टाहरूले दर्जनौ रचनाहरूको सिर्जना गर्दै प्रजातान्त्रिक, सामाजिक वातावरणको सन्देश छर्दै नेपाली निबन्धको आधुनिक युगलाई बलियो पृष्ठभूमि निर्माण गरेका छन् ।

### २.५.४. आधुनिक काल (१९९२-हालसम्म)

वि.सं. १९९२ मा **शारदा** पत्रिकाको प्रकाशन भएपछि नेपाली साहित्यको इतिहासमा नयाँ अध्यायको सुरुआत भयो । **शारदा**को प्रकाशन नेपाली साहित्य इतिहासमा एक महत्वपूर्ण आयाम हो । **शारदा** (१९९२) बाट नेपाली निबन्ध पनि आधुनिक कालमा प्रवेश गऱ्यो ।[80] यस आधुनिक काललाई विविध चरणमा उपकालको रूपमा राखेर चर्चा गरिएको पाइन्छ ।

76 दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृ. १२५ ।
77 ऐजन ।
78 गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. ३१ ।
79 ऐजन ।
80 दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृ. १२६ ।

विषयगत विविधता शैली तथा प्रयोग र प्रवृत्तिगत विशेषताले गर्दा यस कालमा मूलतः तीन उपकाल मानेर चर्चा गरिनु सान्दर्भिक मानिएको छ ।

(क) प्रथम चरण (१९९२-२००३)

(ख) द्वितीय चरण (२००४-२०१९)

(ग) तृतीय चरण (२०२०-हालसम्म)

यी सबै चरणमा निबन्धात्मक विशेषताको प्रयोग छ र प्रयोगजन्य नवीनताले विविध जगतमा कालखण्डीय अस्तित्व कायम गरेको छ ।

### २.५.४.१. पहिलो चरण (१९९२-२००३)

वि.सं. १९९२ देखि २००३ सालसम्मको समयावधि आधुनिक नेपाली निबन्धको प्रथम चरण हो । आधुनिक नेपाली निबन्धको प्रथम चरण **शारदा** (१९९२) पत्रिकामा प्रकाशित लक्ष्मीप्रसाद देवकोटाको निजात्मक निबन्ध 'आषाढको पन्ध्र'बाट प्रारम्भ भएको हो । देवकोटा प्रथम आधुनिक नेपाली निबन्धकार हुन् भन्ने विषयमा विवाद गरेको पाइन्छ । कतिपय समालोचकहरूले **शारदा**को पहिलो अङ्कमा प्रकाशित बालकृष्ण समको 'बर्दाहामा शिकार' लाई पहिलो आधुनिक निबन्ध भनेको पाइन्छ । तर यो निबन्ध नभएर शिकार विषयक कथा हो भनिएको छ । त्यसैले पनि देवकोटलाई आधुनिक नेपाली निबन्धकार मान्न सकिन्छ । यस चरणमा देवकोटाको अनुदित प्रसिद्ध प्रबन्ध सङ्ग्रह (१९९८) र मौलिक लक्ष्मी निबन्ध सङ्ग्रह (२००२) जस्ता निबन्ध सङ्ग्रहहरू प्रकाशित छन् । देवकोटा मूलतः आत्मपरक निबन्धकार हुन् । उनले आफ्ना निजी जीवनका अनुभवहरूलाई विषय बनाएर रागात्मक, काव्यात्मक र कलात्मक रूपमा प्रस्तुत गरी नेपाली निबन्धको आधुनिक कालको पहिलो चरणमै पूर्ण रूपमा आधुनिकताको सुत्रपात, विस्तार र विकास गरे । यसै समयमा समका 'त्यो' (१९९२), 'पानी' (१९९२), 'प्राकृतिक जीवन' (१९९२), 'आत्मविश्वास' (१९९२), 'भाषा' (१९९८), 'देखेको' (२०१०) आदि निबन्धहरू देखा परे । सम वस्तुपरक धारका निबन्धकार हुन् । उनका निबन्धमा वैचारिकता, वर्णनात्मकता, विवरणात्मकता, तार्किकता, बौद्धिकताजस्ता प्रवृत्तिहरू

पाइन्छन् । देवकोटाले आत्मपरक निबन्धलाई अघि बढाए भने समले वस्तुपरक निबन्धलाई अघि बढाए ।

देवकोटा र समपछि आधुनिक कालको यस चरणमा प्रेमराज शर्माको हास्यव्यङ्ग्य निबन्ध 'पण्डितजीको चिठी' (१९९२), बोधविक्रम अधिकारीको 'फलामे औंठी' (१९९२), सागरमणिको परिचयात्मक निबन्ध 'कलंग दुर्गा' (१९९७), भवानी भिक्षुको यात्रा निबन्ध 'शिमलासम्म' (१९९९) आदि निबन्धहरू प्रकाशित छन् ।[81]

प्रवासबाट पनि नयाँ नयाँ शैलीमा दर्जनौं निबन्ध देखा परे । 'नेपाली साहित्य सम्मेलन' पत्रिकामा धरणीधरको 'साहित्य कुषुमाञ्जली' (१९९२), पारसमणिको 'मदौरु आमाको जोखना' (१९९२) जस्ता निबन्धहरू देखिए भने राष्ट्रिय अस्तित्व बोध गराउने रूपनारायण सिंहको 'जातीय जीवनमा साहित्यको स्थान' (१९९२) र सूर्यविक्रम ज्ञवालीको 'रसमय जीवन' (१९९३) आदिको प्रकाशनपछि पनि यस युगले आधुनिकताको नयाँ रूप लिएको छ ।[82] निबन्धका नयाँ फाँट र तिनका प्रयोगमाा यो प्रयास उपलब्धिमूलक मानिन्छ ।

आधुनिक नेपाली निबन्धको प्रथम चरणको नेतृत्व लक्ष्मीप्रसाद देवकोटाले गरेका हुन् र यस चरणमा स्वच्छन्दतावादी धाराको प्रभुत्व रहेको छ ।[83]

यस्तै तार्किक र बौद्धिक निबन्धहरू लेखेर बालकृष्ण सम यस चरणका दोस्रो विशिष्ट प्रतिभाका रूपमा चिनिन पुग्छन् । यस कालका निबन्धमा आत्मपरक र वस्तुपरक दुवै खाले निबन्धका साथसाथै हास्य व्यङ्ग्यात्मक निबन्धको विकास पनि भएको छ । मौलिक तथा अनूदित निबन्धहरूमा हार्दिकता, बौद्धिकता, शैली शिल्पगत नवीनताका साथै विषयवस्तुगत, संरचना र स्वरूपमा विविधता जस्ता प्रवृत्तिहरू देखिएका छन् ।

### २.५.४.२. दोस्रो चरण (२००४-२०१९)

81 गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. ३५ ।
82 ऐजन ।
83 राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध**, ते. स., (काठमाडौँः पाठ्य सामग्री पसल, २०५६), पृ. १६ ।

नेपाली निबन्धको विकासमा स्वदेश तथा विदेशबाट प्रकाशित विभिन्न पत्रिकाहरूको भूमिका महŒवपूर्ण रहेको छ । यस चरणमा पनि **साहित्य स्रोत** (२००४: काठमाडौं), **युगवाणी** (२००४: बनारस), **भारती** (२००६), **प्रगति** (२०१०), **गोर्खा** (२०११), **नौलो पाइलो** (२०१३) आदि साहित्यिक पत्रिकाहरूको उल्लेख्य भूमिका रहेको छ । **साहित्य स्रोत** पत्रिकामा प्रकाशित हृदयचन्द्र सिंह प्रधानको **तीस रुपियाँको नोट** (२००४), निबन्ध सङ्ग्रहबाट आधुनिक नेपाली निबन्धको पहिलो चरणको समाप्ति र दोस्रो चरणको थालनी भएको हो । उनले **जुँगा** (२००९), **कुरा साँचो हो** (२०११) र **अफसोच** (२०११) जस्ता निबन्ध सङ्ग्रहको प्रकाशन यस चरणमा गरेका छन् । यिनमा देवकोटाको जस्तो कवित्व, कल्पना र भावुकता नपाइए पनि समाज सुधारका भावनाले प्रेरित भएर सरल र प्रभावकारी आत्मपरक शैलीले पाठकहरूलाई आकर्षित गर्न सक्ने क्षमता रहेको पाइन्छ ।[84] आत्मपरकता, वैचारिकता, यथार्थवादी दृष्टिकोण, व्यङ्ग्यात्मकता, भाषिक सरलता आदि यिनका प्रमुख प्रवृत्ति हुन् । यिनी प्रगतिशील निबन्धकार हुन् । देवकोटामा भए जस्तो अध्ययनशीलता, विश्लेषणात्मकता, काव्यात्मकता र अनुभूतिको तीक्ष्णता प्रधानका निबन्धमा पाइँदैनन् तर प्रगतिशीलता र वैचरिकतामा उनी देवकोटा भन्दा माथि उठेका छन् ।[85]

प्रधानले समाजमा रहेका नराम्रा प्रवृत्तिहरूप्रति आलोचना आफ्ना जीवनमा भोगेका सत्य, आफू बाँचेको परिवेश र आफ्नै सुख दुःखलाई निश्चलतापूर्वक भित्रका गफ गराइएका शैलीमा आफ्ना निबन्धमा प्रस्तुत गरेका छन् ।

यस चरणमा देखा पर्ने अन्य निबन्धकारहरूमा बदरीनाथ भट्टराई ‘पच्चीस प्रबन्ध’ (२००८) का साथ देखा पर्दछन् । भीमनिधि तिवारीको ‘पन्ध्र प्रबन्ध’ (२००८) श्यामप्रसाद शर्माको आत्मपरक निबन्ध सङ्ग्रह ‘त तिमी तपाई हजुर’ (२०१४), केशवराज पिडालीको हास्य व्यङ्ग्य निबन्ध सङ्ग्रह ‘खै खै’ (२०१६), चुडानाथ भट्टाराईको दर्शन विषयक निबन्ध सङ्ग्रह ‘निबन्ध चूडामणि’ (२०१६) यस चरणमा प्रकाशित निबन्ध सङ्ग्रहहरू हुन् ।[86]

---

84 रविलाल अधिकारी, **नेपाली निबन्धको विकास**, **गरिमा** (काठमाडौं: वर्ष १३, अङ्क १२, पूर्णाङ्क १००, २०४७), पृ. ६५ ।
85 तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास**, ते. सं. (काठमाडौं: नवीन प्रकाशन, २०५१), पृ. १४० ।
86 गोपीकृष्ण शर्मा, पूर्ववत् , पृ. ३९ ।

बदरीनाथ भट्टराई, भीमनिधि तिवारीहरूबाट परात्मक निबन्धमा गति आएको छ भने प्रेमराज शर्माले सुरु गरेको हास्य व्यङ्ग्य शैलीको विकास केशवराज पिँडालीमा देखा परेको छ । त्यस्तै खोजयुक्त निबन्ध कमल दीक्षितबाट सुरु भएको छ भने आत्मपरक लेखनलाई हृदयचन्द्र र श्यामप्रसाद शर्माले सुधार सन्देशसँगै अगाडि बढाएका छन् ।

यसरी यस चरणमा निजात्मक भन्दा परात्मक निबन्धको आधिक्य हास्य व्यङ्ग्यात्मक परम्परालाई निरन्तरता दिनु विषयको विविधता र क्षेत्रगत अनेकतालाई मुलभूत रूपमा सामाजिक विदुयतामाथि प्रहार गर्दै कलात्मक व्यङ्ग्य प्रस्तुत गर्ने र स्वतन्त्रता तथा सुधारका स्वरूपहरू दिने यावत् क्षेत्रमा यस युगका निबन्धहरू सफल भएका छन् ।

### २.५.४.३. तेस्रो चरण (२०२० देखि हालसम्म)

आधुनिक नेपाली निबन्धको तेस्रो चरणको प्रारम्भ वि.सं.२०२० सालको **रूपरेखा** पत्रिकामा प्रकाशित शङ्कर लामिछानेको 'सम्झनाको लयमा विलीन हुँदै' भन्ने निबन्धबाट भएको हो । यिनका **एब्स्ट्याक चिन्तन पयाज** (२०२४) र **गोष्ठली संसार** (२०२८) गरी दुई निबन्ध सङ्ग्रह प्रकाशित छन् । पाश्चात्य साहित्यको नवीन चिन्तन र वादहरूसँग परिचित लामिछाने मूलतः आत्मपरक निबन्धकार हुन् । उनका निबन्धमा चिन्तन र भावको समन्विति पाइन्छ । भावकै केन्द्रीयतामा विचार, तर्क र चिन्तनलाई प्रस्तुत गर्ने निबन्धकार लामिछानेका निबन्धमा लयात्मक, चित्रात्मक, काव्यात्मक भाषाको प्रयोग पाइन्छ । उनी रचनागत शिल्पमा प्रयोगवादी मान्यता स्थापना गर्ने काममा प्रयत्नरत देखिन्छन् ।[87] प्रयोगवादी शैलीको उत्कर्ष तर्कहरूको विशेषता र भावुकताको छिपछिपेपन निबन्धकार लामिछानेको विशिष्टता हो । अमूर्त लेखन र चेतन प्रवाह पद्धति उनका शैली शिल्पगत विशेषता हुन् । यस चरणका अन्य निबन्धकारहरूमा कृष्णचन्द्र सिंह प्रधान, बालकृष्ण पोखेल, तारानाथ शर्मा, भैरव अर्याल आदि चर्चित देखिन्छन् ।[88]

87 राजेन्द्र सुवेदी, **स्रष्टा सृष्टिः द्रष्टा दृष्टि**, पूर्ववत्, पृ. ११८ ।
88 गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. ४२ ।

कृष्णचन्द्र सिंह प्रधानको **शालिक** (२०२६), **अनाम सत्य** (२०४३), **पाइला आगनम टेकेर** (२०४७) आदि निबन्ध सङ्ग्रहका अतिरिक्त थुप्रै फुटकर निबन्धहरू पनि प्रकाशित छन् । यिनका निबन्धमा समको वस्तुवादीता, देवकोटाको भावमूलक कवितात्मकता र शङ्कर लामिछानेको प्रयोगशीलता समेतको त्रिकोणात्मक समन्वय रहेको छ ।[89]

यस्तै बालकृष्ण पोखेलको **उकुसमुकुस** (२०२९), **कलेज स्तरका निबन्धै निबन्ध** (२०२७), **तेस्रो एकमुखे रुक्षक्षको खोजी** (२०४०) जस्ता निबन्ध सङ्ग्रहहरू प्रकाशित छन् । यिनी जुनसुकै विषयवस्तुलाई विचार र भावले रङ्गाएर सरल र भाषाशैलीमा प्रस्तुत गर्दछन् । संस्मरणात्मक र निजात्मक शिल्पले कतै आख्यानात्मकता र कतै अमूर्तता कतै वस्तुपरकता जस्ता सुन्दर, नमूनाहरू यिनका निबन्धमा पाउन सकिन्छ । [90] दोस्रो चरणमै **नमस्ते** निबन्ध सङ्ग्रह लिएर देखा परेका तारानाथ शर्माका यस चरणमा **जमर्काहरू** (२०२५) र **जीवनका छाल** (२०३०) निबन्ध सङ्ग्रह देखिएका छन् भने **बेलायततिर बरालिँदा** (२०२६) र **पाताल प्रवास** (२०४०) उनका नियात्रा सङ्ग्रह हुन् । शर्माका निबन्धमा जीवनका गहन भाव पक्षलाई केलाउनाको साथै सामाजिक बेमेलमाथि तीतो प्रहार गरिएको पाइन्छ । ध्वन्यात्मक अर्थबाट व्यङ्ग्यबाट अभिव्यक्ति प्रकट गर्ने आधिकारिक व्यक्तित्व शर्माका निबन्धमा भाषामा स्पष्ट अभिव्यक्ति, शुद्ध नेपाली शब्दावली र वाक्यहरूको मर्यादित प्रयोग अनि सरस कथन शैलीको प्रयोग पाइन्छ ।[91] यस चरणमा हास्य व्यङ्ग्यात्मक निबन्ध लेखनलाई उच्चताम पुऱ्याउने काम भैरव अर्यालले गरेका छन् । उनका **काउकुती** (२०१९), **जयभुँडी** (२०२२), **गलबन्दी** (२०२६), **इतिश्री** (२०२८), **दशऔतार** (२०२३) जस्ता निबन्ध सङ्ग्रहहरू प्रकाशित भएका छन् । नेपाली जीवन शैलीका सेरोफेरोमा जे जस्ता विषय परिस्थिति र विसङ्गत अवस्थितिको स्थिति छ त्यसले आफ्न जीवनमा पारेका पर्याप्त प्रभावलाई सङ्गति र विसङ्गतिका चापबाट कोट्याउने, ताछ्ने र दुराचार, परिस्थितिलाई प्रतिस्थापन गर्ने प्रयास उनका निबन्धात्मक रचनामा पाइन्छ ।[92] हास्य व्यङ्ग्यात्मक प्रवृत्तिलाई यस चरणमा श्याम गोतामे, रामकुमार पाँडे, घटोत्कच शर्मा,

---

89 राजेन्द्र सुवेदी, **सृष्ट सृष्टि -दृष्टा दृष्टि**, पूर्ववत्, पृ. ११५ ।

90 ऐजन ।

91 राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध**, पूर्ववत्, पृ. ६१ ।

92 राजेन्द्र सुवेदी, **स्रष्टा सृष्टि-द्रष्टा दृष्टि**, पूर्ववत्, पृ. १५७ ।

मोहनराज शर्मा आदिले अगाडि बढाएको पाइन्छ ।[93] श्याम गोतामेको **मपाइँ** (२०२६), **जदौ** (२०२७), **कायनवाच** (२०३५) आदि, रामकुमार पाण्डेको **ख्यालख्याल** (२०२३), **सन्चै छ ?** (२०२९), **खप्पर** (२०३०), **बाबुको बिहे** (२०३०), **ब्राह्मण** (२०३०), **सिंह न पुच्छर** (२०३६), **रसरङ** (२०३६) आदि निबन्ध सङ्ग्रह प्रकाशित छन् । त्यस्तै घटोत्कच शर्माको **दमाह** (२०२४), मोहनराज शर्माको **इन्टरभ्यु स्पेसलिष्ट मिस्टर झप्पु सिंह डबल एम. ए.** (२०२८), **पुछारको पातो** (२०४०), निबन्ध सङ्ग्रहका साथै श्रीधर खनालको 'नमरी स्वर्ग देखिन्न' (२०२०) आदिको भूमिका उल्लेख्य रहेको छ ।

यसै चरणमा **उखान मिलेन** (२०३७) निबन्ध सङ्ग्रहका साथ कमल दीक्षित देखा पर्छन् । नेपाली साहित्यका पुराना ऐतिहासिक तथ्यहरूलाई खोजमेल गरी सरल ढङ्गले प्रस्तुत गरिएका उनका कृतिहरूम निबन्धात्मक र प्रबन्धात्मक विशेषता पाइन्छन् । रामकृष्ण शर्माका समालोचनात्मक निबन्धहरूबाट निबन्ध शोध र समीक्षा क्षेत्रमा सक्रिय देखिन्छन् । शर्माको **सप्त शारदीप** (२०२४), **दश गोर्खा** (२०२६), **टेबुल गफः नौ बैठक** (२०२८), **अष्टावक्र** (२०३५), **एक बिसउनी** (२०२८) निबन्धात्मक तथा प्रबन्धात्मक कृति प्रकाशित छन् । रामकृष्ण शर्मा मूलतः समालोचक हुन् । त्यसैले यिनका निबन्धमा समालोचनाको छाप परेको छ ।[94]

आधुनिक नेपाली निबन्धलाई अघि बढाउने अन्य निबन्धकारहरूमा नगेन्द्र शर्मा, गणेशबहादुर प्रसाइँ, रामलाल अधिकारी, बासुदेव त्रिपाठी, राममणि रिसाल, कुमारबहादुर जोशी, मोहन सिटौला, अभि सुवेदी, वासु रिमाल यात्री, हँसपुरे सुवेदी, बसन्तकुमार शर्मा, कुलप्रसाद खनाल, विमल निभा राजव, राजेन्द्र सुवेदी, बानिरा गिरी, जनार्दन आचार्य आदिलाई लिन सकिन्छ ।[95]

यस चरणमा स्रष्टाहरूको अभिव्यक्तिमा वृद्धि-नवप्रयोग, विशिष्टीकरणको प्रदर्शन भएको छ भने साझा निबन्ध सङ्ग्रहमा यस युगका विशिष्ट स्रष्टाहरूलाई उपस्थित गरिएको छ । आनन्द देव भट्ट, रमेश विकल, राजेश्वर देवकोटा, उत्तम कुँवर, हर्क गुरुङ, स्वयम्भूलाल

93 दयाराम श्रेष्ठ र मोहोनराज शर्मा, पूर्ववत्, पृ. १२९ ।
94 गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. ४२ ।
95 दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृ. १२९-१३० ।

आदिले यस युगमा विविध विषय र प्रयोगशीलतामा अग्रगति दिएका छन् साथै वैयक्तिक रूपमा पनि उत्कृष्ट प्रबर्द्धन यस चरणको उपलब्धि मानिन्छ । त्यसैले यो काल विविधतायुक्त चरण हो । आधुनिक नेपाली निबन्धको तृतीय चरण अभ्यास, प्रयोग र सुदृढीकरणको समय हो ।[96] यस चरणमा निबन्ध लेखनम विषय र प्रस्तुतिगत विविधता पाइन्छ । तार्किकता, बौद्धिकता, अनुसन्धानमूलकताका साथै प्रयोगधर्मिता, अमूर्तता र शैली शिल्पगत नवीनता यस चरणका निबन्धको विशेषताका रूपमा देखा पर्दछन् । यस समयका निबन्धकारहरूमा चिन्तनशीलता र वैचारिकताको अभिव्यक्ति पाइन्छ । यिनै ऐतिहासिक तथ्य र विषयगत विविधता प्रवृत्तिगत भिन्नता, शैलीगत नव नव प्रयोग अनि वैचारिक विशिष्टता विचलनका साथै परिमार्जन हुँदै नेपाली निबन्ध अद्यावधिक एउटा विशेष बोटवृक्षको रूपमा झ्याङ्गिएको आजको युगको विशिष्ट बौद्धिक तथा भावात्मक विधाका रूपमा देखा पर्दछ ।

आधुनिक नेपाली निबन्धको यस अवधिमा यात्राका शिल्पमा निबन्ध, पत्रक शिल्पमा निबन्ध र निजात्मक अभिव्यक्तिका शिल्पमा निबन्धको रचना गर्ने निबन्धकारहरू यस समयका निधि हुन् । प्रयोग र प्रवृत्तिका दृष्टिले पनि नयाँपन आएको छ । लेखकीय अनुभूतिले फैलिने अवसर प्राप्त हुने यस विधामा लेखक स्वतन्त्ररूपमा बोल्न सक्ने हुनाले पनि लेखकका विचार र दृष्टिकोणका आधारमा विषयवस्तुगत भिन्नता यस अवधिका निबन्धमा प्रसस्त मात्रामा देखिन्छ ।

राष्ट्र, राष्ट्रियताप्रति समसामयिक निबन्धकारहरू सचेत देखिन्छन् । राष्ट्रियता, मानव अधिकार, नारी अस्मिता, मानवीय मूल्य, राजनीतिक खिचातानी, आर्थिक असमानता, सामाजिक शोषण, विश्वमा विभिन्न नाममा भएका लडाइँहरू, अपराध, नरसंहार, विकृति, भ्रष्टाचारजस्ता विविध विषयलाई पनि निबन्धमा समेटिएको हुन्छ ।

शैली, शिल्प, संरचना र भाषागत विविधता समसामयिक निबन्धमा पाइन्छ । बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग यस चरणका निबन्धमा पनि देख्न सकिन्छ भने परम्परित बिम्बका सट्टा नवीन सामाजिक प्राकृतिक बिम्बहरूको प्रयोग गर्दै लघु र विस्तृत दुवै आकारका निबन्ध यस

96 गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ.४२ ।

समयमा लेखिएका छन् । भाषामा कवितात्मकता, रागात्मकता पाइए पनि देवकोटाका गद्यात्मकताका नजिक पुग्ने निबन्धकार भने थोरै मात्र छन् ।

भावगत सहजता र अनुभूतिको तीव्रतामा भाषागत गहिराई समाप्त सक्ने, समाजका हरेक विकृति र विसङ्गतिलाई खोतल्न सक्ने क्षमता समसामयिक निबन्धकारहरूद्वारा नेपाली निबन्धको फाँट नवीनतम साहित्यिक प्रयोगका साथ अगाडि बढिरहेको छ ।

## २.६. निष्कर्ष

नेपाली साहित्य परम्परामा अपेक्षाकृत रूपमा अरू विधाभन्दा निबन्ध कान्छो विधा मानिएको छ । यो आख्यानेत्तर गद्य विधा भएकाले नेपाली गद्यको इतिहाससँग यसको पनि इतिहास जोडिएको छ । दिव्योपदेशको गद्य लेखनदेखि लिएर आजसम्मको विकासक्रमलाई अध्ययन गरेर हेर्दा नेपाली निबन्धलाई तीन चरणमा विभाजन गरेर प्रस्तुति गरिएको छ । प्राथमिक कालको प्रारम्भिक अवस्थाको सुन्दर नमुना पृथ्वीनारायण शाहको 'दिव्योपदेश' (वि.सं. १८३१) देख्न सकिन्छ । यसैले यसलाई नेपाली निबन्धको विधाको पहिलो रचना र आद्यप्रारूप मान्न सकिन्छ । त्यसै गरी **जङ्गबहादुरको बेलायत यात्रा** (१९१०), मोतीराम भट्टको **कवि भानुभक्तको जीवन चरित्र** (१९४८) आदिलाई नेपाली निबन्धको ऐतिहासिक विकासका महत्वपूर्ण उपलब्धी मान्न सकिन्छ । प्रारम्भिक कालका गद्य लेखन भए पनि विकसित भाषामा लेखिनुका साथै विषयगत विविधतामा छरिएको मौलिकताको उचाइमा हुर्किएको देखिन्छ ।

वि.सं. १९५८ **गोरखापत्र**को प्रकाशनसँगै नेपाली निबन्धको माध्यमिक काल प्रारम्भ भएको बुझिन्छ । यस पत्रिकाले नेपाली निबन्धको प्रारूप उठानका लागि महत्वपूर्ण योगदान रहेको देखिन्छ । यस कालखण्डमा गोरखापत्र लगायत अन्य थुप्रै पत्रपत्रिका **सुन्दरी** (१९६३), **माधवी** (१९६५), **चन्द्र** (१९७१), **गोरखाली** (१९७२), **चन्द्रिका** (१९७४), **जन्मभूमि** (१९७९), **गोरखासंसार** (१९८३) आदि पत्रिकाहरूको उल्लेख्य योगदान रहेको छ । थुप्रै निबन्ध र गद्य लेखहरू माध्यमिक कालमा उदाएको देखिन्छ ।

पत्रिकाहरूको उल्लेख्य प्रकाशनले गर्दा लेखकहरूलाई आफ्ना निबन्धहरू प्रकाशनमा ल्याउनलाई सहज भएको देखिन्छ । यस कालका निबन्धमा संरचना शिथिलता र भाषिक स्थिरताको अभाव भने देखिन्छ । प्रायः वर्णनात्मक र विवरणात्मक किसिमका छन् ।

माध्यमिक कालीन निबन्धमा व्यक्तिको वैयक्तिक अभिव्यञ्जना, गद्यात्मक एवम् व्याकरणिक भाषा, नेपाली जनजीवनको स्वतन्त्रताप्रतिको छटपटी र आधुनिकतातर्फको अभ्यासलाई यस चरणका उपलब्धि मान्नु पर्दछ ।

माध्यमिक कालको अन्त्यसँगै नेपाली निबन्ध साहित्यको इतिहासमा आधुनिक काल १९९२ **शारदा** पत्रिकाबाट सुरु भएको पाइन्छ । यस आधुनिक काललाई पनि उपचरण गरेर विभाजन गरिएको छ । वि.सं. १९९२ देखि २००३ अन्तर्गतको पहिलो चरणलाई स्वर्णकालका रूपमा लिइन्छ । शास्त्रीयतावादलाई, स्वच्छन्दतावादलाई वरण गर्ने, क्रान्तिकारी स्वच्छन्दतावादलाई अपनाएर निबन्ध लेख्ने निबन्धकारहरूमा बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, हृदयचन्द्र सिंह प्रधान, यदुनाथ खनाल आदि निबन्धकारहरू पर्दछन् । त्यसपछि दोस्रो चरण भनेको २००४-२०१९ हो । लक्ष्मीप्रसाद देवकोटाको सम्पादकत्वमा वनारसबाट प्रकाशित **युगवाणी** साहित्यिक पत्रिकासँगै भएको मानिन्छ । तत्कालीन राजनीतिक अवस्थाले जन्माएका विकृतिहरूको अन्त्य र स्वस्थ तथा सुन्दर समाजको स्थापना गर्ने लक्ष्य नै निबन्धकारहरूको चाहना रहेको देखिन्छ । मूलतः विशुद्ध प्रकृतिवादी सौन्दर्य चेतनाबाट क्रान्तिकारी स्वच्छन्दतावादमा देवकोटाले आफ्नो लेखनलाई प्रवृत्त गराउनु यस चरणको प्रवृत्तिगत विशेषता रहेको छ । वस्तुपरक, आत्मपरक, हाँस्यव्यङ्ग्यात्मक, निजात्मक, आलोचनात्मक यथार्थवादी फाँटलाई पनि उर्वर पारेको देखिन्छ ।

आधुनिक नेपाली निबन्धको तेस्रो चरण वि.सं. २०२० देखि हालसम्म चलिरहेको देखिन्छ । वि.सं. २०२० सालमा 'रूपरेखा' पत्रिकाबाट यस चरण अगाडि बढेको देखिन्छ । साहित्यिक विधामा पाइने अनेक विधाका प्रवृत्तिहरू यस चरणका निबन्धमा समेटिन पुग्छन् । थुप्रै निबन्धकार र तिनका निबन्ध सिर्जनाहरू यस चरणमा फुल्ने र फल्ने मौका पाएका छन् । शिल्प तथा शैलीगत विविध आयामहरू यस चरणमा पाइन्छ । बुद्धि, हृदय, चिन्तन, प्रगति, पलायन, अनुसन्धान, हाँस्यव्यङ्ग्य आदि अनेकौं प्रवृत्तिबाट यो चरण परिपूरित छ । यस

चरणमा मूलतः तीन वटा प्रवृत्ति देखा पर्दछन् । बौद्धिक चिन्तनधारा, आलोचनात्मक यथार्थवादी धारा, समसामयिक धारा गरेर तीन वटा प्रवृत्तिभित्र समेटिएका छन् । यी प्रवृत्तिहरूमा शंकर लामिछाने, भैरव अर्याल, मोहनराज शर्मा, गोपीकृष्ण शर्मा आदि निबन्धकारहरू देखा पर्दछन् । यस चरणमा यात्रा साहित्य, नियात्रा भण्डारको परिपूर्णता देखिन्छ । यात्राका शिल्पमा निबन्ध, पत्रका शिल्पमा निबन्ध र निजात्मक अभिव्यक्तिका शिल्पमा निबन्धको रचना गर्ने निबन्धकारहरू यस समयका निधि हुन् । यस अवधिमा नेपाली निबन्धको परम्पराको निर्वाह मात्रै नभएर यसमा प्रयोग र प्रवृत्तिका दृष्टिले पनि नयाँपन आएको छ । राष्ट्र, राष्ट्रियताप्रति समसामयिक निबन्धकारहरू सचेत रहेको देखिन्छ ।

यसरी राष्ट्रियता, मानवअधिकार, नारी अस्मिता, मानवीय मूल्य, राजनीतिक खिचातानी, सामाजिक शोषण, आर्थिक असमानता, विकृति, भष्ट्राचार, अपराध, नरसंहार जस्ता विविध विषयलाई आधुनिक कालका निबन्धमा समेटिएको पाइन्छ । शैली शिल्प, संरचना, भाषागत विविधता, बिम्ब प्रतीक र अलङ्कारको प्रयोग गर्दै लघु र विस्तृत दुवै आकारका निबन्ध लेखिएको पाइन्छ ।

# अध्याय-तीन

## भूपेन्द्र सुवेदीको जीवनी र व्यक्तित्वको अध्ययन

### ३.१. परिचय

भूपेन्द्र सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन (२०६४) सालमा भइसकेको देखिन्छ । यस परिच्छेदमा सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको सामान्य चिनारी दिइएको छ ।

### ३.२. भूपेन्द्र सुवेदीको जीवनी

निम्नलिखित शीर्षक उपशीर्षकद्वारा भूपेन्द्र सुवेदीको जीवनीका पक्षहरूलाई चर्चा परिचर्चा गरिएको छ ।

### ३.२.१. जन्म र स्थान

भूपेन्द्र सुवेदीको जन्म वि.स. १९९५ असार २५ गतेका दिन हालको राप्ती अञ्चल, प्यूठान जिल्लाको मध्य भाग विजुवार सात टारी गाउँमा पिता कुलराज सुवेदी र माता पद्मा देवी सुवेदीका कोखबाट छैठौं सन्तानका रूपमा भूपेन्द्र जन्मेका हुन् । [97]

भूपेन्द्र सुवेदी, सुवेदी थरका भारद्वाज गोत्रीय ब्राह्मण कुलमा जन्मिएका हुन् । टारीका सुवेदीहरूको पुर्ख्यौली थलो गुल्मीको चन्द्रकोट हो । सुवेदीहरूका पुर्खाहरू पहिला गुल्मीबाट प्यूठान सदरमुकाम खलङ्गा आएका र पछि झिम्रुकको रमणीय समथर भू-भागबाट लोभिएर त्यहाँको केही जग्गा आफ्नो नाममा दर्ता गराई खलङ्गाबाट टारीमा बस्न थालेको देखिन्छ । [98]

भूपेन्द्र सुवेदीका पुर्खाका सम्बन्धमा खोजविन गर्दा उनी भन्दा ६ पुस्ता पूर्वका बैकुण्ठ सुवेदीसम्मको पुस्तावली प्राप्त भएको पाइन्छ । भूपेन्द्र सुवेदीका हजुरबुवा देवीरामका चारवटी

---

97 शोध नायकबाट प्राप्त जानकारी ।
98 ऐजन ।

श्रीमतीमध्ये माइली श्रीमती भीमादेवीसँग देवीरामको अन्तर्जातीय विवाह भएकाले भीमादेवी तर्फका सन्तान क्षेत्री भएको र भूपेन्द्र सुवेदीका बुवा कुलराज पनि भीमादेवीका सन्तान भएकाले भूपेन्द्र सुवेदी पनि क्षेत्री भएको देखिन्छ । भूपेन्द्र सुवेदीका हजुरबुवा देवीराम गाउँका मुखिया भएको थाहा पाइन्छ । [99] उनी गाउँका प्रतिष्ठित व्यक्ति थिए । देवीराम पछि उनका छोरा कुलराज मुखिया नभए पनि बाबु मुखिया भएकाले उनलाई पनि मुखिया नै भनेको पाइन्छ । कुलराजले अरूलाई परेको बेलामा सहयोग गर्ने, गाउँ घरमा हुने सामाजिक कार्यको नेतृTव गर्ने गरेबाट गाउँ घरमा उनले राम्रो प्रतिष्ठा र इज्जत आर्जन गरेको देखिन्छ । [100]

पहाडी भू-भाग भएर पनि बस्ती योग्य सुन्दर गाउँ टारीको मध्यम वर्गीय परिवारका कुलराजको जीवनस्तर उच्च नै दखिन्छ । सहयोगी भावना भएका कुलराज समाज सेवामा सक्रिय रहेकाले उनले गाउँलेको प्रसस्त आदर र माया प्राप्त गरेका थिए । [101] उच्च, गम्भीर र शान्त स्वभावका बाबुका छोरा भूपेन्द्र सुवेदी पनि गम्भीर, विनम्र र कर्मशील स्वभावका दखिन्छन् ।

### ३.२.२. बाल्यकाल र शिक्षादीक्षा

मध्यमवर्गीय परिवारमा जन्मेका भूपेन्द्र सुवेदीले करिब १०/१२ वर्षसम्म बाबुआमा, दाजु तथा दिदी बहिनीसँग गाउँघरमा खेलवाडमै बाल्यकाल बिताएको देखिन्छ । त्यस अवधिमा घरमै बाबुसँग क ख रा र बाह्खरी सिकेका भूपेन्द्र सुवेदीले त्यसपछि गाउँकै सुवेदी परिवारका टोपाराम सुवेदीसँग दुर्गाकवच, चण्डी, अमरकोश पढेको देखिन्छ । पछि उनले १६ वर्षको उमेरमा वि.सं २००७ सालको क्रान्तिपछि प्यूठान जिल्लामा खुलेको पहिलो विद्यालयमा कक्षा ४ मा भर्ना भई पढ्न थालेको पाइन्छ । [102]

99 ऐजन ।

100 ऐजन ।

101 ऐजन ।

102 भूपेन्द्र सुवेदीका बाल्यकालीन साथी झपेन्द्र वैद्यबाट प्राप्त जानकारी ।

फुर्सदका बेला गाईवस्तु र घोडा चराउनु, डण्डीबियो खेल्नु, फलफूलका रूख चाहार्नु यिनका बाल्य र किशोरकालका क्रियाकलाप रहेका थिए । खेलकुदमा विशेष गरी डण्डीबियोमा सुवेदीको रूचि भएको पाइन्छ । साथै टालाटुली बटुली भकुण्डो बनाई खेल्ने पनि गरेको पाइन्छ । विद्यालय शिक्षा आर्जन गरिरहेका अवस्थामा पढाइप्रति रूचि भएको देखिन्छ साथै त्यसबेलादेखि नै उनमा सिर्जनात्मकतामा छिट्फुट् झिल्काहरू पनि देखा पर्न थालिसकेको पाइन्छ । त्यतिखेर उनले कविता, गीत र नाटकहरू लेख्ने र स्कुलमा आयोजित विशेष कार्यक्रममा प्रस्तुत गर्ने सिलसिला सुरू गरिसकेका थिए । [103] यस प्रकार विद्यालय अध्ययन अवस्थादेखि नै बीजारोपण भएको उनको सिर्जनशील व्यक्तित्व पछि क्रमश : साहित्यकारका रूपमा विकसित हुदै आएको पाइन्छ ।

भूपेन्द्र सुवेदी १६ वर्षको उमरपछि मात्र मुक्ति नि.मा.वि. मा कक्षा ४ मा भर्ना भएका थिए । यसरी उमेरमा पाको र पढाइ पनि राम्रो भएकाले उनले कक्षा ४ बाट ६ र कक्षा ६ बाट कक्षा ९ मा उक्लदै आफ्नो विद्यालयीय शिक्षा पूरा गरको पाइन्छ । त्यसै गरी उनले वि.सं. २०१३ मा बनारसको हिन्दू विश्वविद्यालयबाट प्रवेशिका परीक्षा अर्थात् एस.एल.सी. परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको पाइन्छ । [104] त्यसैबेला देखि नै पढाउन सुरू गरेका सुवेदीले वि.सं. २०१६ सालमा भारतको उत्तरप्रदेश अन्तर्गतको बोर्ड अफ हाईस्कुल एन्ड इन्टरमिडियट एजुकेशनबाट प्राइवेट परीक्षार्थीका रूपमा तेस्रो श्रेणीमा आई.ए. उत्तीर्ण गरेको देखिन्छ । उता यिनको शिक्षण कार्य चाहिँ निरन्तर जारिरहेको देखिन्छ । [105]

नेपालमा राष्ट्रियता शिक्षा पद्धतिको योजना लागू हुने क्रममा वि.सं.२०३२ देखि प्यूठानमा पनि नयाँ शिक्षा लागू भयो । त्यसपछि उनले वि.सं.२०३३ सालमा त्रि.वि. बाट १० महिने सेवाकालीन शिक्षक तालिम लिने अवसर पाए र त्यसैबेला प्राइवेट परीक्षार्थीका रूपमा बि.ए.

103 ऐजन ।
104 शोध नायकबाट प्राप्त जानकारी ।
105 ऐजन ।

को परीक्षा दिई वि.सं.२०३४ मा तृतीय श्रेणीमा बि.ए. पास गरेका थिए । शिक्षण पेसा र पारिवारिक दायित्वका कारण उनको एम.ए गर्ने धोको भने अधुरै रहेको देखिन्छ । [106]

### ३.२.३. विवाह र पारिवारिक जीवन

भूपेन्द्र सुवेदीको पहिलो विवाह वि.सं.२०१० मा प्यूठान जिल्लाको पुण्यखोलाका गोविन्द बहादुर थापाकी छोरी सत्यवती थापासँग भएको थियो । सत्यवतीले पछि अन्तै विवाह गरेपछि वि.सं.२०१६ मा सुवेदीले प्यूठान जिल्लाकै लुङ् गा.वि.स. निवासी वेगम बहादुर के.सी. की एक मात्र छोरी जानकी के.सी.सँग दोस्रो विवाह गरेको देखिन्छ । [107] प्यूठानका प्रतिष्ठित खानदानी परिवारमा जन्मेकी जानकीको र भूपेन्द्र सुवेदीको दाम्पत्य जीवन सुमधुर रहेको देखिन्छ । परिवार सञ्चालन र छोराछोरीको शिक्षादीक्षामा पूर्ण जिम्मेवारीका साथ लागि परेकी श्रीमतीको सहयोगले नै भूपेन्द्र सुवेदीको जीवन र परिवार सुशिक्षित एवम् सुसंस्कृत बन्न पुगेको देखिन्छ साथै भूपेन्द्रको साहित्य सिर्जनामा श्रीमतीको आवश्यक सहयोग, सहज वातावरण तथा प्रेरणा प्रदान गर्दै आएको पाइन्छ । सुवेदीका तीन-तीन छोराछोरी हुनुहुन्छ । यी मध्ये जेठी छोरीले त्यति पढ्न पाइनन् तर अरू सबै छोराछोरीले स्नातक तह उत्तीर्ण गरी विभिन्न संघसंस्थामा जागिर गर्दै गरेको देखिन्छ । [108]

### ३.२.४. आजीविका

मध्यमवर्गीय परिवारमा जन्मेका भूपेन्द्र सुवेदीले एस.एल.सी. परीक्षा दिए लगत्तै हालको मुक्ति मध्यिामक विद्यालय राताामाटामा शिक्षण पेसामा प्रवेश गरेका थिए । त्यसपछि अध्ययन र जागिरलाई सँगसँगै अगाडि बढाएको पाइन्छ । यसरी सुवेदीले वि.सं.२०५५ साल २४ गतेसम्म अनवरत रूपमा सो सेवा गरेको देखिन्छ । आफ्नो जीवनमा उनले शिक्षण पेसाबाहेक अन्य पेसा अङ्गालेको देखिँदैन । [109]

---

106 ऐजन ।

107 ऐजन ।

108 भगवती विष्ट, भूपेन्द्र सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्व, २०६४ ।

109 ऐजन ।

यसरी सुवेदीको जीविकाको मूल स्रोत जागिर नै भएको र आफ्नै गाउँ टारीमा भएको पैतृक जग्गा जमिनको आय एवम् पछि आफैले बर्दिया जिल्लामा जोडेको चार विघा जग्गा अनि नेपालगन्ज र कोहलपुरको घरबाट आउने आम्दानी नै यिनको परिवारको आजीविकाको मुख्य स्रोत रहेको देखिन्छ ।[110] यसरी हेर्दा सुवेदीको हालको आर्थिक स्थिति सबल नै देखिन्छ ।

### ३.२.५. रूचि तथा स्वभाव

भूपेन्द्र सुवेदी सानै उमेरदेखि नै पढ्न, लेख्न र चिन्तन मनन गर्न रूचाउने स्वभावका देखिन्छन् । सुवेदी कर्मठ र कामप्रति लगनशील व्यक्तित्व हुन् । यिनले फुर्सदको समयमा प्रायः नेपाली र हिन्दी साहित्यका विभिन्न प्रकृतिहरूको अध्ययन गर्न रूचाउँछन् । आफ्नो पेसा, परिवार एवम् साहित्य सिर्जनालाई एकैचोटि लैजाँदा उनको लेखनमा त्यति निरन्तरता आउन सकेको देखिँदैन । वि.सं.२०५५ मा शिक्षण पेसाबाट अवकाश लिएपछि मात्र उनको साहित्य सिर्जना फस्टिएको देखिन्छ । फुर्सदका समयमा घरमै कामधन्दामा व्यस्त हुन मन पराउने सुवेदी लेख्ने मुडे भएमा र त्यसका निम्ति फुर्सद निकाल्न सकेमा लेखनकार्यमा लाग्ने गरेको पाइन्छ । सुवेदी धेरैजसो साँझको समयमा नै साहित्य सिर्जना गर्ने गरेको जानकारी पाइन्छ ।[111]

सुवेदी फुसर्दको समयमा नेपाली तथा विश्वप्रसिद्ध साहित्य कृतिहरू पढ्ने गरेको पाइन्छ । सुवेदीको मनपर्ने विद्या कविता हो । सुवेदीको ईश्वरप्रति विश्वास नभए तापनि परम्परागत संस्कारलाई भने मिच्न नसक्ने स्वभाव देखिन्छ । उनका विचारमा **ईश्वर भन्नु नै मानवता हो मानव सेवामा लाग्नुपर्छ ।**[112] उनको यो विचार साहित्यिक कृतिमा मिसिएर आएको पाइन्छ ।

### ३.२.६. साहित्य सिर्जनामा प्रभाव प्रेरणा र परिवेश

भूपेन्द्र सुवेदीको पारिवारिक परिवेश खासै साहित्यानुरागी नभए पनि उनका बाबु कुलराजले सानैदेखि उनलाई रामायण, महाभारत र हितोपदेश वाचन गरेर सुनाउन लगाउँथे । यसै

---

110 ऐजन ।

111 शोध नायकबाट प्राप्त जानकारी ।

112 ऐजन ।

पृष्ठभूमिमा नजानिदो हिसाबले सुवेदीमा साहित्यप्रति रूचि पलाउन थालेको देखिन्छ । त्यस्तै विद्यालयमा अध्ययन गर्दा विद्यालयले आयोजना गर्ने विभिन्न किसिमका अतिरिक्त क्रियाकलापमा सामान्य गीत र कविता वाचन गर्ने र राम्रो हुँदा गुरूहरूबाट स्याबासी पाउँदा उनीमा साहित्य सिर्जना गर्ने प्रभाव र प्रेरणा बढेको पाइन्छ । सुवेदीले आदिकवि भानुभक्त आचार्य र लेखनाथ पौडेलका छन्दमा लेखिएका कविता पढेर नै छन्दमा कविता लेख्ने कोसिस गरेको पाइन्छ । त्यस्तै गरी शिक्षण पेसामा संलग्न हुँदा पनि स्थानीय तथा राष्ट्रियस्तरमा आयोजना हुने साहित्यिक गोष्ठी तथा प्रतियोगितामा भाग लिँदै जाने र प्राय: जसो स्थानीय स्तरमा हुने कविता प्रतियोगितामा प्रथम हुने भएकाले उनलाई साहित्य सिर्जनामा प्रेरणा तथा उत्साह मिल्यो । स्थानीय स्तरमा आयोजना हुने साहित्य सम्बन्धी विविध चर्चा, परि चर्चा र अन्तर्क्रियाले पनि यिनलाई सिर्जनामा हौसला मिलेको देखिन्छ । नेपाली साहित्यका प्रतिष्ठित साहित्यकारहरूका लेख रचना वा कृति पढ्न मनपराउने सुवेदीले अङ्ग्रजी साहित्यका प्रख्यात नाटककार शेक्सपियरका नाटकहरू र विभिन्न हिन्दी उपन्यासबाट साहित्य सिर्जनामा उत्पेरित अर्थात जागृत भएको देखिन्छ । खासगरी सुवेदीको साहित्य सिर्जना शिक्षण पेसाबाट अवकाश पछि पुस्तककार रूपमा प्रकाशित हुन थालेको देखिन्छ । सुवेदीलाई साहित्य सिर्जनाको उत्तरवर्ती चरणमा उनका छोराहरूले पनि उत्प्रेरणा जगाइ कृतिहरू प्रकाशित गरेबाट पनि उनी साहित्य लेखन, अध्ययन र सिर्जनामा थप हौसिएको देखिन्छ ।[113]

यसैगरी स्थानीय स्तरमा हुने विभिन्न किसिमका साहित्यिक गतिविधि तथा साहित्यकारहरू बीचको जमघटले पनि यिनलाई साहित्य सिर्जनामा थप प्रेरणा मिलेको देखिन्छ । सुरूसुरूमा फुर्सदको समयमा लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा र माधवप्रसाद घिमिरेका साहित्यिक कृतिहरू पढ्न मन पराउने सुवेदीले शेक्सपियरका नाटकहरू र विभिन्न हिन्दी उपन्यासबाट साहित्य सिर्जनामा प्रेरित भएको देखिन्छ ।

सुवेदी यी बाहेक प्रत्यक्षभन्दा परोक्ष र बाह्य भन्दा आन्तरिक प्रेरणा र प्रोत्साहनले नै महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । यसरी सुवेदी कुनै विशेष घटनाक्रम परिस्थिति र प्रभावका

---

113 ऐजन ।

कारणबाट नभई स्वतः स्फूर्त स्वभाविक रूपमा साहित्य सिर्जनामा संलग्न तथा लागि परेको पाइन्छ ।

### ३.२.७. साहित्य सिर्जनामा संलग्नता

साहित्यकार भूपेन्द्र सुवेदी साहित्य सिर्जनामा संलग्न भएको पाँच दशक भइसकेको छ । उनले अनौपचारिक रूपमा विद्यार्थी जीवनमा नै विद्यालयको शुक्रबारे कार्यक्रममा र अतिरिक्त कार्यक्रमहरूमा गीत र कविता सुनाउने गरेको थाहा पाइन्छ ।[114] पछि शिक्षण पेसामा संलग्न भएपछि पनि उनले बेलाबखत विद्यालयमा आयोजना हुने सांस्कृतिक कायक्रममा गीत रचेर विद्यार्थीहरूलाई सिर्जना तर्फ प्रोत्साहन गरेको देखिन्छ ।

अनौपचारिक रूपमा थुप्रै साहित्यिक गोष्ठीहरू र प्रतियोगिताहरूमा आफ्नो सिर्जनात्मक सक्रियता देखाइसकेका भूपेन्द्र सुवेदीले औपचारिक रूपमा भने २०२१ सालमा बनारसबाट प्रकाशित **सन्देश** पत्रिकामा **के कसरी** शीर्षकमा पाँच श्लोकमा संरचित फुट्कर कविता छपाएको देखिन्छ । राष्ट्रिय स्तरमा प्रकाशित हुने पत्रपत्रिका **मधुपर्क, गोरखापत्र**, र **गरिमा** मा आफ्ना लेख रचनाहरू प्रकाशित गराएका सुवेदीले स्थानीय स्तरमा प्रकाशित हुने **सुमन युगबोध** र **प्यूठान समाचारपत्र**मा पनि आफ्ना लेख रचनाहरू प्रकाशित गराएको पाइन्छ । त्यसोत शिक्षण पेसामा संलग्न रहँदा सम्म उनले विभिन्न पत्रपत्रिका लेख रचना फुट्कर रूपमा छपाएको पाइए तापनि पुस्तकाकार कृतिका रूपमा भने सेवा निवृत भएपछि मात्र छपाएको पाइन्छ । साहित्यमा कथा, कविता, गीत, गजल, मुतक, खण्डकाव्य, निबन्ध, हास्यव्यङ्ग्य लगायत महाकाव्य जस्तो बृहत विधामा समेत कलम चलाउँदै आएको पाइन्छ । सुवेदीका हालसम्म पुस्तकाकार कृतिका रूपमा प्रकाशित कृतिहरू हुन -**उपालम्भ** (२०५९, खण्डकाव्य), **एक मूल एकाउन्न फूल**, (२०६१, लघुकथा सङ्ग्रह), (भावनका लहरहरू, समस्यापूर्ति, **पद्मकविता**, **हाइकु**, गजल, (२०६२, मुक्तक र गीतको सङ्ग्रह), **विना भूटनको च्वाइँ** (२०६३,

---
114 ऐजन ।

हास्यव्यङ्ग्य सङ्ग्रह), **दिशाबोध** (२०६४, उपन्यास), **भूपेन्द्र सुवेदीका निबन्धहरू** (२०६५, निबन्ध सङ्ग्रह), **मंगला** (२०६७, महाकाव्य) हुन् ।[115] यसरी सिर्जनाका विविध पाटालाई पकड्न सफल भएको देखिन्छन् ।

### ३.२.८. संस्थागत संलग्नता

भूपेन्द्र सुवेदी शिक्षण पेसामा लागेदेखि नै समाज सेवा गर्न रूचाउने भएकाले यिनी विभिन्न संघसंस्थामा संलग्न भई सामाजिक कार्य गर्दै आएको पाइन्छ । सुवेदी हाल पनि विभिन्न गरेर आठ-दश वटा संघसंस्थामा आबद्ध भएको पाइन्छ । उनी प्यूठानमा वि.सं.२०३७ मा खुलेको सामाजिक संस्था रेयुकाइका आजीवन सदस्य छन् । सुवेदी पूजा पुरस्कार गुठीका संस्थापक हुन् । त्यस्तै गरी सुवेदी प्यूठान साहित्य परिषदका पहिले वि.सं.२०५२ देखि २०५६ सम्म सदस्य, पछि वि.सं.२०५६ मा अध्यक्ष, एम्बुलेन्स सञ्चालन समितिको अध्यक्ष, वि.सं.२०६१ म खुलेको जनसेवा युवा क्लबका आजीवन सदस्य र प्यूठान जिल्ला शिक्षा कार्यालयले वि.सं.२०६३ असार ३० गतेदेखि उनलाई शिक्षकहरूको दरबन्दी मिलान समितिको सदस्यमा पनि नियुक्त गरेको देखिन्छ ।[116] यसरी विभिन्न संघसंस्थामा संलग्न सुवेदीले आफूलाई क्रियाशील जुझारु सहयोगी समाजसेवीका रूपमा चिनाउँदै आएको देखिन्छ ।

### ३.२.९. सम्मान र पुरस्कार

प्यूठान जिल्लामा जन्मि प्यूठानी भूमिमा नै हुर्केका र आफ्नै ठाउँको मुक्ति माध्यमिक विद्यालय राटामाटामा आफ्नो उर्जाशील जीवन चक र डस्टरसँग खेलेका भूपेन्द्र सुवेदी समाजमा एक उदाहरणीय व्यक्तित्वका रूपमा परिचित छन् । शिक्षण पेसाबाट निवृत भइसकेपछि पनि स्थानीय स्तरका विभिन्न संघसंस्थाहरूको क्रियाकलापमा आबद्ध भएका सुवेदीलाई प्यूठानी समाजले बेलाबखतमा विभिन्न किसिमका सम्मानहरूले सम्मानित गरेको देखिन्छ । वि.सं. २०२० देखि साहित्यमा लागेका सुवेदी सिर्जनशील साहित्यकार हुन् । त्यही समयदेखि स्थानीय

115 ऐजन ।

116 ऐजन ।

स्तरमा आयोजना हुने साहित्यिक प्रतियोगितामा आफ्नो प्रतिभा देखाउने गरेको पाइन्छ । उनी पहिलो पटक वि.सं.२०२० साल प्यूठानमा आयोजित **विराट साहित्य सम्मेलन**मा समस्या पूर्ति कविता लेखेर प्रथम भएको देखिन्छ । यसै गरी प्यूठानमा आयोजित २०२२ सालको **विराट साहित्य सम्मेलन**मा निबन्ध प्रतियोगितामा द्वितीय भएको देखिन्छ । यस्तै शिक्षा क्षेत्रमा लामो समयसम्म योगदान पुऱ्याउँदै आएकाले जिल्ला विकास समिति प्यूठानले शिक्षा दिवसको अवसर पारेर उनलाई नगद पुरस्कार तथा सम्मानपत्र प्रदान गरेको देखिन्छ । त्यस्तै प्यूठान जिल्लामा जिल्ला रेयुकाइद्वारा आयोजित जिल्ला स्तरीय प्रतियोगितात्मक कवि गोष्ठी (२०४९) मा प्रथम पुरस्कार प्राप्त गरेको देखिन्छ । त्यस्तै स्थानीय स्तरका कविता प्रतियोगितामा प्रायः जसो प्रथम भएको देखिन्छ । [117] यी बाहेक लामो समयसम्म शिक्षण पेसामा संलग्न सुवेदीलाई राष्ट्रिय शिक्षक सङ्गठन वि.सं.२०५१ र २०५६ मा कदरपत्र प्रदान गरेका थियो । त्यस्तै २०५० सालको शिक्षा दिवसको अवसरमा शिक्षक र उनको दायित्व विषयक कविता प्रतियोगितामा पनि उनी प्रथम भएको देखिन्छ । उनी प्यूठानमा हुने जिल्ला स्तरीय कविता प्रतियोगितामा प्रायः प्रथम स्थान हासिल गरेको पाइन्छ । [118] यसरी भूपेन्द्र सुवेदी पुरस्कार र सम्मानद्वारा पुरस्कृत एवम् सम्मानित हुँदै आएका छन् र त्यसबाट उनी प्यूठानी समाजमा आदरणीय व्यक्तित्व बन्न पुगेका देखिन्छन् ।

## ३.३. भूपेन्द्र सुवेदीको व्यक्तित्वको सामान्य परिचय

शारीरिक व्यक्तित्वका दृष्टिले भूपेन्द्र सुवेदी लाम्चो अनुहार भएका, दुब्लापातला, होचोकदका, गालाभित्र पेसेका, गहुँगोरो वर्णका अझ भन्नु पर्दा सामान्यतः नेपालीको स्वरूपसँग मिल्दा व्यक्तित्व छन् । उनी सदैव हँसिला र चनाखा देखिन्छन् । उनको अनुहार हेर्दा निश्छल, स्वाभिमानी, सरल तथा मिलनसार देखिन्छ । उनको विनम्र, उपकारी तथा स्वाभिमानी स्वभाव अनुहारबाट झल्कन्छ । सचेतना, कर्मशीलता, विवेकशीलता र लगनशीलता जस्ता मानवीय आर्दश झल्कने व्यक्तित्वका धनी सुवेदी ज्यादै स्वाभिमानी छन् । हरेक काम कुरामा विचार पुऱ्याएर

117 ऐजन ।

118 ऐजन ।

मात्र निर्णय गर्ने हुनाले यिनका आफन्त लगायत इष्टमित्रहरू कुनै पनि व्यावहारिक सरसल्लाहका लागि यिनीमाथि निर्भर गर्ने गरेको पाइन्छ ।[119] हँसिलो मिजासिलो र सबैसँग घुलमिल गर्न सक्ने स्वभाव भएका सुवेदी ईश्वरप्रति विश्वास नराख्ने भए पनि यिनी परम्परा भने मिच्न भत्काउन नसक्ने बताउँछन् । भूपेन्द्र आफ्नो सम्पर्कमा आउने हरेक व्यक्तिसँग विनम्रतापूर्वक बोल्ने र आत्मीय व्यवहार गर्दछन् । यिनी आफ्ना कारणले अरूलाई दुःख नहोस् भन्ने चाहान्छन् ।[120]

भेषभूषामा सर्ट, पाइन्ट, कोट र टोपी लगाउन रूचाउने र खानामा दालभात तरकारी सुवेदीको रूचिको प्राथमिकतामा पर्दछ । सामान्य रूघा खोकीबाहेक हालसम्म अरू ठूलो बिरामी नभएका सुवेदी स्वस्थ फूर्तिला र निरोगी देखिन्छन् ।[121]

### ३.३.१. व्यक्तित्वका विभिन्न पाटाहरू

भूपेन्द्र सुवेदीका व्यक्तित्वका विभिन्न पक्षहरूलाई सामान्य रूपमा चर्चा गरिएको छ ।

#### ३.३.१.१. शिक्षक व्यक्तित्व

वि.सं.२०१३ सालमा एस.एल.सी. परीक्षा दिए लगत्तै शिक्षण पेसामा प्रवेश गरेका सुवेदी जीवनभर नै शिक्षण पेसामा संलग्न रहेको देखिन्छ । एस.एल.सी. परीक्षा दिएपछि आफू अध्ययन गरेकै विद्यालय मुक्ति मा.वि.मा पढाउन थालेका थिए । त्यसपछि प्यूठानकै उत्तरी क्षेत्र लुङ् र गुल्मीको मेहलपोखरीमा पढाउन गए पनि पुनः शिक्षकका रूपमा उनले मुक्ति मा.वि.मा नै अध्यापन कार्य गरेको देखिन्छ । उनले वि.सं.२०१६ देखि २०२४ सम्म अनिवार्य अङ्ग्रजी विषय अध्यापन गराएको र वि.सं.२०२४ देखि २०५५ सालसम्म त्यही मुक्ति मा.वि.मा नै नेपाली विषय शिक्षक भई पढाएको देखिन्छ । उनी कुशल शिक्षक व्यक्तित्वका रूपमा देखिन्छन् ।

---

119 शोध नायकका भदा देवेन्द्र रिजालबाट प्राप्त जानकारी ।

120 शोध नायकबाट प्राप्त जानकारी ।

121 ऐजन ।

### ३.३.१.२. साहित्यकार व्यक्तित्व

सिर्जनशील साहित्यकार व्यक्तित्व नै भूपेन्द्र सुवेदीको प्रमुख व्यक्तित्व हो । आफ्नो विद्यार्थी जीवनदेखि नै उनले साहित्य सिर्जनामा रूचि लिन थालेका थिए । वि.सं.२०२० साल पछि साहित्य सिर्जनामा औपचारिक रूपमा लागे पनि उनको शिक्षण पेसाबाट निवृत्त आएपछि खासगरी वि.सं.२०५९ पछि सक्रिय रूपमा लागेको पाइन्छ । साहित्यका विविध विधामा कलम चलाएका सुवेदीका साहित्यिक व्यक्तित्वका विभिन्न पाटाहरू विभाजन गरेर पनि हेर्न सकिन्छ ।

#### (क) कवि व्यक्तित्व

नेपाली साहित्यमा कविताबाट आफ्नो औपचारिक साहित्यिक यात्रा सुरू गरेका सुवेदीको कवि व्यक्तित्व पनि महत्वपूर्ण देखिन्छ । उनले फुट्कर कवितादेखि लिएर समस्यापूर्ति, हाइकु, मुक्तक, गीत, गजल, खण्डकाव्य, र महाकाव्यसम्म रचना प्रस्तुत गरेको देखिन्छ । सुवेदीको आफ्नो साहित्यिक यात्राको प्रथम चरणदेखि नै कविता सिर्जनामा रूचि राख्ने उनको पहिलो प्रकाशित कविता कृति **के कसरी** शीर्षकमा लेखिएको पाँच श्लोक अन्त्यानुप्रास कविता हो । यसै कविताबाट उनी भित्रकी कवित्वशक्ति प्रस्फुटित हुन थालेको थियो । [122]

सुवेदीका पुस्तकाकार कृतिहरू **उपालम्भ** (२०५९, खण्डकाव्य), कविता, **भावनाका लहरहरू** (२०६१, गीति सङ्ग्रह) र **मंगला** (२०६७, महाकाव्य) हुन् । यसरी थुप्रै फुट्कर कविता, खण्डकाव्य र महाकाव्य रचना गरेका भूपेन्द्र सुवेदीले आफूलाई कवि व्यक्तित्वका रूपमा स्थापित गरेको देखिन्छ ।

#### (ख) आख्यानकार

साहित्यका विविध विधामा कलम चलाएका सुवेदीको आख्यानकार व्यक्तित्व एक महत्वपूर्ण साहित्यकार व्यक्तित्वका रूपमा देखिन्छन् । आख्यान क्षेत्रमा सुवेदीले **एक मूल एकाउन्न फूल**

[122] ऐजन ।

(२०६१, लघुकथा सङ्ग्रह) र **दिशाबोध** (२०६४, उपन्यास) गरी दुई वटा पुस्तकाकार कृति प्रकाशनमा ल्याएका छन् । उनका आख्यानमा समकालीन सामाजिक अवस्थाको यर्थात चित्रण गरेको पाइन्छ ।

### (ग) निबन्धकार तथा हास्यव्यङ्ग्यकार

भूपेन्द्र सुवेदीको निबन्ध लेखन पनि सबल देखिन्छ । उनको **भूपेन्द्र सुवेदीका निबन्ध** (२०६५, निबन्धसङ्ग्रह) र **विना भुटनको च्वाइँ** (हास्यव्यङ्ग्य सङ्ग्रह २०६३) प्रकाशित छन् । उनका हास्यव्यङ्ग्यमा समाजमा रहेका विभिन्न किसिमका विकृति विसङ्गति तीखो व्यङ्ग्य गरिएको देखिन्छ । उनले समाजमा विद्यमान दमन, अन्याय, अत्याचार, अन्धविश्वास एवम् सामाजिक, आर्थिक, राजनैतिक र प्रशासनिक क्षेत्रमा देखिएका विकृति र विसङगतिप्रतिको तीखो व्यङ्ग्य देखिन्छन् । सुधारवादी चेतना जगाउँदै उनका हास्यव्यङ्ग्यले यथार्थताको चित्रण गर्दै आदर्श तर्फको सङ्केत पनि गरेका देखिन्छन् । [123]

### ३.३.१.३ समाजसेवी व्यक्तित्व

विभिन्न किसिमका सामाजिक सेवामूलक संघसंस्थामा आबद्व भई हालसम्म पनि अनवरत रूपमा समाजसेवामा लागेका भूपेन्द्र सुवेदीको समाजसेवी व्यक्तित्व महत्वपूर्ण देखिन्छ । समाजसेवामा सक्रियरूपमा लागेका सुवेदी शिक्षण पेसामा लाग्दादेखि समाजसेवामा खटिएका सुवेदी उक्त पेसाबाट निवृत्त भएपछि स्थानीय स्तरका विभिन्न संघसंस्थामा आबद्व भई उनले विशेषतः रेडक्रस, रेयुकाई तथा स्थानीय स्तरका क्लबहरूमा संलग्नता र सक्रियता देखाएर भूपेन्द्र सुवेदीले आफ्नो समाजसेवी व्यक्तित्वको छनक दिएका छन् । एम्बुलेन्स सञ्चालन समितिको अध्यक्ष भई सामाजिक सेवामा सक्रिय रूपमा लागेको पाइन्छ । निरन्तर रूपमा कुनै न कुनै रूपबाट सामाजिक सेवाका क्षेत्रमा विमुख नभएको पाइन्छ ।

### ३.३.१.४ सम्पादक व्यक्तित्व

[123] भगवती विष्ट **भूपेन्द्र सुवेदीको व्यक्तित्व, जीवनी र कृtŒj**, शोधपत्र, अप्रकाशित २०६४ बाट ।

भूपेन्द्र सुवेदीले विभिन्न किसिमका पत्रपत्रिकामा सम्पादकको भूमिका पनि निर्वाह गरेको देखिन्छ । उनले स्थानीय स्तरमा प्रकाशित हुने **सुमन, कोसेली** पत्रिकाको सम्पादक तथा प्रधान सम्पादक भई काम गरेको पाइन्छ । त्यस्तै सुवेदी प्यूठानबाट प्रकाशित हुने प्यूठान समाचारपत्रका सल्लाहकार पनि भएको देखिन्छ ।

## ३.४. निष्कर्ष

प्यूठानमा जन्मिएका प्यूठानीभूमिलाई राम्रोसँग चिन्ने प्रयास गरेका सुवेदीले साहित्यका विविध अर्थात समग्र विधा कविता, गीत, गजल, हाइकु, मुक्तक, कथा, उपन्यास, निबन्ध, हास्यव्यङ्ग्य, खण्डकाव्य, महाकाव्य विधामा कलम दह्रो र प्रखर रूपमा चलेकोमा दुईमत देखिँदैन । त्यसका अलावा समय सान्दर्भिकता अनुरूपका भिन्न पत्रपत्रिकामा साहित्य लेख रचनाहरू पनि आइनै रहेको पाइन्छ । सम्पादनमा रूचि राख्ने सुवेदीको साहित्यिक व्यक्तित्वको सिक्काको अको पाटो समाजसेवी व्यक्तित्व रहेको देखिन्छ । यसरी सुवेदीलाई व्यक्तित्व र जीवनीको पाटोबाट मूल्याङ्कन गरिएको हो ।

# अध्याय -चार

## भूपेन्द्र सुवेदीका निबन्धहरूको अध्ययन

### ४.१. परिचय

वि.सं. २०२० बाट साहित्य सिर्जनामा लागेका भूपेन्द्र सुवेदीले साहित्यका, कविता, कथा, उपन्यास, खण्डकाव्य, महाकाव्य, निबन्ध विधामा कलम चलाएका छन् । लामो समयसम्म शिक्षण पेसामा लागेका सुवेदी सेवा निवृत्त (२०५५ मा) भएपछि खास गरी वि.सं. २०५९ पछि साहित्य सिर्जनामा सक्रिय रूपले लागेका सुवेदीको **भूपेन्द्र सुवेदीका निबन्धहरू** (२०६५, निबन्ध सङ्ग्रह) मा प्रकाशित निबन्ध सङ्ग्रह कृति हो । जम्मा जम्मी १५ वटा निबन्धहरू सङ्कलित उक्त कृति ७२ पृष्ठमा विस्तारित छ ।

यस निबन्धमा प्रकृति, संस्कृति, मानव, मानवता, नैतिकता, देशप्रेम, भाषा, साहित्य, शिक्षा, दर्शन आदिलाई विषयवस्तुगत परिधि बनाएका छन् । साथै सुवेदीका निबन्धले नैतिकता एवं आदर्शको पक्षपोषण गर्नुका साथै प्रकृति, संस्कृति, जैविक विविधता, धार्मिक एवं प्राकृतिक सम्पदा आदिको संरक्षण गर्नुपर्नेमा विशेष जोड दिएका छन् ।

### ४.२. ह्रासोन्मुख हाम्रो काव्य परम्परा

भूपेन्द्र सुवेदीको 'ह्रासोन्मुख हाम्रो काव्य परम्परा' निबन्ध २०६५ सालमा प्रकाशित **भूपेन्द्र सुवेदीका निबन्धहरू** सङ्ग्रहभित्रको पहिलो निबन्ध हो । यस निबन्धको विषयवस्तु साहित्य विषयलाई केन्द्रविन्दु मानिएको छ । ह्रासोन्मुख हाम्रो काव्य परम्परामा छन्दोबद्ध कविताको अर्थ र महत्व बताउँदै मितव्ययिता, ज्ञयात्मक एवं श्रृतिमाधुर्य हुने हुँदा काव्यशास्त्रको पहिचान नै छन्दशास्त्रमा निहित हुने तर्क अघि सारिएको छ र छन्दपरम्परालाई अद्वितीय सम्पदाको रूपमा हेरिएको छ । काव्य र फुटकर कविताका निम्ति चाहिने मूल तत्व छन्द हो भनी छन्दलाई

प्राथमिकताको विषय ठानिएको छ । यो निबन्ध सुवेदीले समालोचनात्मक तरिकाबाट ह्रासोन्मुख हाम्रो काव्य परम्परा शीर्षकको निर्माण गरेका छन् ।

यस निबन्धमा कविताको परिभाषा दिएर कवितामा छन्दले खेल्ने भूमिकाका बारेमा स्पष्ट पारिएको छ । त्यसै निबन्धमा छन्दको महत्व र उपयोगिता दर्शाउनका साथै छन्दको परिचय पनि दिइएको छ । छन्दमा पनि वार्णिक छन्दका सम्बन्धमा निबन्धकारको आफ्नो दृष्टिकोण प्रस्तुत भएको छ । पाठक वा स्रोताको मन जित्ने भनेका छन्दोबद्ध कविता हुन् भन्दै कविताका निम्ति चाहिने मूल तत्व छन्द ठानिएको छ । निबन्धमा छन्दको शाब्दिक अर्थ प्रस्तुत गर्ने क्रममा ढङ्ग, ढाँचा, छाँटकाँट वा लय हो भनिएको छ । कुनै कुरा बोल्दा वा पढ्दा गति, यति, बलाघात, स्वरघात, रस, अलङ्कार इत्यादिले पूर्ण छ भने त्यो अभिव्यक्ति छन्दमय हुन्छ भनिएको छ । त्यसो त अझ छन्द शब्द संस्कृतको ‘छद’ धातुबाट बनेको हो । छदको अर्थ बाँध्नु, फकाउनु, अभिनन्दित पार्नु, आकर्षित गर्नु इत्यादि हुन्छ । यसमा शुत्रबद्धताले धेरै भन्दा धेरै भाव समेटिने हुँदा समयको वचत हुन्छ । छन्दको आफ्नोपन भनेको नै मानिसदेखि पशुपङ्क्षी, कीटपतङ्ग समेतलाई यो छन्द भन्ने चिजले गहिरो प्रभाव पारेको देखिन्छ भन्दै निबन्धमा छन्दको महत्व देखाइएको छ ।

निबन्धमा रत्नाकार डाँकुजस्तो व्यक्तिलाई छन्दोबद्ध विरहको गीतले छोयो र उनी पछि रत्नाकार डाँकुबाट वाल्मीकिमा परिणत हुन पुगे । अझ उनी महाकवि समेत बन्न पुगे भन्ने कुराको उदाहरण प्रस्तुत गरिएको छ । यसरी यति साह्रो शक्ति छन्द कविता वा पद्य कवितामा हुँदो रहेछ जसले जो कसैको जीवनमा सचेत पार्नुका साथै आमूल परिवर्तन ल्याइदिँदो रहेछ भन्ने रहेको छ । छन्दको व्यवस्थिति आदिकवि भानुभक्त आचार्यले बसालेका हुन् । हामीले त्यो परम्परालाई ह्रास गर्दै गइरहेका छौं, सम्भार गर्न नसक्नु हाम्रो कमजोरी भनिएको छ । छन्दको प्रभाव विभिन्न भाषामा जस्तै हिन्दी, मैथिली, फारसी, उर्दू आदि भाषामा गहिरो प्रभाव देखाइएको छ । छन्दलाई जटिल ठानेर यसको परम्परा इतिहास र प्रयोगलाई बिर्सने हो भने हाम्रो काव्य परम्परा अझ ह्रास हुँदै जान्छ भन्ने निबन्धको सचेतना रहेको छ । कुनै पनि कुरा नियमपूर्वक सिकौं, सिकाउँ र व्यवहारिक पक्षलाई अपनाउँ भनिएको

छ । छन्दको नाम सुन्दा सबैले यसलाई जटिल कुरा सम्झन पुग्छन् तर यो आफैमा बुझ्न पनि सरल छ की, ह्रस्व, दीर्घ, मात्रा र गणको नियम भङ्ग भएमा छन्द बन्न सक्दैन । छन्दका प्रकार र प्रयोगको बारेमा छन्द सम्बन्धी नियम राम्रोसँग बुझेर छन्दोबद्ध कविता सिर्जना गर्नु जो कसैलाई आग्रह गर्न पुग्छन् ।

सुवेदीले हाम्रो काव्य परम्पराको इतिहास लामो छ यसलाई हामीले अनुसरण गर्दै जानुपर्छ, बुझेर बुझपचाउनेहरूले भने यसलाई ह्रासोन्मुख अर्थात् पतनतिर लान खोजेको कुरा उल्लेख गरेका छन् । काव्य मीठो तब बन्छ जसमा नियमको पालनाको खाँचो पर्छ । परम्परालाई जोगाइ राख्न, संस्कृतिलाई जोगाइ राख्न कुसंस्कृतिलाई जरैदेखि मिल्काउनु आवश्यकता ठानिन्छ । हाम्रा राम्रा परम्परालाई जोगाइ राख्नु सबैको कर्तव्य हो भन्ने सन्देश निबन्धमा प्रकट भएको छ ।

प्रस्तुत निबन्धमा जम्मा ११ वटा अनुच्छेदमा संरचित छ । साहित्य विषयलाई केन्द्र विन्दु मानिएको यो निबन्धमा निबन्धकारले चलन चल्तीका उखान, टुक्का प्रयोग गरेका छन् । निबन्धले उखानमार्फत पनि व्यङ्ग्य सिर्जना गरेको देखिन्छ । जस्तैः छन्दको नाम सुन्दा नै यसलाई 'फलामको चिउरा सम्झेर परपर सर्दै गर्दा यस्तो देखिएको हो ।' 'आयो गयो माया मोह, आएन गएन को हो को हो' भने जस्तै यसलाई नजिक्याउने प्रयत्न गर्‍यो भने यो सरल बन्दै जान्छ जस्ता उखानका झँटारोले निबन्धलाई मीठासपूर्ण पनि बनाएको छ । केही तत्सम र आगन्तुक शब्द प्रयोग गर्दै तदभव शब्दको उचित सन्तुलनमा सरल भाषाशैलीको प्रयोग यस निबन्धमा भएको छ र निबन्धलाई कलात्मक बनाइएको छ । हाम्रा राम्रा परम्परा जोगाइ राख्न पर्छ, । संस्कृतिको नाममा भित्रिएका कुसंस्कृति जरैदेखि उखेलेर मिल्काउनु पर्छ । गीत र कविताका निम्ति आवश्यक छन्दका सम्बन्धमा विस्तृत जानकारी प्रदान गरेर निबन्धकार सुवेदीले काव्यिक परम्पराको महत्व र स्तरीकरणमा विशेष जोड दिन आग्रह गरेको देखिन्छ ।

ह्रासोन्मुख हाम्रो काव्य परम्परा शीर्षकले व्यङ्ग्यसहितको सचेतना प्रस्तुत गरेको छ । यसैले गर्दा पनि शीर्षक विधान सार्थक देखिन्छ ।

## ४.३. 'श्र' को नालीबेली केलाउँदा

'श्र' को नालीबेली केलाउँदा निबन्ध भूपेन्द्र सुवेदीको, भूपेन्द्र सुवेदीका निबन्धहरूमा सङ्कलित दोस्रो निबन्ध हो । यस निबन्धमा भाषिक विषयवस्तु अन्तर्गत 'श्र' को नालीबेली रहेको छ । भाषिक चिन्तनसँग सम्बन्धित प्रस्तुत निबन्धमा 'श्र' वर्णको निर्माण प्रक्रियामा वैज्ञानिकता नभएको टिप्पणी गर्दै आधार विनाको 'श्र' वर्णको प्रयोग गरी श्रम, श्रृति, श्रावण, श्रद्धाजस्ता शब्दको जथाभावी प्रयोग गर्न नहुने विचार प्रस्तुत गरिएको छ । यसमा उनले लिपिज्ञाता अर्थात विज्ञहरूलाई ध्यान पुऱ्याउन आग्रह गरेका छन् ।

यो निबन्ध समालोचकीय आधार पद्धति शैलीबाट प्रयोग गरिएको छ । तालव्य 'श' बाट 'श्र' बनेको हो भने वर्णमाला लगायतका भाषाशास्त्रहरूमा त्यसको निर्माण प्रक्रिया स्पष्ट हुनुपर्ने दृष्टिकोण राखिएको छ । उनले यहाँ 'श्र' यदि तालव्य 'श' कै अङ्ग हो भनि क, ख को खुट्टो मर्काउँदा क्र, ख्र बनेजस्तै 'श' को खुट्टा मर्काउँदा 'श्र' किन बन्दैन ? 'श' कै 'श्र' विशेष रूप हो भने त्यसलाई 'श्र' पार्ने विधि के हो ? भनेर प्रश्न उठाएका छन् । 'श्र' अतिरिक्त अठार हो भने वर्णमाला र शब्दकोशमा छुट्टै अस्तित्व किन दिइएन, ॠ ऌ संयुक्त वैदिक लिपि भनी विदा गरिदिए जस्तो 'श्र'लाई विदा दिए के हुन्छ ? भनिएको छ । 'श्र' को उचित पूर्वरूप केही नदेखिनु, नेपाली भाषामा यत्रतत्र प्रयोग गरिनु, स्रोत खुलाई दिन बेवास्ता गरिनु, 'श्र' प्रति ठूलो अन्याय भएन र ? भनेर प्रश्नहरू थपिएको छ । उदाहरण पेश गर्दै निम्न शब्दहरूमार्फत 'श्र' बाट नेपालीमा श्रम, श्रदा, श्रावण, श्रवण, श्री, श्रुतिजस्ता अनेक शब्द बनेका हुँदा यसको निर्माण प्रक्रियामा विशेष चासो दिनुपर्छ भन्ने राय निबन्धकारले यस निबन्धमार्फत राख्न खोजेका छन् ।

नेपाली भाषा आफैमा पूर्ण भाषा होइन । यो भाषा संस् कृत, प्राकृत, शैरसेनी हुँदै बनेको यो भाषामा शब्द सापट लिने गरिन्छ । यस्तो कुराको महत्वपूर्ण अक्षर 'श्र'को वर्णमालामा छुट्टै अस्तित्व नहुनु तालव्य 'श' भित्रै गाँसिएर त्यसको निर्माण विधि अज्ञात हुनु भाषाशास्त्री मौन भएर त्यसतिर कुनै चासो नलिनुलाई अचम्मको विषय मान्नै पर्ने हुन्छ भन्ने कुरामा

निबन्धकारले गहिरो चासो लिएका छन् । भाषिक स्तरमा जनसाधारणले ‘श्र’को प्रयोगलाई सरल बनाएर बोल्ने गरेको पाइन्छ । यसरी उच्चारण गरेको पनि पाइन्छ जस्तैः श्रद्धाको ठाउँमा सर्धा, श्राद्धको ठाउँमा शराद्ध, श्रीको ठाउँमा शिरी भनिनु कुनै नौलो ठान्नु पर्ने कुरा देखिदैन बरू शब्द उच्चारणमा सरलता हुन जान्छ भन्न खोजिएको छ ।

मान्छे चेतनशील प्राणी हो र उसको सभ्यता नाप्ने यन्त्र भाषा हो । भाषालाई सरल बनाएर बोल्न सिकेमा स्थायित्व रहन्छ अन्यथा जटिल शब्दको प्रयोगले भाषा लोप हुने स्थिति हुन्छ । निबन्धले नेपाली भाषालाई स्तरीय भाषा ठान्दै यसलाई अझ स्तर उन्नति गर्दै लैजानु राष्ट्रभाषाको सही मापन हुन जान्छ भनेर पनि महत्व ठानिएको छ । व्यक्तिको व्यक्तित्व पहिचान स्तरीकरण उसको बोल्ने अभिव्यक्तिले थाहा लाग्छ । त्यसैगरी भाषा र साहित्यलाई उच्च मानवीय आदर्शको रूपमा, मानवीय आकर्षणको रूपमा अनुसरण नगरेसम्म राष्ट्रको समग्र दिगो मानवीय तथा भाषिक उन्नति हुन सम्भव छैन भन्ने कुरा निबन्धको सचेतना देखिन्छ ।

निबन्धकार सुवेदीको यस ‘श्र’ को नालीबेली केलाउँदा निबन्धमा पनि प्रसस्त उखान टुककाको प्रयोग भएका छन् । यस निबन्धमा पनि निबन्धकारले समालोचनात्मक शैलीको प्रयोग गरेका छन् । ‘श्र’ एउटा अक्षरमा नालीबेली केलाउँदा एउटाको अर्को प्रतिकारात्मक शब्द मार्फत निबन्धको शीर्षक बन्न पुगेको छ । कतै कतै आगन्तुक शब्दको प्रयोग पनि गरिएको छ भने कोमल, सुललित तत्सम शब्दसँग सन्तुलन मिलाउँदै तद्भव शब्दको उचित प्रयोग गरिएकोले निबन्धले सार्थकता पाएको देखिन्छ ।

### ४.४. पूर्वीय दर्शनको अपव्याख्या र परिणति

‘पूर्वीय दर्शनको अपव्याख्या र परिणति’ निबन्ध भूपेन्द्र सुवेदीको, भूपेन्द्र सुवेदीका निबन्धहरू निबन्ध सङ्ग्रहमा सङ्कलित तेस्रो निबन्ध हो । यस निबन्धमा दर्शनको विषयलाई आधार बनाएर लेखिएको छ । धर्म र दर्शनको अपव्याख्याका कारण समाजमा वर्गीय र जातीय परिपाटीको सुरुवात भई आजको समाजले, वर्गीय, जातीय, विकृति, दूर्दशा भोग्नु परेको तर्क

प्रस्तुत गरिएको छ । निबन्धमा अध्यात्मवाद र भौतिकवाद भित्रका अतिवादको खण्डन गर्दै वैदिक ग्रन्थहरूले गरेको युग विभाजनको रहस्यमय प्रसङ्गबारे गम्भीर चिन्तन पनि गरिएको छ ।

निबन्धकार सुवेदीले यो निबन्धमा पूर्वीय दर्शनको महत्व, उपयोगिता र औचित्यतामाथि प्रकाश पार्ने काम गरेका छन् । आधुनिक चिन्तन मनले ग्रस्त आजको समाज अत्यन्तै कुरूप र बनावटीको बाटोमा हिंडेको छ भन्दै त्यो बाटो निकै साँघुरो छ र अस्तव्यस्त पनि छ भनिएको छ । पूर्वीय दर्शनलाई नबुझ्केकाहरूले अपव्याख्या गरिरहेका छन् र पूर्वीय चिन्तनलाई रुढिवादी चिन्तन पनि भनेको पाइन्छ । यस कुराको खण्डन स्वरूप सुवेदीले यो निबन्ध लेख्न पुगेको देखिन्छ । विश्व ब्रह्माण्डलाई बुझी त्यसको व्याख्या गरिने बौद्धिक प्रयासलाई दर्शन भनिन्छ । यसले शाश्वत् सत्यको सिद्धान्तलाई तार्किक चिन्तन गरेर ठोस विश्लेषणात्मक स्वरूपको पुष्टि गर्दछ भनिएको छ । पूर्वीय दर्शनमा प्रकृति, ईश्वर, ज्ञान, विज्ञान, वस्तु, जीव र चेतना बारेको विवेचना तथा विश्लेषण गरिने विधाको रूपमा दर्शनलाई लिएको पाइन्छ । दर्शन, समय वा कालक्रमिक र परिस्थितिको उपज भएकाले कुनै प्राचीन दर्शन र अहिलेको दर्शन पछि गएर निरन्तर उही रूपमा उपयुक्त र सान्दर्भिक भइरहन्छ भन्न मिल्दैन । तर वर्तमान परिप्रेक्षमा ती प्राचीन दर्शन कतिपय व्यवहारमा सदावहार उपयोग जस्ता पनि देखिन्छन् । पहिलेको चिन्तन, नीति नियम र व्यवहारले भविष्यको बाटोको रेखा कोरिरहेको हुन्छ । कुरा बुझेर सिकेर यी व्यावहारिक पक्षमा आफू चल्नु पर्छ भन्ने प्रयास पनि निबन्धको रहेको छ ।

पूर्वीय दर्शनको यतिसम्म चरम अपव्याख्या गरियो वेदमा शरीरका विभिन्न अङ्गलाई उपनाम दिँदा मुखलाई ब्राह्मण, पाखुरालाई क्षेत्री, जाँघलाई वैश्य र खुट्टालाई शुद्र नाम दिएकोमा ब्राह्मणवाद लादिएर प्राकृतिक नियम विपरीत ब्रम्हका मुखबाट ब्राह्मण, बाहुबाट क्षेत्री, जाँघबाट वैश्य र खुट्टाबाट शुद्रको जन्म भएको भनी अनर्थ गरेर ब्राह्मणले वौदिक काम पढ्ने पढाउने, क्षेत्रीले बल र पौरखको काम शासन गर्ने र वैश्यले खेतीपाती व्यापार गर्ने र शुद्रले सेवा गर्ने नीति बनाई छुवाछुतको समेत व्यवस्था कायम हुन पुग्यो । यसरी विभिन्न

विभाजनका रेखा कोरियो । यसै कारणले गर्दा हाम्रो समाजमा प्रगति उन्नति हुन नसकेको हो भनिएको छ । विज्ञानले विविध कुराको पुष्टि गरेजस्तै पूर्वीय चिन्तनसँग सम्बन्धित विषय के रहेछ भने नजिकको रक्त सम्बन्धमा विवाह गर्न नहुने विषयलाई पूर्वीय दर्शनले थर, गोत्र, प्रवर आदि छुट्याएर त्यसभित्र विवाह गर्न बर्जित गर्ने थिएन । यसबाट हाम्रा पूर्वजहरूले जे जे विषयमा ग्रन्थहरू रचना गरे ती विज्ञान सम्मत थिए भन्ने कुरा निबन्धमा निबन्धकारको पुष्टि देखिन्छ । समयकालचक्रमा भौतिकतामा विश्वास बढ्नु युगको माग पनि हो । तर पूर्वीय दर्शनले चिन्तन मनन गरेर बनाएका दर्शन, आदर्श विचार सिद्धान्त, सृष्टिक्रम कोरा कल्पना बनावटी मात्र नभै वैज्ञानिक आधार समेत भएको तथ्य गम्भीरतापूर्वक मनन गर्ने आवश्यक देखिएको छ ।

निबन्धकार सुवेदीले यस निबन्धमा पृथ्वीको उत्पत्तिको सन्दर्भमा केही चिन्तनहरू प्रस्तुत गरेका छन् । आध्यात्मिक र वैज्ञानिक चिन्तन दुवै पाटाका मत छन् भनेका छन् । जसरी उत्पत्ति भए पनि बौद्धिक ग्रन्थहरू पृथ्वीको उत्पत्ति भएको अहिले एक अरब पन्चानब्बे लाख पाँच हजार र एक सय वर्ष पूरा भएको मानिएको छ भनेर आधार प्रस्तुत गरेका छन् । त्यसमा प्रत्येक युगका समय व्यतित वर्षहरू पनि उल्लेख गर्न खोजिएको छ ।

निबन्धमा पूर्वीय चिन्तनको महत्वलाई प्रस्टाउने क्रममा वादहरू विभिन्न हुन सक्छन् । क्रियाको प्रतिक्रिया आध्यात्मिक चिन्तनको अलवा भौतिक चिन्तनको व्यापक माग छ । पश्चिमी देशहरूले अपनाएको संस्कृति र उनको चिन्तनमा आएको परिवर्तनको आधार भनेको भौतिकवाद हो । पूर्वीय दर्शन प्राय एशिया महादेशमा पर्ने देश जो आफ्नो परम्परा संस्कृति र चिन्तन आदिको आधारबाट चलेका भन्ने हो । यहाँ उल्लेख गर्दा कुराको चुरो के देखिन्छ भने भौतिकवादी चिन्तनलाई अङ्गाल्दा पूर्वीय दर्शनका मर्यादा बिर्सदा आजको समाजमा मान्छे यता न उता, फँद न टुप्पाको स्थितिमा पुग्न सक्ने सम्भावनालाई दृष्टिगत गराउन खोजिएको देखिन्छ । पूर्वीय ग्रन्थका आधार वा दर्शन भनेका वेद, पुराण, गीता हुन् । यिनलाई दर्शनका आधार स्तम्भ मानिन्छ । वेद पुराणले उच निच भनेर छुट्टाएको छैन तर मानिसले विभेद गराउँछन् । वास्तवमा धर्मले कर्म गर भन्दै नीति नियम सिकाएको छ भनिएको छ ।

यस निबन्धमा अन्य निबन्धहरूमा जस्तै प्रसस्त उखान टुक्काको उक्तिहरूको विभिन्न दृष्टान्तहरूको प्रयोग गरेर रचिएको छ । यो निबन्धमा पनि आगन्तुक, तत्सम, तद्भव शब्दको सन्तुलित प्रयोग गरिएको छ । छोटा छोटा १० अनुच्छेदमा संरचित यस निबन्धमा निबन्धकारले समालोचनात्मक तबरले  अनुसन्धनात्मक रूपमा प्रस्तुति देखाउँदै निकै ओजिलो र चाखपूर्ण देखाएका छन् । दर्शनको महत्व र विशेषता देखाउनु यस निबन्धको अभिष्ट लक्ष्य प्राप्ति हो । त्यसैले दर्शनको महत्व आज मानिसको समाजमा अत्यन्त आवश्यक छ । सुवेदीले निबन्धमार्फत पूर्वीय दर्शनको अपव्याख्या नगर मार्ग खोल्ने आधार पूर्वीय दर्शन हो भनेका छन् । गलत कुरामा चिन्तन बढ्दै गएर दर्शनको अपव्याख्या भएर दुःख नपाउने मान्छेले दुःख भोगिरहेका छन् भनेर देखाउन खोजेका छन् ।

### ४.५. मातृममता

'मातृममता' निबन्धकार **भूपेन्द्र सुवेदीका निबन्धहरू** सङ्ग्रह भित्रको चौथो निबन्ध हो । यो निबन्ध सामाजिक विषयवस्तु अन्तर्गतको पृष्ठभूमि भएको निबन्ध हो । समसामयिक वस्तु स्थितिको चित्रण गर्दै मातृस्नेहलाई आदर्श रूपमा चित्रण गर्नु निबन्धको कथ्य विषय भएर आएको देखिन्छ । वर्णनात्मक शैलीमा लेखिएको यो निबन्धमा सुवेदीले आमाको महत्वमाथि प्रकाश पारेका छन् ।

यस निबन्धमा निबन्धकारले आमाको महिमा मुक्तकण्ठले गाउँदै आमाभन्दा ठूलो नाता संसारमा अर्को कुनै छैन भन्ने कुरा उल्लेख गर्न खोजेका छन् । हामीले आमाको मर्यादालाई जान्दैनौं आमाले आफ्ना सन्तानप्रति गरेको त्याग तपस्यालाई बुझ्नेनौं भने त्यो हामी सन्तानप्रतिको भूल हो भन्न सकिन्छ । निबन्धमा आमाको त्याग, समर्पण, मर्यादालाई बिर्सने अर्थात बिग्रिएका छोराछोरीलाई सम्झाउने प्रयास पनि गरिएको छ । प्रत्येक पलमा आमाको मायालाई आत्मसात् गर्नुपर्छ भन्दै निबन्धले आमाले बच्चा जन्माउँदा भोगेको दुःख कष्ट आवाज बोल्दै नौ महिनासम्म गर्भमा राखेर जन्म दिने आमाले सानो गड्यौला जत्रो शिशु जन्माएर हुर्काउन उनलाई परेको कष्ट कम्ती पीडादायी हुँदैन त्यो हामीले भूल्न हुँदैन भन्न

खोजिएको छ । शिशु जन्माएपछि उसलाई स्याहार सम्भार, पालनपोषण गर्ने जिम्मा सायद आमाको भन्दा अरू कसैले जिम्मा लिँदैनन् । बयान गरेर साध्य नलाग्ने कुरा के देखिन्छ भने की आमाले शिशुको दिसा पिसाब गरेमा उसलाई आफू सुतेको ठाउँतिर सुताइ आफु चिसोमा सुत्छिन्, स्तनपान गराई सधै चिरञ्जीविको कामना गर्छिन् । आमाले बिरामी पर्दा आफ्ना सन्तानलाई औषधी उपचारमा ध्यान पुऱ्याउँछिन् । सर्वप्रथम हृदय उनको दुख्छ किनकि सन्तानको पीडा उनमा बढी हुन्छ । यिनी प्रेरणाकी स्रोत र खानीको जति बयान गरे पनि कम्ति हुन्छ भनिएको छ ।

निबन्धकार सुवेदीले जन्मदिने आमा र मातृभूमिलाई समान महत्वकासाथ हेर्न खोजेका छन् । मातृत्वको जयगान, गुणगान गाउनुपर्छ भन्ने मात्र होइन सबैले त्यो भावना आत्मसात् गर्नुपर्छ भन्ने सन्देश पनि रहेको देखिन्छ । आमाले सन्तानलाई दुःख कष्ट गरेर हुर्काउँछिन् र ती सन्तानहरू टाढा टाढा जान्छन् तर आमालाई ती सन्तानको ममताले पिरोलिरहन्छ । आमाले सन्तान जन्माउँदाको पीडा सायद आमालाई बाहेक अरू कसैलाई बोध हुँदैन भन्ने भावनात्मक यथार्थता पनि निबन्धमा आएको छ । आमाको वास्तविकता प्रस्तुत गर्नु निबन्धको केन्द्रिय भाव पनि हो । आमाले शिशुलाई बढाई हुर्काइ उसको बारेमा रात दिन चिन्तित हुनुका साथै उसका प्रगतिका पथमा बढी भन्दा बढी चासो व्यक्त गर्छिन् । त्यसो त शिशुको पहिलो पाठशाला घर हो । अझ घरमा पनि उसको मुख्य जिम्मेवारी आमा हुन्छिन् उसलाई मीठो बोली बोल्न सिकाउने, ताते गर्न सिकाउने आदि क्रियाकलाप र शिक्षा आमाबाट भएको देखिन्छ । आमामा त्यसो गर्नमा कुनै स्वार्थ लुकेको हुँदैन । छोराछोरीलाई माया ममता प्रदान गर्ने निःस्वार्थभावमा दत्तचित्त भएर धर्तीमा एउटा सक्षम नागरिक बनाउने प्रयास आमाको हुन्छ भन्ने ठानिएको छ ।

छोटा छोटा जम्माजम्मी सात वटा अनुच्छेदमा संरचित 'मातृममता' निबन्ध विवरणात्मक शैलीमा अत्यन्तै कलात्मक तरिकाले लेखिएको निबन्ध हो । प्रत्येक भनाइहरू वास्तविक देखिने यो निबन्धमा निबन्धकार सुवेदीले शीर्षकको तालमेल र उद्देश्यसँग वास्तविक रूपमै मेल खुवाएका छन् ।

निबन्धकार सुवेदीले यस निबन्धमार्फत जन्म दिने आमा र कर्म दिने सबैको साझा आमा धर्ती मातालाई ठूलो ठानेका छन् । शिशुले आमाको कोखबाट जन्म लिएर टेक्ने पहिलो पाइला यही धर्ती माता हो यस हिसाबमा पनि यो धर्ती माताको ठूलो योगदान छ भन्ने निबन्धको महत्व हो । हामी जुन भूमिमा जन्मेर त्यहीको अन्न, जल, फलफूल खाई हुर्क्यौ उनै धर्ती माताको ममता नहुने त कुरै भएन । निबन्धकार सुवेदीले व्यक्तिगत आमा (जन्मदिने आमा) र साझा आमा (मातृभूमि) सृष्टि हुन्, स्थिति हुन विनास होइनन् भनेर सचेत पार्न पनि खोजेका छन् । मातृममतातर्फ गहिरो दृष्टि दिएर संयुक्त आमाको कल्पना पूर्ण गर्न सकिने कुरामा गम्भीर भएर लाग्नु पर्छ भन्दै तब मात्र आमाको ऋण तिर्न सकिन्छ । आमाको ऋण तिर्न सक्नु सच्चा छोराछोरी अर्थात् सन्तान कहलिन्छौं भन्ने निबन्धको उद्देश्य ठहरिएको छ ।

## ४.६. गौमुखी घुम्ने उत्कष्ठामा

'गौमुखी घुम्ने उत्कष्ठामा' निबन्ध **भूपेन्द्र सुवेदीका निबन्धहरू** सङ्ग्रह भित्रको पाँचौं निबन्ध हो । यात्रा स्मरणसँगै सम्बन्धित निबन्ध नियात्रात्मक शैलीमा लेखिएको छ । यसमा पवित्र तीर्थस्थल गौमुखीको धार्मिक, सांस्कृतिक, प्राकृतिक एवं ऐतिहासिक महत्वमाथि प्रकाश पारिएको छ । लुकेर छिपेर रहेका र ओझेलमा परेका धार्मिक सांस्कृतिक एवं प्राकृतिक वस्तुहरूको संरक्षण गर्नुपर्ने तर्फ निबन्धमा जोड दिइएको छ । गौमुखीको दिव्यता र महिमागान गर्दै यस्तो गौमुखी क्षेत्रलाई पर्यटकीय स्थलको रूपमा विकास गर्नुपर्ने सुझाव पनि निबन्धमा दिइएको छ । निबन्धमा प्यूठान जिल्लाको स्थानीय ठाउँ पूर्वी उत्तर प्यूठानको प्रसिद्ध नदी झिम्रुकको शिरमा अवस्थित गौमुखीको धार्मिक एवं पर्यटकीय विशेषतालाई स्पष्ट पारेका छन् । गौमुखी धार्मिक र पर्यटकीय क्षेत्रले ज्यादै प्रसिद्धि कमाएको ठाउँ हो ।

निबन्धमा गौमुखीको नामाकरण कसरी भएको हो भन्ने बारेमा उल्लेख गरिएको छ । गौमुखी भन्ने बित्तिकै हामीले यो बुझ्नु पर्ने रहेछ गाईको मुखबाट पानीका मुहान हुलहुल धाराहरू झरेका रहेछन् । गुफाबाहिर मन्दिर आकारको चार खाँवा गाडिएको एउटा भग्नावशेष टहरो रहेछ, त्यसको वरिपरि ठेका, मधानी, दाम्ला आदि चढाएका वस्तु रहेछन् । त्यसको

बायाँतर्फबाट गुफाभित्र पस्ने बाटो रहेछ । त्यो गुफा करिब बीस मिटर लामो र बाह्र मिटर चौडा भएको निबन्धकारहरूले अनुमान लगाएका रहेछन् । चट्टाने ढुङ्गाको ठीक गाईका आकारको प्राकृतिक मूर्ति र त्यसको मुख जस्तै आकारबाट पानीको ठूलो मुहान हुलहुल झरेको देखिन्छ । आँखा, कान, सिङ, पुच्छर, कल्चौंडो, खुट्टा सबै गाईकाझैँ लागेको रहेछ निबन्धकारलाई । मानिसले कुँदेर बनाएका चट्टाने ढुङ्गाका मूर्ति निबन्धकारलाई दुरुस्तै जस्तो लागेछ । जसले गर्दा पनि निबन्धकारको मनमा गौमुखी नामाकरण गरिएको ठाउँ सार्थक भएको महशुस भएको देखिन्छ । वास्तवमा धार्मिक तथा पर्यटकीय क्षेत्रको महत्व बढ्नका निम्ति ऐतिहासिक चिजले र धार्मिक तथा पुरातात्विक सौन्दर्य क्षेत्रले युक्त हुनुपर्छ भन्ने निबन्धकारले जोड दिएका छन् । मन्दिरको दायाँ बायाँतर्फ गुफा, वैशाख महिनामा पनि चिसो लाग्ने शितलता देखेर त्यस ठाउँले जो कसैलाई पनि लोभ्याउने कुरामा निबन्धकार विश्वस्त देखिन्छन् ।  त्यही गौमुखीको पानी हो जो झिम्रुक जलविद्युत आयोजना निर्माण भई बिजुली निकाली उज्यालो दिने काम गरेको छ । चलन चल्तीको नाम झिम्रुक भनिए पनि धेरै भाग सिंचाइ गरी प्यूठानको फाँट हराभरा पारेर अधिकांश प्यूठानीलाई खाद्यान्नको गर्जो टारिदिने काम पनि भएको छ ।

निबन्धकारलाई गौमुखी घुम्ने इच्छा, चाहनाले सताइरहँदा वि.सं. २०६३ वैशाख महिनामा उनको साइत जुरेको थाहा लाग्छ । उनले दुई जना साथीको साथ पाएर तीन जना मिलेर रमाइलो गफगाफ गर्दै गौमुखी यात्रा गरेको यात्रात्मक वर्णनका अनुभव निबन्धमा उल्लिखित छ । गौमुखीको नियात्रामा लाग्दा निबन्धकारले त्यस भेगका स्थानीय ठाउँ, बस्तीहरूको रहनसहनको बारेमा देख्ने र बुझ्ने मौका मिलेको कुरा निबन्धमार्फत अवगत गराएको देखिन्छ । स्थानीय ठाउँमा मात्र होइन आसपासका जिल्ला अनि ती अग्ला अग्ला डाँडा कम्ति रमाइला छैनन् , अत्यन्तै मनमोहक लाग्दा देखिएका रहेछन् । वास्तवमा एक ठाउँको अध्ययन भ्रमण अवलोकन गर्न हिंड्दा अरू अनेकन दृश्य परिदृश्यको अवलोकन गर्न पाउनु, थाहा पाउनु, प्रत्यक्ष साक्षात्कार हुन पाउनु पनि जो कसैको लागि ठूलो उपलब्धी पनि हो । भूपेन्द्र सुवेदीलगायत उनका साथीहरूले थाहा पाएर त हामी पाठक जिज्ञासुहरूले घुम्ने मौका नपाए

पनि जान्ने मौका पायौं तब जो कसैलाई पनि ती खबर पढ्न पाउँदा गौमुखी घुम्ने उत्कष्ठा, चाहनाले कुत्कुल्याउनु स्वाभाविक हुने देखिन्छ ।

स्थानीय ठाउँको पहिचान र महत्व उजागर गराउने प्रयत्न निबन्धले गरेको देखिन्छ । मनोरम दृश्य गौमुखी प्यूठानको धार्मिक तथा पर्यटकीय धरोहर क्षेत्र समुन्द्री सतहदेखि करिब एक्काईस सय पचास मिटरको उचाईमा पर्ने, त्यसै गरी प्यूठानको सदरमुकाम खलङ्गादेखि अन्दाजी तीस बत्तीस किलोमिटर पर्ने गौमुखी वरिपरिका अग्ला डाँडा, स्याउलीवाङ्को कोठेभीर पौरार्णिक दृष्टिले पनि अत्यन्तै चर्चित रहेको, रजबाराको तिखेचुली र अर्खाको पञ्चासेलेक आदि धार्मिक पौरार्णिक पर्यटकीय हिसाबले अत्यन्त महत्वपूर्ण सावित हुने कुरा निबन्धकारले विश्वास राखेको देखिन्छ । नियात्राकार सुवेदीलाई गौमुखीको प्राचीन इतिहास स्थानीय वृद्धले किम्बदन्ती बताइदिँदा मानौं मनको हुटहुटी पूरा भएको देखिन्छ ।

वास्तवमा लामो इतिहास किम्बदन्ती भएको गौमुखी जसको महत्व हामी प्यूठानीले बुझ्नु अत्यन्तै आवश्यक देखिन्छ । निबन्धले यस विषयमा सचेतना थपेको छ । धार्मिक क्षेत्रले पनि पर्यटकीय सम्भाव्यतालाई निम्त्याउँछ भन्ने कुरा यस गौमुखी क्षेत्रले पुष्टि गर्छ जस्तो लाग्छ । गौमुखी जस्तो मनोरम दृश्य, ऐतिहासिक ठाउँ, धार्मिक आस्था र जनविश्वासको क्षेत्र समग्र देशको पहिचान हुनुपर्छ । यस्ता चिजको संरक्षण र विकास गर्दै लानुपर्छ भन्ने निबन्धको जोड देखिन्छ । निबन्धकारले भनेका पनि छन् माल पाएर चाल नपाएका हामी भन्ने उखानले प्यूठानीहरूले त्यस क्षेत्रको व्यापक प्रचार प्रसार संरक्षण सम्बर्द्धन गर्न जान्नु पर्छ भन्ने कुरा पनि यस निबन्धमार्फत जो कसैलाई दृष्टिगत गराउन खोजेको देखिन्छ । चौध वटा अनुच्छेदमा संरक्षित यो निबन्ध नियात्रात्मक शैलीमा लेखिएको हो । अरू निबन्धमा जस्तै यसमा पनि उखान टुक्का प्रयोग भएका छन् । सरल भाषा शैलीमा लेखिएको यो निबन्धको संरचना र शीर्षक विधान अत्यन्तै मेल खाएको देखिन्छ । उद्देश्यात्मक शीर्षक रहेको निबन्ध स्थानीय धार्मिक एवं प्राकृतिक महत्वलाई सार्वजनिक गर्नु नै यो निबन्धको प्राप्ति हो ।

### ४.७. मानवताको मूल्याङ्कन

निबन्धकार भूपेन्द्र सुवेदीको 'मानवताको मूल्याङ्कन' निबन्ध **भूपेन्द्र सुवेदीका निबन्धहरू** निबन्ध सङ्ग्रहभित्रको छैठौं निबन्ध हो । यो निबन्ध सामाजिक विषयवस्तु अन्तर्गतको

सामाजिक निबन्ध हो । यो निबन्धमा निबन्धकारले सामाजिक पक्षको पृष्ठपोषण गर्दै समसामयिक वस्तुस्थितिको चित्रण गरेका छन् । निबन्धकारले व्यङ्ग्यमार्फत मानवमा मानव मूल्य एवं नैतिकता ह्रास हुँदै गएको कुरा व्यक्त गरेका छन् ।

निबन्धमा मानवमा 'ता' प्रत्यय लागेर मानवता भाववाचक नाम बनेको कुरा उल्लेख गर्दै मानवमा चाहिने गुण वा मनुष्य तत्व हराएर गएको कुरामा चिन्ता प्रकट गरिएको छ । यसरी 'ता' थपिएर बनेका दानवता, मूर्खता, वृद्धता, नैतिकता, मित्रता, हार्दिकता आदि थुप्रै शब्द प्रचलनमा छन् । नाम वा विशेषण जहाँ 'ता' थपिएर पनि त्यसमा हुनुपर्ने ज्ञान, गुण, अवगुण, अज्ञान आदिले पूर्ण भन्ने बुझिन्छ भन्ने कुराका तर्क राखिएको छ । मानवताको मूल्याङ्कन अर्थात मनुष्यमा भएको मानवता, नैतिकतालाई मूल्याङ्कन गर्ने क्रममा समाजका हरेक पक्षको, क्षेत्रको मूल्याङ्कन देखाउने प्रयास गरेका छन् । उनले राष्ट्रका हरेक क्षेत्र, निकायमा, गाउँ होस् या सहर, अड्डा, अदालत, विद्यालय, विश्वविद्यालयदेखि लिएर व्यापार, उद्योगधन्दा होस् या राजनीति गर्ने राजनीतिज्ञ जतातत्तै खोजे पनि मानवता, नैतिकता, नम्रता, शालीनता आदि कुरा ह्रास हुँदै गएको पाइन्छ भन्ने कुरातर्फको चासो राखेको देखिन्छ । मानवमा अमानवता गाँजिदै गएको कुरामा निबन्धमार्फत बताउने प्रयास गरिएको देखिन्छ ।

आजको सभ्य भनिने समाजमा मान्छेले आफ्नो मान्छे जातिको अवमूल्यन गर्दै गएको कुरामा निबन्धले इङ्गित गरेको देखिन्छ । निबन्धकारले मानवतालाई खेलवाड गर्नेलाई अत्यन्तै कलात्मक तरिकाले व्यङ्ग्य प्रहार गरेको देखिन्छ । यहाँ के कुराको उल्लेख गरिएको छ भने- "हिजोआज मानवता, नैतिकता, कर्तव्य परायणता, पारदर्शिता, विवेकशीलता आदिका पछाडि लाग्ने परसर्ग 'ता' अलप भएका छन् । तर मूर्खता, दानवता, भ्रष्टता आदि अद्योगतितिर धकेल्ने 'ता' तीव्र रूपमा मौलाइरहेका छन्" (पृ.२४) । व्यङ्ग्यमार्फत मानवलाई सचेतता अर्थात आँखा खोल्ने प्रयास गराउनु निबन्धको लक्ष्य एवम् उद्देश्य रहेको देखिन्छ ।

निबन्धकार सुवेदीको 'मानवताको मूल्याङ्कन' निबन्ध छोटो आकारको जम्मा सात अनुच्छेदमा सङ्कलित भएर रहेको छ । निकै चोटिला र गर्मिला लाग्ने व्याङ्ग्यात्मक भनाईले साँच्चैनै निबन्धको उद्देश्यमा सफलता देखिन्छ । मानव विवेकशील प्राणी हो, विचारवान, चिन्तक,

सहयोगी, महत्वाकाङ्क्षी, अग्रगामी दृष्टि राख्ने आदिले सम्पन्न मान्छे भन्दा अर्को प्राणी छैन त्यही सुझबुझलाई व्यवहारमा परिणत गर्नुपर्ने कुरातर्फ निबन्धको जोड रहेको छ । यहाँ निबन्धमा मानवता मानिसबाट हराउँदै गएको छ भन्ने कुराले के पुष्टि गर्छ भने जनावरहरूको उदाहरण प्रस्तुत गर्दै जनावर आफूले जन्माएको बच्चालाई निल्न सक्छन् अर्थात आफ्नो आहारा बनाउँछन् । मान्छेले अझ सबै प्राणीलाई आफ्नो बाटोमा हिंडाउन सफल भएको देखिन्छ तर मान्छेले मैखाउँ मैलाऊँ सुखसयलमा मै बसु भन्ने सब थोक मै हुँ, सर्वेसर्वा मै हुँ भन्ने लाछी, स्वार्थी र दुर्बलहरूले गर्दा आज मानवतामा ठूला ठूला सङ्कट खडा भएका छन् । जसले गर्दा मानवताको मूल्याङ्कन गर्न कठिन भएको कुरा यहाँ अभिव्यक्त भएको छ । मान्छेले आफ्नो अपुरणीय क्षतिबाट पाठ सिक्ने प्रयास गर्दैन जसले गर्दा सङ्कटहरू निम्तिदै गइरहेका छन् । मानवतामा दानवता बढ्दै गईरहेको कुरामा निबन्धकार चिन्तिन रहेको देखिन्छ । दानवता होइन मानवता जागृत होस्, मौलाउँदै जाओस् भन्ने कुरामा निबन्धको उद्देश्य रहेको देखिन्छ ।

सरल कलात्मक भाषाशैली मीठा मीठा उखान टुक्काको प्रयोग गरिएको यो निबन्ध छोटो आकारको निबन्ध हो । विशेषण शब्दहरूको प्रयोगले निबन्धलाई अझ मौलिकता थपेको देखिन्छ । परसर्ग र उपसर्गको कुराले नाम पद र त्यसमा जोडिने विशेषणले शब्द बनावटमा उद्देश्यसँग अर्थात निबन्धको तात्पर्यसँग मेल खुवाउने प्रयास गरिएको छ । मानवतासँग नैतिकता ज्यादै नजिकको नाता रहेको कुरा जसमा मानवता भएको महसुस हुन्छ त्यसमा नैतिकता पनि एकाकार भएर बसेको हुन्छ भन्ने निर्देशात्मक भनाइले निबन्धको दृष्टिगत पुऱ्याएको देखिन्छ । भाववाचक नामसँग निबन्धको शीर्षकको तालमेल राखेर तुलनात्मक गर्न खोजिएको देखिन्छ ।

### ४.८. प्रमाण पत्रको कैफत

'प्रमाण पत्रको कैफत' **भूपेन्द्र सुवेदीका निबन्धहरू** निबन्ध सङ्ग्रह भित्रको सातौं निबन्धका रूपमा सङ्कलित निबन्ध हो । शिक्षा विषयसँग केन्द्रित प्रमाण पत्रको कैफत निबन्धमा

वर्तमान अव्यवहारिक शैक्षिक परिपाटीले समाजमा अस्तव्यस्तता भित्रिएको कुराप्रति निबन्धको व्यङ्ग्य रहेको छ ।

निबन्धमा भनिएको छ ज्ञान र क्षमतालाई प्रमाणपत्रीय तुलनामा तौलन नहुने तर्क प्रस्तुत गरिएको छ । शैक्षिक विकृति विसङ्गति भित्र्याउनेहरूप्रति तीव्र रूपमा व्यङ्ग्य हानिएको देखिन्छ । गुणस्तरीय शिक्षालाई पर सारेर देखावटी शिक्षाको अनुकरण गर्नेहरूले समाजलाई अझ समग्र शिक्षा क्षेत्रलाई अद्योगतितिर धकेलिरहेका छन् भन्ने तर्फ निबन्धको ध्यान पुगेको देखिन्छ । शिक्षाको विकास विस्तार गुणस्तरीय शैक्षिक जनशक्ति उत्पादन गर्नुको सट्टा आजभोलि शिक्षालाई ठगी खाने भाँडो गराइराखेको पाइन्छ । आजको समाजमा र परिवेशमा शिक्षा पाउनु ठुलो कुरा भएन की प्रमाणपत्रको चाङ्ग लगाउनु ठुलो कुरा हुन थालेको देखिन्छ । जसले गर्दा शैक्षिक विकृति विसङ्गति भित्रनगई कमजोर, अदक्ष जनशक्ति उत्पादन भएर अस्वस्थ्य प्रतिस्पर्धाले समग्र शिक्षाक्षेत्रलाई धमिल्याउने प्रयत्न भएका कुरालाई निबन्धकार सुवेदीले शैक्षिक अवस्थाको स्थिति बताएको देखिन्छ ।

निबन्धमा व्यङ्ग्यमार्फत सचेत पार्न प्रयास भएको देखिन्छ । योग्यताको वास्तविक कसी प्रमाण पत्र नहुने तर उसको क्षमता लगनशीलता आदि कुरा रहन्छन् । प्रमाणपत्र मात्रै प्राप्त गर्छु भन्ने ध्याउन्नले शिक्षामा अवश्य विकृति निम्त्याउँछ । मात्रात्मक शिक्षा भन्दा गुणात्मकतर्फ ध्यान पुग्नु पर्छ तब मात्र सही दिशानिर्देश हुन्छ भन्ने मान्यता अघि सारिएको छ ।

निबन्धकार सुवेदीले निबन्धमार्फत समाजका विभिन्न ओहोदामा रहेका व्यक्तिहरूलाई आधार बनाएर त्यहाँ हुने विकृतिको तथ्य पनि प्रस्तुत गरेको देखिन्छ । जस्तै : “हाम्रो सजमामा देखा परेका अपराध, विकृति, विसङ्गति र दुराचारमा ९५ % का प्रणेता प्रमाणपत्रधारी र उच्च पदासिन व्यक्ति नै प्रमाणित हुन्छन् (पृ.२७) ।” वास्तवमा व्यक्तिको औपचारिक शिक्षा र अनुभवको संगालो नियमित हुने हुँदा लक्ष्यमा पुग्ने मार्गदर्शक अवश्य देखिन्छ तर त्यो बाटो सजिलो इज्यतिलो, इमान, जमान भएको पथलाई फोहोरी घृणित र दुर्गन्धित बाटो बन्दै गएको छ । त्यस्ता व्यक्तिहरू र ती प्रवृत्तिहरूले आफू स्वयम् साथै समाजलाई पनि

ठगिदिएका छन् । त्यति मात्र होइन नक्कली प्रमाणपत्र र ठगीको बिगबिगीले गर्दा विकृति झनै निम्त्याउँदै गएको कुरा तर्फ निबन्धकारको चिन्ता देखिन्छ । आजको युग विज्ञापनको युग जस्तो भएको छ । जसले समाजमा आफ्ना प्रमाणपत्रको विज्ञापन गर्न सक्यो वा जान्यो त्यसका भरमा ज्ञानको तौल गरी मूल्य निर्धारण गरेर नबोल्ने देवतालाई मन्दिरमा राखेर प्राण प्रतिष्ठा गरेजस्तै एक भनाइका आधारमा पदासिन गरिने प्रवृत्ति बढेको छ जसले गर्दा कस्तो होला शिक्षा क्षेत्र ? भनेर त्यस्ता नराम्रा प्रवृत्तिमाथि औंला उठाइएको छ ।

निबन्धले सचेतताको बाटो पनि देखाएको छ । शिक्षाको मूल उद्देश्य मानव सभ्यताको इतिहासबाट प्रसस्त ज्ञान र अनुभव बटुली स्वस्थ, सुन्दर, सुखी, समुन्नत र मानवतावादी समाजको निर्माणमा योगदान पुऱ्याउने ज्ञान प्राप्त गर्नु हो भन्ने हो । शिक्षाको उद्देश्य प्रस्तुति गर्नु, महत्व दर्शाउन खोज्नु निबन्धको लक्ष्य रहेको देखिन्छ । शिक्षाको उद्देश्य इतिहासका पाठ मनन्, चिन्तन गरेर रचनात्मक योगदान दिएर सन्ततिलाई उज्जवल भविष्य सुम्पने दायित्व आजको समाजको हो । शिक्षा र ज्ञानको महत्व प्रयोगमा हुन्छ दुवै चिज जति बाँड्यो त्यति बढ्ने चिज हुन् । प्रमाणपत्र ज्ञान नाप्ने नापो मात्र हो । नापीमा कैफत भयो भने त्यो देखावटी मात्र हुन्छ भन्ने तर्फ उद्देश्यात्मक दृष्टि पनि निबन्धले लिएको देखिन्छ । सही ज्ञान प्राप्त गरी त्यसको व्यवहारमा प्रयोग नै मूल लक्ष्य अर्थात साझा लक्ष्य हुनुपर्छ भन्ने देखिन्छ ।

झुट नक्कली प्रमाणपत्रहरूलाई निमिट्यान्न पार्नुपर्छ भन्ने उद्देश्य प्रमाणपत्रको कैफत निबन्धको रहेको देखिन्छ । साथै शिक्षा र ज्ञानको महत्व प्रयोगमा आधारित हुन्छ, प्रयोग विनाको शिक्षाको कही कतै मूल्य हुँदैन । ज्ञान  सुधारको निमित्त हो । प्रमाणपत्र ज्ञान नाप्ने नापो मात्र हो । नापोमा कैफत भयो भने त्यो देखावटी मात्र हुन्छ । सही ज्ञान प्राप्त गरी त्यसको व्यवहारमा प्रयोग नै मूल लक्ष्य हुनुपर्छ भन्ने निबन्धको निर्देश छ । ज्यादै कलात्मक तरिकाले सुवेदीले आफ्ना विचारहरू निबन्धमा राखेका छन् । कुनै लामा अनुच्छेद त कुनै छोटा छोटा चार लाइनका अनुच्छेद गरी जम्मा जम्मी दश अनुच्छेदमा सङ्कलित रहेको देखिन्छ । वर्णनात्मक शैलीमा लेखिएको प्रस्तुत निबन्ध सरल भाषा शैलीमा लेखिएको छ ।

निबन्धले व्यङ्ग्यात्मक प्रहार गर्दै सचेततातर्फ अगाडि बढ्न प्रेरित गरेको देखिन्छ । निबन्धभित्रको अन्तरवस्तुले गर्दा निबन्धको शीर्षक सार्थक देखिन्छ ।

## ४.९. बसिबियाँलो

'बसिबियाँलो' **भूपेन्द्र सुवेदीका निबन्धहरू** निबन्ध सङ्ग्रहभित्रको आठौँ निबन्ध हो । यो निबन्ध भूपेन्द्र सुवेदीको सामाजिक विषयवस्तु अन्तर्गतको निबन्ध हो । यो निबन्धमा निबन्धकारले व्यवहार उपयोगी भोगाइ, अनुभव र खारिएका विचारहरू सशक्तरूपमा प्रस्तुत गरेका छन् । साथै उनले नैतिक मूल्य र मान्यतालाई आत्मसाथ गरेर समाज सेवामा लाग्नुपर्ने, राष्ट्र सेवामा समर्पित हुनुपर्ने विचार प्रस्तुत गरेका छन् ।

निबन्धकार सुवेदीले व्यङ्ग्यात्मक तरिकाले समाजका खराब पक्षको पर्दाफास गर्ने प्रयास गरेका छन् "धुम्रपान र मद्यपान दुवै विष भए पनि धुम्रपान मन्द गतिको विष हो भने मद्यपान तत्कालै प्रभाव पार्ने विष हो ।" देशका सबै समस्या समाधान गरी राष्ट्र उन्नति गर्ने जिम्मा लिएको सरकार समेत यी दुवै पान निषेध सम्बन्धमा सतर्क भएको आजसम्म इतिहास छैन ( पृ.३०) भनेर व्यङ्ग्य हानिएको छ । निबन्धकार सुवेदीले लागू पदार्थको दुर्व्यसनबाट युवा जनशक्ति कर्तव्यबाट पलायन भइरहेको यथार्थलाई पुष्टि गर्ने प्रयास निबन्ध मार्फत गरेका छन् । कुप्रवृत्तिबाट नत व्यक्तिको विकास हुन सक्छ नत राष्ट्रको चौतर्फी विकास हुन सक्छ त्यसले त समाजलाई अद्योगतितर्फ लैजान्छ भन्ने धारणा अघि सार्छन् ।

निबन्धकार सुवेदीले समाजमा भइराखेका, हुने गरेका घटना र प्रवृत्तिहरूलाई टपक्क टिपेर निबन्धमा गाँस्ने प्रयास गरेका छन् । चेतनशील प्राणी मानिस उसलाई खाँदा, बस्दा, सुत्दा आराम गर्दा कहिले पनि मानसिक फूर्सद हुँदैन । त्यतिमात्र होइन सुत्ने बेलामा समेत केही चिन्ता गरी सुत्दा कहिले अनुकूल र कहिले प्रतिकूल सपनादेखि हर्ष वा विस्मातमा पौडिरहन्छ । त्यसैले त्यो मनलाई थान्को लगाउन विचार परिवर्तन गरी यो पनि भयो उ पनि भयो भन्न सकिने बसिबियाँलोलाई विषय बनाएर नकारात्मक सोच राख्नेलाई अर्थ न व्यर्थका

कुरा गरेर सकारात्मक सोच राख्नेलाई पनि आटा न पिठाका कुरा गरेर समय गुजार्ने जमर्को हुने गर्छ भन्ने कुराको चिन्ता निबन्धकारले प्रस्तुत गरेका छन् ।

निबन्धकार सुवेदीले मानिसका आनी बानी व्यवहार आचरण आदि प्रवृत्तिको चिरफार गर्ने निबन्धमार्फत प्रयास गरेका छन् । नेपालीको औसत आयु ६० वर्ष देखिन्छ भन्दै २० वर्ष उमेर जति त मानिसको सुतेरै बित्छ, बालककाल, वृद्धा अवस्था, मेला, पर्व, सूचि, नीचि, बिरामी अवस्था, मनोरञ्जन आदिलाई त्यही बाँकी आयुबाट समय लिँदा साँच्चै केही उन्नति प्रगति गरेर बिताउने समय २० वर्ष हुने गर्छ त्यही समयलाई पनि सही रूपमा सदुपयोग भएको हुँदैन । मानिसको धेरै समय बसिबियाँलोमा बित्छ भनेर शीर्षक र अन्र्तवस्तुसँग तालमेल खान पुगेको देखिन्छ । यथार्थमा समयको प्रत्येक पलले हामी सबैलाई मृत्युको मुखतिर धकेलिरहेको हुन्छ । वर्तमानमा समयलाई व्यतित गर्नेलाई भविष्यमा समयले अवश्य लखेट्छ । यसर्थ समयको सही रूपमा सदुपयोग जसले गर्न जान्यो त्यसले सफलता पनि प्राप्त गर्छ भन्ने यथार्थता निबन्धको प्रस्तुति हो । यस निबन्धमार्फत सुवेदीले धुम्रपान, मद्यपान, जाँड, रक्सी खाएर दिन बिताउनेहरूको जमात दिन प्रतिदिन बढ्दै गएको छ भन्दै घरपरिवार भोकभोकै मरिरहेका हुन्छन् तर दुई चार पैसा जुटाई भट्टी पसलमा धाउने र जाँड रक्सी खाने व्यक्तिहरूको नाजुक अवस्थालाई देखाउन खोजेका छन् ।

विशेषतः निबन्धको व्यङ्ग्यात्मक तरिकाबाट समाजका खराब पक्षलाई सही मार्गतर्फ लाग्न प्रोत्साहित गर्ने प्रयत्न भएको देखिन्छ । व्यक्ति व्यक्तिको सोच राम्रो र असल हुने हो भने समाज र देश बन्न समय लाग्दैन । लक्ष्य ठूलो लिँदै अगाडि बढ्दै कामलाई निरन्तरता दिँदै गयो भने व्यक्ति र समाजको उन्नति हुन्छ भन्ने कुरातर्फ दृष्टि देखाउने प्रयत्न गरिएको छ । अल्छीलाई मीठो मीठो खान मन लाग्ने उखान चरितार्थ नहोस् भन्ने निबन्धको उद्देश्य देखिन्छ ।

उखान टुक्काको प्रसस्त प्रयोग भएको यो निबन्धमा लामा लामा जम्मा जम्मी नौ अनुच्छेद रहेका छन् । कतै कतै अङ्ग्रेजी शब्द पनि प्रयोगमा ल्याइएको देखिन्छ । आगन्तुक शब्दको प्रयोग भए पनि ठेँट नेपाली शब्दले निबन्ध रोचक देखिन्छ । उखान टुक्काको शब्द वाणले

व्यङ्ग्य प्रधान निबन्ध लागे पनि समाजका हरेक पक्षका विकृति विसङ्गतिलाई देखाउने प्रयास गरिएको छ । सामाजिक विषयवस्तु प्रधान यो निबन्धको शीर्षक उचित देखिन्छ । प्रस्तुत निबन्धमा विवरणात्मक र तथ्य प्रधानसहित यथार्थमा आधारित निबन्ध हो । सरल भाषाशैली, समाजमा भए गरेका भोगेका देखेका र अनुभवजन्य कुरालाई टपक्क टिप्ने प्रयत्नले गर्दा यो निबन्ध समाज सुधारतर्फको बाटोमा सार्थक देखिन्छ ।

### ४.१०. 'म' को पृष्ठभूमि खोज्दा

'म को पृष्ठभूमि खोज्दा' भूपेन्द्र सुवेदीका निबन्धहरू निबन्धसङ्ग्रहभित्रको नवौं निबन्ध हो । यो निबन्ध सामाजिक विषयवस्तु अन्तर्गतको निबन्ध हो । मानिसका आलसी एवम् कामचोर प्रवृत्तिमाथि व्यङ्ग्य गर्नुका साथै मपाइँवादका कारण जतातततै द्वन्द्व, हिंसा, युद्ध, भड्किएको तथ्यको उद्घाटन गर्नु यो निबन्धको केन्द्रीय कथ्य बनेको छ ।

मानिसको अहङ्कारले विश्व बन्धुत्व र विश्व भातृत्वप्रति प्रश्नवाचक चिन्ह लगाइरहेको छ । 'म' नै हुँ भन्ने अहम्वादले सबै क्षेत्रमा नगर्नु धेरै गरेको अवस्थाको कुरा निबन्धले उल्लेख गरेको छ । 'म' कै कारणले सामाजिक मान मर्यादा छिन्नभिन्न भई समाज बिग्रिएको छ साथै विश्वमा ठूला ठूला युद्ध मच्चाई रहेका छन् । वास्तवमा यो 'म'वाद भनेको अहमता हो । जबसम्म व्यक्तिमा त्यो अहमता हटेर जाँदैन तबसम्म हामी सबैको कल्याण हुन सक्दैन भन्ने हो । प्रस्तुत निबन्धमार्फत सुवेदीले 'म'बाट 'हामी' सबैमाथि उठेर हामीको परिभाषा बनाउनु पर्ने मान्यता राख्छन् । नेपाली वर्णमालाको त्यस्तो राम्रो 'म' प्रथम पुरुषलाई व्यवहारमा पनि राम्रो किसिमले उपयोग गर्नुपर्छ भन्ने सन्देश दिइएको छ ।

निबन्धकार सुवेदीको 'म'को पृष्ठभूमि खोज्दा अर्थात यो 'म'को इतिहास, तथ्य र वास्तविकता खोज्दा निबन्धले समाजमा चेतना जगाउने प्रयत्न गरेको छ । बिग्रिएको भत्किएको समाजलाई सजग बनाउने प्रयत्न गर्नु यस निबन्धको उद्देश्य रहेको देखिन्छ । मानिसले आफूमा भएको अपनत्वको भावनालाई बिर्सिएर अहमता अर्थात अहंकार मनमा राखेर चलिरहेको छ जसले गर्दा अप्ठ्यारा, जटिलताका समस्याहरू सिर्जना भएका छन् । जसको कारणले गर्दा यो 'म'को

परिभाषा र यथार्थता लुटिन पुगेको भान हुन्छ । वास्तवमा यो 'म' को सामान्य चिनारी खोज्ने हो भने देवनागरी वर्णमालाका व्यञ्जन वर्णहरू पच्चिसौँ वर्ण, ओष्ठ्य, सघोष, अल्प्राण अनुनासिक ध्वनि 'प' वर्गको अन्तिम वर्ण भनिएको छ भन्ने कुरा निबन्धमा उल्लेख रहेको छ । अझ भन्ने हो भने 'म' व्याकरणका हिसाबले उत्तम पुरुषको एक वचनलाई बुझाउने सर्वनाम शब्द भन्ने पनि देखिन्छ । त्यसो त तँ, तिमी, तपाइँ, तपाइँहरू मध्यम पुरुष, त्यो, ती, तिनीहरू, उनीहरू, अन्य पुरुष र 'म' उत्तम पुरुष भनिनुले पनि आफैलाई मात्र उत्तम र सर्वेसर्वा भनेर अरूलाई नीच देखाइएको स्वतः स्पष्ट हुन्छ ।

विशेषतः 'म' को महिमा, नतेर्साउने कुनै व्यक्ति वर्ग, समूह र शक्ति छैन उसले आफूमा भएको 'म' को रवाफ नदेखाओस् सबै ठाउँमा विद्यमान रहेको देखिन्छ । निबन्धकार सुवेदीले केही दृष्टान्त प्रस्तुत पनि गरेका छन् जस्तैः डाक्टरले मैले बिरामी निको पारेँ, म थिएँ र त त्यो मनुष्य बाँच्यो, शिक्षकले म थिएँ र पो यिनीहरूले ज्ञान पाए, गाडी चालक, हवाइजहाज, रेल चालक सबैले 'म' थिएँ र पो यिनीहरूलाई सुविधा भयो भन्ने दम्भ यिनमा छ । त्यति मात्र होइन किसान, व्यापारीले मैले गरी दिएको थिएँ र त यिनीहरूले खान पाएका छन् भन्ने सर्वत्र क्षेत्रमा 'म' को बिगबिगी रहेको छ । वास्तवमा 'म' भन्ने शब्दले कसैलाई पनि अप्ठ्यारोमा पारेको छैन तर 'म' भित्र लुकेको अपनत्व, आफ्नोपन व्यक्ति विशेषमा अहमता र अहंकारमा गाँजियो उक्त कुरा 'हामी' भन्ने भावनामा परिणत भएन भन्ने निबन्धको व्यङ्ग्यात्मकताको सचेतता हो । निबन्धकार सुवेदीले 'म' को चर्चा परिचर्चा गर्दै यसको परिभाषा खोज्दा अध्ययन गर्दा आजको विश्वमा प्राप्त गर्ने र गुमाउने दुवै 'म' का परिणाम हुन् । प्राप्तितिर चेतनासहितका सम्पूर्ण वैज्ञानिक उन्नतिहरू पर्दछन् भने ऋणात्मकतातिर व्यक्ति वा राष्ट्र राष्ट्रकाबीच आपसी खिचातानी, गृहकलह, धर्म संस्कृति आदिको अहम्का परिणामहरू देखा पर्दछन् (पृ. ३४) मा उल्लिखित रहेको छ । "हामीभित्र सबै अटाउँछ 'म' भनेको एक्लो हो ।" हामी भन्ने भावना र व्यवहार भयो भने म भन्ने चिजमा रहेको अहंकार हटेर जान्छ 'म' राम्रो होइन हामी भन्ने राम्रो चिज हो भन्ने चिन्तन भयो भने म भित्रको हामी त्यसै राम्रो हुन्छ भन्ने निबन्धको धारणा रहेको छ । देवनागरी वर्णमालाका व्यञ्जन

वर्णहरू अन्तर्गत पच्चीसौं वर्ण, ओष्ठय, सघोष, अल्पप्राण भनिएको 'म' वर्ण व्याकरणको हिसाबले उत्तम पुरुषको एक वचनलाई बुझाउने सर्वनाम शब्द भन्ने पनि गरिन्छ ।

यसरी लामा र छोटा छोटा गरी जम्मा जम्मी नौ वटा अनुच्छेदमा सङ्कलित यो निबन्ध कतै विवरणात्मक त कतै अनुसन्धनात्मक पद्धति अँगालेर लेखिएको छ । तथ्यपूर्ण कुराहरू प्रस्तुत गर्दै निबन्धले व्यङ्ग्य पनि प्रहार गरेको देखिन्छ । 'म' वाद होइन 'म' भित्र गाँजिएर रहेको मपाइँ वादलाई हटाएर हामी सबै भन्ने भावना हुनुपर्छ भन्ने चेतना जगाउन खोज्नु निबन्धको लक्ष्य देखिन्छ । सरलभाषा शैलीमा लेखिएको निबन्धमा उखान टुक्का, उक्तिहरूको उचित ठाउँ र प्रसङ्ग अनुसार प्रयोग भएका देखिन्छन् । भाषा र व्याकरणको कुरा पनि 'म' को परिभाषा खोज्ने प्रसङ्गमा आएको देखिन्छ जसले गर्दा शीर्षकसँग निबन्धको तालमेल रहेको देखिन्छ ।

## ४.११. नेपाल परिदर्शन

'नेपाल परिदर्शन' **निबन्ध भूपेन्द्र सुवेदीका निबन्धहरू** निबन्ध सङ्ग्रहभित्रके दसौं निबन्ध हो । यो निबन्ध सिङ्गो देशको दिग्दर्शनसँग सम्बन्धित छ । यसमा सिङ्गो पृथ्वीलाई घर मानी नेपाललाई त्यस घरको खर खजाना राख्ने सुन्दर र स्वर्गीय कोठाको रूपमा चित्रण गरिएको छ । प्रस्तुत निबन्धमा नेपालको प्राकृतिक, सांस्कृतिक एवं पुरातात्विक सम्पदाप्रति मोह प्रकट गरिएको छ ।

नेपालको भूबनोट, जलवायु, खनिज, कलाकृति, जडीबुटी, पशुपङ्क्षी, धर्म, संस्कृति आदिमा देखिएको विविधताको मार्मिक रूपमा चित्रण गरिएको छ । निबन्धले साँच्चैनै लक्ष्मीप्रसाद देवकोटाको के नेपाल सानो छ ? भन्ने निबन्धलाई स्मरण गराउने प्रयत्न गरेको छ । प्रस्तुत निबन्ध राष्ट्रिय भावनाले ओतप्रोत भएको निबन्ध हो । 'नेपाल परिदर्शन' निबन्धमा भौगोलिक विविधताले युक्त नेपाल अनेकौं प्राकृतिक सम्पदाले भरिपूर्ण नेपालको महिमा गानमार्फत माथि उठाउने प्रयास गरिएको छ ।

प्रस्तुत निबन्धमा नेपालको विविधताको बारेमा वर्णन गर्ने क्रममा नेपालका विभिन्न हिमश्रृङ्खला, विश्वको माथ सगरमाथा भएको हाम्रो देश नेपाल विश्वको एउटा घरको कोठा हो । त्यतिमात्र होइन दाहिने महाकाली र बायाँ मेचीको बसुधारा रेखा कोरी गर्भमा अटन खटन प्राकृतिक कलात्मकताले सिगार्न कुनै कसर बाँकी राखेको छैन भनेर वास्तविक रूपमा गुणगान गाइएको छ । नेपालको भूबनोट, जलवायु, खनिज, प्राकृतिक रमणीयता, पशुपङ्क्षी, विविध धर्म संस्कृति, मठ, मन्दिर, ताल, गुफा, कुण्ड, झरना, अमूल्य जडीबुटी, विविध कलाकृति, निकुञ्ज, आरक्षक्षेत्र आदिले यस नेपाल देशलाई स्वर्गको एक टुक्राका रूपमा चिटिक्क सजाएका छन् । साँच्चै नै नेपाल सुन्दर, शान्त र विशाल पनि रहेको छ । नेपाललाई चिनाउने यी विविधताले गर्दा पर्यटक अर्थात पाहुनाहरू आर्कषित भएका छन् । वैभवमा महत्तम मानिएको यो सुन्दर घर प्रकृतिको सुन्दर वरदान हो । जति वर्णन गरे पनि कमै हुने नेपालको वनस्पति, जडीबुटीदेखि लिएर अनेकौं कलाकृति, ललितकलाका सुन्दर नमूना नभएका चिज यहाँ देख्न सकिन्छ । निबन्धको जोड के रहेको देखिन्छ भने यी विविधताको गुणगान गाउनुपर्छ सम्बर्द्धन गर्नुपर्छ, प्रचार प्रसार गर्नुपर्छ र देशभक्तिको भावना मुखरित पार्ने काम गर्नुपर्छ भन्ने रहेको छ ।

निबन्धकार सुवेदीले यो निबन्ध मार्फत संसारलाई एउटै घर ठानेका छन् । यस संसाररूपी घरमा बस्ने मानिस एउटै वृहत् परिवार हुन् तर शक्ति र स्वार्थका बलले घरलाई कृत्रिम रेखाङ्कन गरी सीमाबद्ध गरिएका एक एक टुक्रा घरका कोठा भएका छन् । जाँगर, परिश्रमका कारणले कुनै देश अतिविकसित भएका छन् भने कोही जहाँको तहीँ छन् मानिसका सीप, श्रम, योजना, बुद्धि आदिले धनी र गरिब देश भएर रहनु परेको कुरातर्फ निबन्धकारको दृष्टि पुगेको छ । मानिसले शक्तिको आडमा, क्षुद्र स्वार्थमा तल्लीन भएर आफ्ना खुट्टामा आफै बन्चरो हानिरहेको देखिन्छ । आजका सामाजिक, राजनैतिक, सांस्कृतिक, भौतिक, आध्यात्मिक, नैतिक, चारित्रिक आदि सबैजसो समस्याहरू आफै निम्त्याएर संसारको स्थिति भयावह र कोलाहलपूर्ण पारेको कुरातर्फ निबन्धको ध्यान आकृष्टि भएको छ । पूर्खाको योगदानलाई नभुली हामीले विश्व सम्पदा सूचीमा पर्ने अनेक सम्पदालाई जगेर्ना गर्दै अझ अरू मुलुकको सामु परिचित गराउन सक्नु हाम्रो उपलब्धी ठहरिन्छ । पूर्खाहरू सीता, भृकुटी, गौतमबुद्ध आदिले नेपाललाई

चिनाउने प्रयत्न गरेका छन् । सगरमाथाको जस्तो विश्वको शिर हाम्रो देशमा छ । हाम्रो व्यवहार र विकास पनि त्यही रूपमा उच्च हुनुपर्छ तब मात्र हामी गौरव गर्न सक्छौं । सगरमाथामा पहिला चढेर धेरै पटक चढेर नेपालीले आफ्नो बहादुरीलाई कम हुन दिएका छैनन् । यी विविध चिजले नेपाललाई उत्साह र गौरव थप्ने काम गरिदिएका छन् त्यतातर्फ निबन्धले सकारात्मक पक्ष अँगाल्न प्रयत्न ठानेको छ ।

सकारात्मक सोच र चिन्तनतर्फ अगाडि बढ्न प्रेरित गरेको नेपाल परिदर्शन निबन्ध नेपालका विविधतालाई प्रस्टाउने काम गरेको देखिन्छ । बहुजाति, बहुसंस्कृति, धर्म, भाषा, भेषभूषाआदि विविधताले युक्त देशमा प्रकृतिले पनि विविधता थप्दा झनै आकर्षक र सुन्दर देखिन पुगको पुष्टि हुन्छ । कला र संस्कृतिले युक्त यो देश विश्वको केन्द्र भनिन्छ । विश्व सम्पदा सूचिमा नेपालका त्यस्ता दश वटा ठाउँले नाम दर्ता गराएका छन् जसको कारणले गर्दा हाम्रो लागि गौरवको विषय भएको छ । सामाजिक स्वार्थमा तल्लीन भएर लाग्ने हो भने संसाररूपी घरको यो एउटा कोठा नेपाल राम्रो र सुन्दर बनाउन सकिन्छ भन्ने कुरातर्फ निबन्धले चासो राख्छ । स्वार्थमा लागेर हाम्रा बहुमूल्य वस्तुहरू बेची खाली रित्तो वा खोक्रो पार्ने प्रवृत्तिलाई निरुत्साही पारेर संरक्षण र सम्बर्द्धनतर्फ सबैको ध्यान पुग्न जरुरी रहने कुरा निबन्धले अभिव्यक्त गरेको छ । हाम्रा संरचनालाई जोगाउनु, नयाँ संरचना निर्माण गर्नेतर्फ लाग्नु, सृजनात्मकतर्फ अगाडि बढ्नु, श्रीवृद्धि गर्नु आजको र भोली आउने पुस्ताको दायित्वतर्फ पनि ध्यान आकृष्ट पार्न खोजिएको छ ।

प्रस्तुत निबन्ध विवरणात्मक शैलीमा लेखिएको छ भने कतै वर्णनात्मक शैली प्रयोग भएको छ । राष्ट्रिय भावनाले अभिप्रेरित यो निबन्ध राष्ट्र अर्थात् नेपाल देशको विविधतालाई समेटेर निचोडको रूपमा राखिएको 'नेपाल परिदर्शन' अवलोकन, दृश्यावलोकन आदि कुराको संकेतले गर्दा पनि निबन्धको शीर्षक सरल एवम् ओजपूर्ण रहेको छ । कुनै लामा त कुनै छोटा अनुच्छेद गरी जम्मा जम्मी १२ वटा अनुच्छेदको यो निबन्ध उखान टुक्का र भनाइहरूले गर्दा पनि रोमाञ्चक र गर्भिलो निबन्ध बन्न पुगेको छ । राष्ट्रिय भावनालाई मुखरित पार्दै नेपाल चिन्न र चिनाउनु नै यो निबन्धको मुख्य विशेषता हो ।

### ४.१२. चिउरीः एक परिचिन्तन

'चिउरी एक परिचिन्तन' निबन्ध **भूपेन्द्र सुवेदीका निबन्धहरू** निबन्ध सङ्ग्रहभित्र रहेको एघारौं नम्बरमा रहेको निबन्ध हो । यो निबन्ध कृषि व्यवसायसँग सम्बन्धित छ । यस निबन्धमा नेपालमा अनेकौं जडीबुटी तथा वनस्पति छन् जसको राम्रोसँग उपयोग अर्थात् हामीले माल चिन्न नसक्दा उपयोग नभई खेर गएको अवस्थाको बारेमा उल्लेख गरिएको छ ।

चिउरीको बहुउपयोगिताबारे चर्चा गर्दै यसको संरक्षण र विस्तारमा जोड दिइएको छ । वनस्पतिमा आधारित यो निबन्धले एउटा वनस्पति चिउरीलाई आधार मानेर नेपालका अनेकौं जडीबुटीको बारेमा महत्व देखाइएको छ । चिउरी वनस्पतिले मानिसलाई भरपूर फाइदा दिएको छ, चिउरी एक वृक्ष हो र यसको फल हिराजस्तै महत्वपूर्ण चिज रहेको छ जसलाई हामीले उपयोग गर्न जान्नु पर्छ भन्नेतर्फ निबन्धको जोड रहेको छ । चिउरीको बहुउपयोगिता यस निबन्धमा उल्लेख गर्ने प्रयास भएको छ ।

वास्तवमै नेपाल प्राकृतिक सम्पदाले भरिपूर्ण देश हो दुई मत छैन । विविध वस्तपतिहरू यहाँ पाइन्छन् ती वनस्पतिले वातावरणलाई रमाइलो, हराभरा पार्ने काम त गरेकै हुन्छन् त्यति मात्र होइन बाढीपहिरो रोक्ने काम पनि गरेका हुन्छन् । मानिस पशु चौपाया, जीवजन्तुलाई फाइदै फाइदा दिने काम वनस्पतिबाट भएको हुन्छ घाटा कतै छैन । चिउरीजस्तो वनस्पति मानिसका लागि अत्यन्तै उपयोगी र महत्व रहेको छ । निबन्धकारले चिउरीको विवरणात्मक र वर्णनात्मक तरिकाले व्याख्या प्रस्तुति गरेका छन् । मानिसका लागि जीवन उपयोगी वनस्पति चिउरी हो । वसन्त ऋतुमा मगमग बासनादार सेता फूल फुल्ने, शरीरको कोमल अङ्गबाट दूध निस्कने फलभित्रबाट गुलियो रस निस्कने, फलभित्रको खोयोबाट घिऊ बन्ने ठूला र चिल्ला पात हुने, बोटानिकल नाम Aesanded sulyracea भएको रूखलाई चिउरी भनिन्छ भनेर यसको परिभाषा दिएर नामाकरण गरिएको छ । मानिसदेखि जीवजन्तुसम्मलाई यसले फाइदा नै फाइदा दिलाएको छ । माहुरी, पुतली आदिको लागि वरदानजस्तै भएको छ । यस्तो बहु चिजलाई उपयोगी हुने चिउरी वनस्पति श्रीखण्ड काठ, खुर्पाको बिँड बन्न पुगेको

कुरातर्फ निबन्धकारको चिन्ता अभिव्यक्त भएको छ । यसको यथार्थ मूल्य र महत्व बुझ्नेतर्फ धेरैको ध्यान गएको देखिदैन । यस्तो बहुमूल्य वृक्षको विचल्ली भएको छ ।

चिउरीलाई निबन्धकार सुवेदीले ज्यादै महत्व दर्शाएर जीवन उपयोगी भनेर चर्चा, परिचर्चा गर्ने क्रममा काठमा भुरे राजा, रसमा मह, फूलमा अत्तर, घिऊमा वनभैंसी, भाँडामा थाल कचौरा, घाँसमा दर, दाउरामा पाकताउनी, खरानीमा ग्रार्हस्थ्य साबुन, आयुर्वेद औषधीमा रामवाण आदि हरेक भागका महत्व र विशेषतालाई प्रत्यक्ष मानिसको जीवनसँग सरोकारका विषयलाई प्रयोगमा आउने तथ्यलाई नामाकरण गरी प्रस्तुति दिएका छन् । यो कुरा पृष्ठ ४० मा भनिएको छ । यो समशीतोष्ण प्रदेशमा प्रायः सम्प्रने प्रयास गर्छ । समुद्री सतहदेखि आठसय मिटरभन्दा माथि पन्ध्रसय मिटरको उचाइसम्म यो ज्यादै फैलिएको पाइन्छ । साधारणतया यसको आयु २५० वर्षसम्म हुने खोल्सा, खोल्सी, ओसप आदि ठाउँमा राम्रोसँग सप्रने, विना लगानी उपलब्धीमा ल्याउन सकिने, उम्रेको ४/५ वर्ष पुग्दा नै फल दिन थाल्छ । बिजुलीबाट घिउ बनाई वनस्पति घिउको बढ्दो मागलाई यसले थेग्न पुगेको देखिन्छ । साबुन बनाउनेदेखि लिएर औषधी उपचारका निमित्त पनि यसको महत्व छ । चिउरीका पात घाँसका रूपमा प्रयोग गर्नेदेखि लिएर टपरी बोहोता बनाई उपयोगमा ल्याउने प्रचलन रहेको छ । काठलाई दाउरादेखि फर्निचरसम्म बनाउने काम भएको पाइन्छ । जल पक्षबाट हेरे पनि मानिसका लागि नै बहुउपयोगी कृषि तथा वनस्पतिजन्य वृक्ष चिउरी सजीव र निर्जिव दुवै पक्षबाट काम लाग्ने देखिन्छ । त्यसो त चिउरीको उपयोगिता र महत्वको बारेमा प्रकाश पार्ने काम निबन्धको एक पक्ष हो भने अर्को पक्ष भनेको यसको महत्व नबुझेर यसबाट प्राप्त हुने लाभ मानिसले लिनेतर्फ ध्यान गएको छैन ।

हाम्रा जडिबुटीको वनस्पति सही सदुपयोग हुन नसक्दा नोक्सान भएर गएका छन् । त्यसतर्फ सबैको ध्यान पुग्नु पर्छ संरक्षण सम्बर्द्धन गर्नुपर्छ भन्नेतर्फ निबन्धको जोड रहेको देखिन्छ । 'माल पाएर चाल नपाएका हामी' भन्ने दरिलो उखान प्रस्तुत गर्दै कतै कतै निबन्धले व्यङ्ग्य पनि प्रहार गरेको देखिन्छ । प्रकृतिले दिएको सुन्दर हिराजस्तो वनस्पतिलाई त्यसैगरी अन्य जडीबुटीहरूकै पनि उपयोग गर्न सिकौं, संरक्षण गर्न सिकौं भन्ने उद्देश्य राखिएको निबन्ध

हो । सरल भाषाशैली, कलात्मक अभिव्यक्ति, उखान टुक्काको प्रयोग विवरणात्मक शैली अपनाइएको प्रस्तुत निबन्ध शीर्षक एउटा वनस्पतिलाई आधार बनाएर वनस्पति जडीबुटी आदिको महत्व दर्शाउने प्रयास गर्नु उक्त शीर्षकसँग निबन्धको तारतम्य मिलेको ठहर्छ ।

### ४.१३. लेख्ने विषयको खोजीमा

प्रस्तुत 'लेख्ने विषयको खोजीमा' निबन्ध **भूपेन्द्र सुवेदीका निबन्धहरू** निबन्धसङ्ग्रह भित्रको बाह्रौं निबन्धका रूपमा सङ्ग्रहित रहेको छ । यो साहित्य विषयलाई केन्द्रविन्दुमा राखेर लेखिएको निबन्ध हो । यस निबन्धमा विषय केन्द्रित भएर कुनै पनि विषयवस्तुमा लेख्दा अध्ययन, अभ्यास, धैर्यता र एकाग्रताको आवश्यकता औल्याइएको छ । लेखक बन्न अभ्यासमा तल्लीन हुनुपर्छ, कुनै पनि विषयको जानकार विषयलाई खोतल-खातल गरेर त्यसभित्र भएका विषयवस्तुलाई प्रभावकारी ढङ्गले प्रस्तुति गर्नुपर्छ भन्ने दृष्टिकोण भएको निबन्ध हो ।

निबन्धमा निबन्धकारको लेख्ने विषय खोज्ने प्रयासमा नपत्याउँदा विषयहरू टिपेर त्यसभित्रका गुदीलाई प्रभावकारी ढङ्गबाट पस्कन निकै सिपालु देखिएको पाइन्छ । उनी आफूभित्रको अकुशलताको खोजी गर्ने माध्यमबाट अरू व्यक्तिहरूको कमी कमजोरी सुधार्नेतर्फ प्रवृत्त भएको देखिन्छ । त्यसैको उपजको रूपमा लेख्ने विषयको खोजीमा निबन्धको रचना गरेको देखिन्छ । जबसम्म लेख्ने बानीको विकास हुँदैन तबसम्म अभ्यासले पूर्णता पाउँदैन । प्रयाप्त लेख्ने बानी अर्थात अभ्यासले गर्दा कुनै पनि विषयलाई कलात्मक किसिमले प्रस्तुत गर्न सक्ने सीपको विकास गराउँछ भन्दै निबन्धको उद्देश्य लेखक बन्न ठूलो त्याग गर्नुपर्छ त्यसका लागि अभ्यास निरन्तर हुनुपर्छ, साधना गर्नुपर्छ तब मात्र कुनै पनि व्यक्ति लेखक, स्रष्टा बन्न सक्छ भन्ने रहेको छ ।

निबन्धकार सुवेदीले आफूले लेख्ने प्रयासहरू गर्दा गर्दै निबन्ध विधामा पनि कलम चलाउन कनीकुथी गरेको कुरा अभिव्यक्त गरेका छन् । "निबन्ध एउटा टेबुल गफ हो जसलाई जसरी प्रस्तुत गर्दा पनि हुने त्यसैले मेरो यसभित्र पस्ने उत्कष्ठा भएको हो" भन्ने कुरा अभिव्यक्त गरेका छन् । निबन्धकार लेख्ने आँट गर्छन् गर्दागर्दै केही लेख्छन् तर अर्को विचार आउँछ

विचारमा भाँजा आउँछन् लेख्ने कुरामा अवरोध सिर्जना हुन्छ । त्यसपछि लेख्ने विषयनै बन्द भएको कुराको यथार्थ चिन्ता प्रकट गरेका छन् । क्रमशः दिनहरूमा आँट्यो, भाँजो आउने त्यसै गर्दा गर्दै दिन धेरै बित्छन् तर स्पष्ट दिशानिर्देश के लेख्ने, लेखकलाई लेख्ने दिनको श्रीगणेश जुर्दैजुर्दै योजनाबद्ध विचारले नपछ्याउदा सङ्कट खडा भएको देखिन्छ । कहिले नेपोलियन बोनापार्टको कथा सम्झन्छन् बोनापार्टले हात हेराउँदा उसको भाग्यरेखा नभएको कुरा ठोकुवा गरेको त्यसपछि बोनापार्ट रिसको झोकमा घरमा गई आफ्नो हातको भाग्यरेखा हुनुपर्ने ठाउँमा तेजिलो पत्ताले गहिरो गरी चिरेर घाउ बनाएका छन्, घाऊ सन्चो भएपछि पनि त्यो ठाउँमा टाटो आजीवन कायम रहेछ । नभन्दै एउटा निम्नस्तरको व्यक्ति राष्ट्रपति बनेछ (पृष्ठ ४४) । यसबाट के स्पष्ट हुंदोरहेछ भने भाग्य आफै आउँदैन त्यसलाई कर्म गरेर ल्याउनु पर्छ त्यो कर्म सकारात्मक फल दिने कर्म गर्नुपर्ने रहेछ । त्यसैगरी जङ्ग बहादुरको बेलायत यात्राको कथा आदि कुराले लेखकलाई झकझकाएको देखिन्छ ।

निबन्धमा लेखकले जे लेखे पनि पाठकले मिलाएर पढिदिए पुग्ने कुरामा निबन्धकारको विश्वास देखिन्छ । निबन्धका शीर्षक विषयवस्तु राख्दा प्राचीनकालदेखि वर्तमानसम्म भए गरेका सबै काम कुरा निबन्धका विषय हुन सक्छन् भन्ने निबन्धकारको जोड देखिन्छ । “नेपालजस्तो प्रकृतिले पूर्ण देशमा निबन्ध लेख्ने विषयको कमी हुने कुरै आउँदैन ।” सगरमाथाको गौरव, वनजङ्गल, पहाड, पर्वत, नदी नाला, ताल कुण्ड, तीर्थस्थल, जडीबुटी आदि प्राकृतिक विषय निबन्धका गतिला विषय हुन सक्छन् भन्ने मानव निर्मित अनौठा भौतिक विषय हुनसक्छन् ( पृष्ठ ४५) भन्नेतर्फ सङ्केत गर्दछन् ।

निबन्धकारले लेख्ने विषयको खोजी गर्दा गर्दै विविध विषयको महŒव, उपादयता औंलाउने काम गरेको देखिन्छ । निबन्धमा नेपालका विभिन्न जडीबुटीको चिनारी दिने प्रयासमा ती जडीबुटीहरू टिमुर, अदुवा, लेखतितो, दालचिनी, मेथी, पदमचाल, पाषाणभेद, सउर, ठूलो ओख्तो, पाँच औंलो, यार्सागुम्बा, अमला, लेखपाङ्ग्रो, निम, दुधिलो, असुरो, टोप्रे आदिको बारेमा जानकारीमार्फत लेख्ने कुराको खोजी गर्दै अगाडि बढेको देखिन्छ । निबन्धकारले लेख्ने

विषयको माध्यम बनाएर सूक्ष्म, सरल कुराको विषयवस्तु, उपयोगिता, आवश्यकता, महŒवको बारेमा जानकारी राख्नुपर्ने कुरा बताउन खोजेको देखिन्छ । निबन्धकारलाई जसरी लेख्ने विषयले पिरोली रहेको छ त्यसरी आन्तरिक मनमा उथल पुथल पनि पारेको देखिन्छ । त्यसैगरी जो कसैले पनि लेख्ने बानीको अभ्यासलाई बढाएमा लेख्ने विषयमा सफल हुन सक्छ अन्यथा निबन्धकारको जस्तो निबन्ध विषयको खोजीमा झैं भौतारिरहने स्थिति सिर्जना हुने देखिन्छ । विषय मात्र राम्रो खोजेर हुँदैन विषयलाई कलात्मक किसिमले प्रस्तुत गर्न सक्ने सीपको आवश्यकता पर्दछ भन्ने निबन्धले जोड गर्दछ । जब लेख्ने सीपको विकास हुन्छ तब कुनै पनि विषयमा राम्रो लेख वा निबन्ध लेख्न सकिन्छ भन्ने विविध विषयलाई प्रतिकात्मकता बनाई व्यक्तिलाई लेखक वा साधक बन्ने बनाउने यो निबन्धको उद्देश्य देखिन्छ ।

यो निबन्ध लामा छोटा गरी जम्मा आठ वटा अनुच्छेदमा सङ्कलित छ । उखान टुक्कालाई कलात्मक तरिकाले प्रस्तुत गर्न सिपालु सुवेदीले यो निबन्धमा पनि “सैनाको देख्छु रहरले मर्छु” भन्ने खालका उखान प्रयोग गरेका छन् । निबन्धकार सुवेदी सूक्ष्म विषय खोतल्ने निबन्धकार भएको हुनाले उनी नपत्याउँदा विषय टिपेर त्यसभित्र रहेको गाँठी कुरालाई प्रभावकारी ढङ्गबाट पस्कन निकै नै सिद्घहस्त देखिन्छन् । प्रस्तुत निबन्धको शीर्षक नै अनुसन्धानात्मक तरिकाले राखेको देखिन्छ । निबन्धको शीर्षकले जिज्ञासाको विषयलाई अङ्गालेको छ । कुनै कुनै अनुच्छेदमा अङ्ग्रेजी शब्दको प्रयोग पनि गरिएको छ भने आगन्तुक शब्दको प्रयोगले निबन्धलाई थप रोमान्चक बनाएको छ । विना अभ्यास कुनै पनि विषयमा कलम चलउन सकिँदैन भन्ने विषयलाई स्पष्ट पार्दै विषय मात्र राम्रो रोजेर हुँदैन विषयलाई कलात्मक किसिमले प्रस्तुत गर्न सक्ने सीपको पनि आवश्यकता पर्छ भन्ने उद्देश्य यस निबन्धको रहेको छ । अतः अध्ययन, अभ्यासको ठूलो आवश्यकताले कुनै पनि विषयमा राम्रो लेख्न सकिन्छ भन्दै धैर्यता र एकाग्रताले व्यक्तिलाई लेखक अवश्य बनाउँछ भन्ने कुरामा निबन्धले निश्चिता प्रकट गरेको छ । व्यक्तिलाई लेखक बनाउन प्रेरित यो निबन्धले सार्थकताको बाटो पनि खोजेको देखिन्छ ।

## ४.१४. कथा क्षेत्रमा राप्ती अञ्चलको नालीबेली

प्रस्तुत 'कथा क्षेत्रमा राप्ती अञ्चलको नालीबेली' निबन्ध **भूपेन्द्र सुवेदीका निबन्धहरू** निबन्धसङ्ग्रहभित्र सङ्कलित क्रमानुसार तेह्रौं निबन्ध हो । यो निबन्ध साहित्य विषयलाई केन्द्र विन्दुमा राखेर लेखिएको निबन्ध हो । यो निबन्ध अनुसन्धानात्मक खोजमूलक शैलीमा लेखिएको निबन्ध हो ।

यस निबन्धले राप्ती अञ्चलमा बसेर विशेषतः कथा लेख्ने स्रष्टा कथाकारहरूको योगदानको इतिहास कोट्याउने प्रयास गरेको छ । यस कथा क्षेत्रमा राप्ती अञ्चलको नालीबेली निबन्धमा राप्ती साहित्य परिषद्लगायत राप्ती अञ्चलभित्रका साहित्यिक सङ्घसंस्था तथा व्यक्ति प्रतिभाहरूले कथा साहित्यमा पुऱ्याएको योगदानको चर्चा एवं मूल्याङ्कन गरिएको छ । त्यसो त कथा विधाको इतिहास नेपाली साहित्यमा लामो छ । त्यो लामो इतिहासमा नेपाली साहित्यमा थुप्रै कथाकारहरूको जन्म भएको छ । राम्रा राम्रा उत्कृष्ट कथाहरू सिर्जना भएका छन् । त्यही सिर्जना अनुरूप आधुनिक नेपाली कथा क्षेत्रमा राप्ती अञ्चललाई पनि छोएको देखिन्छ । आधुनिक नेपाली कथामा मलजल पुऱ्याउन राप्ती अञ्चलको के कस्तो योगदान रहेको छ । त्यसका बारेमा ऐतिहासिक चिनारी दिने काम निबन्धकारकले यस निबन्धमार्फत गरेका छन् । साथै कथाकारको परिचयका साथै उनीहरूको कथागत प्रवृत्ति पनि केलाउने काम गरेको देखिन्छ ।

निबन्धकार भूपेन्द्र सुवेदीले प्रस्तुत निबन्धमा राप्ती अञ्चलका पाँचै जिल्ला (दाङ, प्यूठान, रुकुम, रोल्पा, सल्यान) मा कथाक्षेत्रमा राम्रैसँग कथाकारहरूले कलम चलाएका छन् भन्ने कुरा दर्शाउने प्रयास गरेका छन् । निकै अनुसन्धानात्मक तरिकाले खोजीनिति गरेर राप्ती अञ्चलका कथाकारहरूले आधुनिक नेपाली कथा क्षेत्रमा पुऱ्याएको योगदान तथा उनीहरूको कथागत प्रवृत्ति देखाउने प्रयास भएको छ । यसरी मिहिनेतकासाथ तयार पारिएको यस निबन्धले आधुनिक नेपाली कथाको अध्ययन गर्न चाहने जो कसैलाई प्राप्त सामग्री प्रदान हुन सक्ने देखिन्छ । भूपेन्द्र सुवेदीको कथाको परिभाषाले पनि दर्शाएको छ 'मानव जीवनमा अनुभव

गरेका सारतत्वको अमूर्त भावनालाई मूर्त रूप दिएर जीवनको आदर्शमार्ग औंल्याउनु कथा हो ।' सुवेदीले कथाक्षेत्रमा दिएको परिभाषाले पनि स्पष्ट पार्छ । वास्तवमा कथाभित्र लामो अनुभवको एउटै प्रभाव प्रस्तुत गरिएको हुन्छ । त्यसलाई सामान्य घटनाक्रमबाट सुरु गरी चरमोत्कर्षमा पुऱ्याई परिणाम प्रस्तुत गरेर अन्त्य गरिन्छ । कथा पढ्दा वा सुन्दा पाठक वा स्रोता संवेदित र उद्दिप्त पार्न सक्नु पर्छ भन्ने धारणा सुवेदीको रहेको छ । कथालाई लोककथा, दन्त्यकथा, पौराणिक कथा, वृहतकथा, लघुकथा आदिमा विभाजन गरेको पाइन्छ र ती कथाहरूको आ-आफ्नै परिचय रहेका देखिन्छन् । हाम्रो समाजमा रहेका कुरीति, कुसंस्कार, कुलत, कुसंस्कृति, कुभावना, शोषण, दमन, अन्याय, अत्याचार, अपव्यय, ढिलासुस्ती, भ्रष्टाचार आदि समाजबाट जरैदेखि उखेलेर फ्याँक्नु पर्ने आदर्शमार्ग अवलम्बन गर्न गराउन कथा र लघुकथा रामवाण हुन् ।[124] (पृष्ठ ४८) यो निबन्धमा निबन्धकारको तर्क हो ।

निबन्धकार सुवेदीले कथा कस्तो हुनुपर्छ भन्ने कुराको उल्लेख गर्ने काम यस निबन्धमा गरेका छन् । उनको जोड छ कथा सुन्दर वाटिकाको सुन्दरतायुक्त सुवासयुक्त वृक्ष हो, आधुनिक लघुकथा त्यही वृक्षको नजिकै झकिझकाउ फुली चारैतिर सुवास छरेको मौसमी फूल हो । निबन्धकार सुवेदीले कथामा हुनुपर्ने तथ्य, उद्देश्य, भाषाशैली, कथोपोकथन, कौतुहलता हुनैपर्छ भनेर कथाको आवश्यक तथ्य गुणको बारेमा बताउने प्रयास यस निबन्धमा गरेका छन् । त्यसका साथसाथै घटनाको सङ्क्षिप्तता सूक्ष्म कथावस्तु र सीमित वर्णनमा टुङ्गिनु पर्छ भन्ने कुरातर्फ पनि जोड रहेको देखिन्छ ।

निबन्धकार सुवेदीले कथा किन, कस्तो र के का लागि ? भन्ने कुरा उल्लेख गर्न खोजेका छन् । निबन्धकार सुवेदीले कथा क्षेत्रको नालीबेली औंल्याउने क्रममा क्रमशः राप्ती अञ्चलका पाँच जिल्लाका ऐतिहासिक तथा अनुसन्धानात्मक खोज गर्ने काम गरेका छन् । जसअन्तर्गत दाङ जिल्लाको कथा क्षेत्रमा अरू जिल्लाको भन्दा लामो इतिहास र समग्रतामा ठूलो योगदान रहेको देखिन्छ भनिएको छ । त्यसो त दाङ जिल्ला विकास र हरेक क्षेत्रमा अरू जिल्लाको दाँजोमा अगाडि नै उभिएको देखिन्छ । आधुनिक नेपाली कथाको सुरूवात गुरूप्रसाद

124 निबन्धकार भूपेन्द्र सुवेदी, निबन्ध सङ्ग्रह, पृ. ४८ ।

मैनालीको 'नासो' कथा वि.सं. १९९२ **शारद** पत्रिकाको प्रकाशनसँगै सुरूवात भएको हो । दाङ जिल्ला क्रमशः वि.सं. २००८ सालमा मीनकेतन शर्मा घिमिरेले 'मातृहृदय' कथा लिएर देखा परे त्यो कथा नै राप्ती अञ्चलको हकमा सर्वप्रथमीय कथा बनेको थाहा हुन आउँछ । त्यसपछि क्रमशः विभिन्न कथाकार र उनका कथा सिर्जनाको जन्म भएको देखिन्छ । वि.सं. २०२४ सालमा एकराज शर्माको 'खयर झाले', वि.सं. २०१५ सालमा एम. वी. देवानको 'पितृऋण', रामप्रसाद अधिकारीको 'के सराप लाग्ला' यी सुरुवातीका अर्थात पृष्ठभूमि कथाहरू रहेका छन् । कथाकार र तिनका कथाको नाम र कथा शीर्षक उल्लेखसहित लेखेका सुवेदीले यो निबन्धमा कथाकारको नाम उल्लेख गरेको देखिन्छ तर कथाको शीर्षक उल्लेख गरेको पाइएको छैन । क्रमशः केही चर्चित कथाकारहरूको नाम दिएका छन् जस्तैः नारायणी गौतम, मनकुमारी श्रेष्ठ, कृष्णकुमारी गौतम, गोविन्द प्रसाद रजौरे, टेकनाथ शर्मा, रामकुमारी घिमिरे, लोकमणि आचार्य, जानकी प्रसाद धिताल, माधवप्रसाद पाण्डे, नवराज पाण्डे, भोजराज लामिछाने, चन्द्रज्योति शाह, कृष्णप्रसाद पौडेल, मधुसूदन पौडेल, निर्मल देवकोट, मदनकुमार शर्मा, दीपकबहादुर शाह, पुरुषोत्तम खनाल, ऋषिराज बुढाथोकी, उत्तमकृष्ण मजगैयाँ, तीर्थराज शर्मा, भीमकान्त आचार्य, जनार्दन शर्मा, शंकर विकल आदि कथाकारहरूले कथा क्षेत्रमा ठूलो योगदान पुर्‍याएको देखिन्छ ।

वर्तमान अवस्थामा पनि नयाँ जोश जाँगर र परिवर्तन अवस्थाहरू र समयको गतिसँगै थुप्रै कथाकारहरूको जन्म भएको देखिन्छ । पछिल्ला केही जल्दाबल्दा र जाँगरिला कथाकारहरूमा बलदेव शर्मा मजगैयाँ, वासुदेव भण्डारी, डा. गोविन्द कुसुम, पदमप्रसाद शर्मा, सरला रेग्मी, शेरबहादुर चौधरी, केएल पीडित, सूर्य बि.सी. लगायत रमेश क्षितिज, सुदीप गौतम, टीकाराम उदासी, शरद देवकोटा, विज्ञान शर्मा, दुर्गालाल के.सी. आदि स्रष्टाहरू कथा क्षेत्रमा सक्रिय रहेको देखिन्छ (पृष्ठ ५०) । यसरी दाङ जिल्लामा स्थापितलगायत उदीयमान कथाकारहरूले कथा साहित्यलाई अगाडि बढाउने काम गर्नुकासाथै राप्ती अञ्चल हुँदै समग्र देशकै अग्रगतिमा रहेछ भन्ने कुरा देखिन्छ ।

दाङ जिल्लाबाट राप्ती अञ्चलको कथायात्रा अगाडि बढेको सन्दर्भमा छिमेकी जिल्ला सल्यान पनि कथाक्षेत्रमा अछुतो नरहेको देखिन्छ । सल्यान जिल्लामा पनि प्रसस्त कथाकारहरू र तिनका सिर्जना राम्रैसँग फस्टाएको पाइन्छ । कथा साहित्यमा वि.सं. २०३२ सालदेखि कथा लेखनको सुरुवात भएको सल्यान जिल्लामा सुरुवाती कथाकार योगेन्द्र कञ्चनको 'पातुखोला' शीर्षक कथा देखा पर्छ । त्यस कथामा सामाजिक यथार्थलाई प्रस्तुत गरेको पाइन्छ । त्यतिमात्र होइन उनका आधा दर्जन कथाहरू आएक देखिन्छन् । रमित, परिधिभित्रको मान्छे, लाटीका स्वरहरू, बुढोपाले र षड्यन्त्र शीर्षकमा कथाहरू रहेका छन् । त्यसपछि क्रमशः कथा लेख्ने कथाकारहरूमा अमर शाह, रमेश क्षितिज, डिल्लीराज रेग्मी, उषा हमाल, पूर्ण भण्डारी, महेन्द्र महक, खगेन्द्र वि.एम., कमलमणि देवकोटा, बेन्जु श्रेष्ठ, विरेन्द्र शाही, युवराज डि.सी. सुषमा देवकोटा आदि कथाकारहरू र उनका कथाकृतिहरू आएका छन् । निबन्धकारको यो एउटा खोज अनुसन्धानात्मक प्रयास हो जो कसैले गर्न नभ्याएको कामलाई उनको प्रयास स्वरूप पाठकसामु ल्याएका छन् । यो आँटलाई स्रहानीय मान्नु पर्ने देखिएको छ । माथि उल्लिखित सल्यान जिल्लाका ती कथाकारहरूको राप्ती अञ्चलमा पुऱ्याएको योगदानसँगै केही स्थापित भएर लामो समयसम्म प्रयासरत छन् भने कोही सीमित रूपमा आएका देखिन्छन् । यी सबैबाट राष्ट्रिय कथा साहित्यमा योगदान पुग्ने देखिन्छ । खोज तथा अनुसन्धानात्मक तरिकाबाट सल्यान जिल्लाका कथाकार र तिनका कथाको सामान्य रूपमा चिनारी प्रस्तुत गर्नु निबन्धकारको लक्ष्य देखिन्छ ।

निबन्धकार भूपेन्द्र सुवेदीले खोज तथा अनुसन्धान गर्ने क्रममा रुकुम जिल्लाको पनि कथायात्राको नालीबेली प्रस्तुत गरेका छन् । रुकुम जिल्ला दुर्गम र विकट जिल्लामा पर्छ । त्यहाँ पनि शैक्षिक जागरण ढिलो रूपमा अगाडि बढ्दै गरेको देखिन्छ । त्यसो त कथा लेख्ने प्रकाशन गराउने क्रम पनि ढिलो भएको देखिन्छ । लोककथा र दन्त्य कथामा भने रुकुम जिल्ला अगाडि नै रहेको देखिन्छ । निबन्धकार भूपेन्द्र सुवेदीले कथा क्षेत्रमा राप्ती अञ्चलको नालीबेली केलाउने क्रममा रुकुम जिल्लामा वि.सं. २०१७ सालपछि आधुनिक कथा लेख्ने परम्पराको विकास भएको देखाएका छन् । वि.सं. २०१७ सालपछि मुसीकोट खलङ्गामा जनार्दन शर्माले कथा साहित्य लेखनमा अगाडि उभिएको देखिन्छ । त्यसपछि पूर्ण बहादुर

ओली (जाङ) र पूर्ण बहादुर ओली (सिमुत) देखा पर्छन् । यी कथाकारहरूले प्रगतिशील कथा साहित्यमा कलम चलाएको देखिन्छ । पुराना पुस्ताको जगसँगै नयाँ पछिल्लो पुस्ताका युवाहरूमा रुकुमेली प्रतिभा कथा क्षेत्रमा फस्टाएको देखिन्छ । ती कथाकारहरूमा गंगा वि.सी., गणेश ओली, भोपेन्द्र विश्वकर्मा, दुर्गालाल के.सी., प्रभात विक्रम शाह, नरेन्द्र राणा, सुरेश वि.सी., तीव्र गौतम, मोहन के.सी., टोपबहादुर ओली, उदय वि.सी., अम्बिका डाँगी आदि स्रष्टाका कथाहरू पत्र पत्रिकामा प्रकाशन हुँदै आएका देखिन्छन् । जीतमान पुनको संयुक्त कथा सङ्ग्रहले छुट्टै आयाम थपेको देखिन्छ । नदीराम के.सी., गणेश शाह, समीर यात्री आदि पनि सशक्त रूपमा देखा परेका छन् । यसरी रुकुम जिल्लामा पनि कथा लेख्ने र कथा छपाउने कथाकारको सूची लामो रहेको देखिन्छ । उनीहरूको योगदान र प्रयासले गर्दा रुकुम जिल्ला हुँदै राप्ती अञ्चलको समग्र कथा साहित्यमा थप इँटा थप्ने काम भएको देखिन्छ । प्रस्तुत निबन्धमा निबन्धकार सुवेदीले खोज गरेर निबन्धमा प्रस्तुत गर्नाले रुकुम जिल्लाको कथायात्रा कथाकारको बारेमा र उनले लेखेका कथागत प्रवृत्ति जान्ने प्रयत्न भएको छ ।

निबन्धकार भूपेन्द्र सुवेदीले कथा क्षेत्रमा राप्ती अञ्चलको नालीबेली निबन्ध प्रस्तुत गर्ने क्रममा सबै पाँचै जिल्लाका कथाकार र उनका कथाको बारेमा जानकारी दिने लक्ष्य स्वरूप लेखिएको उक्त निबन्धमा सुवेदीले रोप्ला जिल्लामा आधुनिक कथा लेख्ने परम्पराको सुरुवात वि.सं. २०२९ सालबाट मात्र कथाहरू लेख्ने, प्रकाशनमा ल्याउन थालेको देखिन्छ भन्ने कुरा निबन्धमार्फत उल्लेख गरेका छन् ।

पञ्चायतकाल सुरु भएपछि मात्र यो जिल्ला अस्तित्वमा आएको देखिन्छ । शिक्षा, यातायात, सञ्चार, गरिबी आदिका कारणबाट पिछडिएको जिल्ला भए पनि प्राकृतिक दृश्य, हावापानी, घरेलु उद्योग, व्यवसायका दृष्टिले रोल्पा सम्पन्न जिल्ला रहेको देखिन्छ (पृष्ठ ५१) । निबन्धकार सुवेदीले उल्लेख गरेअनुसार आधुनिक नेपाली कथा क्षेत्रमा वि.सं. २०२९ साल पछाडिबाट सुरुआत भएको देखिन्छ । नारायणप्रसाद सुवेदीको रोल्पाको 'भोकमरी' शीर्षकको कथा नै हालसम्मको प्रथम कथा देखा परेको छ । त्यसैगरी सीता शर्माको वि.सं. २०५७ सालमा 'अधुरो जीवन' कथा प्रकाशनमा आएको देखिन्छ । त्यसपछि उनका अरू कथाहरू पनि क्रमशः

प्रकाशनमा आएको देखिन्छ । उनी सामाजिक विकृति विरुद्ध नारी जागरण कथागत प्रवृत्ति अङ्गालेर आएको देखिन्छ । अन्य कथाकारहरू ओम प्रतीक, टेकेन्द्र जि.एम., टीकाराम उदासीको 'तपाइँले वर्वाद गर्नु भो' कथाले उचाई थपेको देखिन्छ । त्यसैगरी नवीन विभासके 'हटारु' शीर्षकको कथा, 'आधाबाटो हिँडेपछि' कथा सङ्ग्रह प्रकाशित भएका देखिन्छन् । त्यसका अतिरिक्त रोल्पा जिल्लामा नवप्रतिभाका रूपमा थुप्रै कथाकारहरूको पत्रपत्रिकामार्फत उदियमान भएको देखिन्छ ।

यसरी रोल्पा जिल्लामा आधुनिक कथायात्राले नयाँ जागरण ल्याउने काम गरिरहेको थाहा हुन्छ । समग्रमा रोल्पा जिल्लाका कथाकार र तिनका कथागत प्रवृत्तिले आधुनिक नेपाली कथायात्रामा थप टेवा दिने काम गरेको देखिन्छ ।

निबन्धकार भूपेन्द्र सुवेदीले कथाक्षेत्रमा राप्ती अञ्चलको नालीबेली शीर्षक नामक निबन्ध लेख्ने क्रममा प्यूठान जिल्लाका आधुनिक कथाकार र तिनका कथागत प्रवृत्तिहरू र तिनले पुऱ्याएका योगदानका बारेमा उल्लेख गर्ने प्रयास गरेका छन् । वि.सं.२००८ सालपछि मात्र आधुनिक शिक्षामा प्रवेश गरेको प्यूठान जिल्ला प्रगतिका हर क्षेत्रमा नै अगाडि रहेको उल्लेख गरेका छन् । प्यूठान जिल्लामा पनि लोककथा, दन्त्यकथा भन्ने सुन्ने परम्परा अगाडि देखिने चलेको देखिन्छ ।

वि.सं. २०१५ र २०१७ सालमा बनारसमा पढ्ने दंगाली र प्यूठानी विद्यार्थीहरूले दाङ-प्यूठान **'छात्रमण्डल'** नामक संस्था खोली **'सन्देश'** नामक वार्षिक पत्रिका प्रकाशनमा ल्याएसँगै नयाँ जागरण आएको देखिन्छ । उक्त सन्देश नामक पत्रिकमा कथा छपाउने कथाकारहरूमा देवनिधि अधिकारी, शालिकराम भण्डारी, खेमराज पण्डित आदि प्यूठानी देखा परे । वि.सं. २०१९ सालमा वनारसमै पढ्ने प्यूठानीहरूले 'ज्ञानवर्धिनी' सभाको गठन गरी 'सुमन' नामक वार्षिक पत्रिका प्रकाशन गरेको देखिन्छ । वि.सं. २०२० सालमा **'सुमनमा'** मेघराज शर्माको 'माइती', 'आत्महत्या', भूपेन्द्र सुवेदीको 'स्वप्न' कथा देखा परेको पाइन्छ । पञ्चायतकालको अवधिमा प्यूठान जिल्लामा कथा क्षेत्रमा खासै धेरै कलम चलेको देखिँदैन । वि.सं. २०४६ सालपछि व्यक्तिगत रूपमा कथा लेख्ने छपाउने प्रकाशनमा ल्याउने थुप्रै कथाकारहरू अगाडि

बढेको देखिन्छ । वास्तवमा सुवेदीले प्यूठान जिल्लामा आधुनिक नेपाली कथाको प्रभाव कथाकारको कथा योगदानको चिनारी प्रस्तुत गर्ने प्रयत्न गरेको देखिन्छ । त्यसो त प्यूठानमा आधुनिक नेपाली कथा क्षेत्रमा सशक्त रूपमा वि.सं. २०४६ सालपछि अगाडि बढेको देखिन्छ । व्यक्तिगत रूपमा कथाकार गोरखबहादुर सिंहले **'भाषणको तयारी', 'पहिरो थुप्रिएको बगर'** नामक दुई लघु कथासङ्ग्रह प्रकाशित गराएको देखिन्छ । त्यसो त गोरखबहादुर सिंह लघु कथाका क्षेत्रमा राष्ट्रिय प्रतिभाका रूपमा चर्चित छन् । वि.सं. २०५६ साल पछि उनका कथा सिर्जना पुर्नगतिमा कलम चलिरहेको देखिन्छ । उनका **'सुमन'** पत्रिकामा प्रकाशित कथाहरू 'पूरक पहिरन', 'उन्मुक्ति', 'कुइँकेल सरको सक्रियता', 'आधुनिक विचार' शीर्षकमा लघुकथा प्रकाशित भएका छन् । त्यसपछि विभिन्न पत्रपत्रिका, एफ.एम. रेडियोहरूमा, प्यूठान रेडियो, माण्डवी त्यसैगरी **प्यूठान समाचार**, **माण्डवी** आदि पत्रिकामा पनि प्रकाशन गर्ने गराउने क्रम चलिरहेको देखिन्छ । त्यसमा निबन्धकार सुवेदीले खोज गरेर विभिन्न कथाकार र उनका कथा शीर्षक लेखेका छन् । ती कथाकारहरूको नाम प्रस्तुतिमा टोपाराम आचार्यको 'सत्य उदाहरण बन्नुपर्छ', नवराज आचार्यको 'ईर्ष्या', र 'आत्महत्या', चन्द्रकला पोखेलको 'मूर्ख केटा', शैलेन्द्र विक्रम गिरीको 'नयाँ बिहानी', खगेश्वर के.सी.को 'कर्तव्य र शून्यमा नमस्कार', भूवनेश्वर सुवेदीको 'स्थगन प्रस्ताव', 'आधुनिक कवि', मोहन गिरीको 'पुतलीको विवाह र त्यसको परिणाम', कुञ्चना थापाको 'सम्बन्ध', रामकृष्ण शर्माको 'घिउ पगाल्ने आगो', देवेन्द्रकुमार रिजालको 'ऊ त्यस्तो थिएन', चुमान सिंह के.सी.को 'शिक्षकको जागिर', शशीधर भण्डारीको 'भोका रातहरू', झपेन्द्रराज वैद्यको 'पाँच हजारको सारी', भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल' आदि कथाकार र तिनका कथाहरूले राप्ती क्षेत्रमा आधुनिक कथामा ठूलो टेवा दिएका छन् । यी लामो सूची कथाकार र तिनका कथा शीर्षकको बारेमा निबन्धकार सुवेदीले खोज गरेर सङ्कलन गरी प्रस्तुत गरेका छन् ।

यसरी प्यूठान जिल्लामा आधुनिक नेपाली कथा साहित्यमा कलम चलाउने स्थापित कथाकार, अनुभवी कथाकार देखा पर्नुका साथै नव-नव प्रतिभाहरू पनि उदाउने क्रम जारी रहेको देखिन्छ, भन्ने कुरामा निबन्धकारको उद्देश्य देखिन्छ ।

निबन्धकार भूपेन्द्र सुवेदीले राप्ती अञ्चलका पाँचौं जिल्लाका कथा र कथाकारहरूको बारेमा खोज तथा अनुसन्धान गरेर प्रस्तुत गरेको यो निबन्ध साँच्चै नै थप जान्न चाहने जो कोही व्यक्तिलाई आवश्यकीय ठानिन्छ । समग्र आधुनिक नेपाली कथालाई टेवा पुऱ्याउने एउटा पाटो पनि देखिन्छ । कथाकारहरूमा केही कमी कमजोरी पाइए तापनि राप्ती अञ्चलकै साहित्यक स्तर उठान गर्नमा प्रयत्नशील रहेको देखिन्छ । यी प्रयत्नहरू सबै जिल्लाका साहित्य विधाका सन्दर्भ सामग्रीसमेत हुन पुगेका छन् । त्यसो त निबन्धकार सुवेदीले अभिव्यक्ति दिने क्रममा कथाकारहरूमा कथा लेख्ने निरन्तरता नपाइएको त्यसैगरी कथाकारका कथामा पाइने कथातत्वका आधारमा चाहिने सबै आदर्श गुणहरू, प्रवृत्तिहरूको कमी भेटिन्छ, भनिएको छ । तर जे जसो कमी कमजोरी भेटिए तापनि समग्र रूपमा कथा क्षेत्रमा राप्ती अञ्चलमा देखा परेका कथाकार र तिनका कथाले आधुनिक नेपाली कथा क्षेत्रलाई मलजल पुऱ्याउने काम भएको देखिन्छ । खास गरेर राप्ती अञ्चल आधुनिक नेपाली कथाको क्षेत्रमा निक्कै उर्वर रहेको तथ्य भूपेन्द्र सुवेदीको खोज अनुसन्धानबाट पनि पुष्टि हुन्छ ।

कथा क्षेत्रमा राप्ती अञ्चलको नालीबेली निबन्धम राप्ती साहित्य परिषद्लगायत राप्ती अञ्चलभित्रका साहित्यिक सङ्घ संस्थ तथा व्यक्ति प्रतिभाहरूले कथा साहित्यमा पुऱ्याएको योगदान चर्चा एवम् मूल्याङ्कन गरिएको छ । कथाकार र तिनका कथा शीर्षकको ऐतिहासिक चिनारी प्रस्तुत गर्नु निबन्धको मूल लक्ष्य देखिन्छ । निबन्धको शीर्षक एउटा साहित्यभित्रको अर्को छुट्टै विधाको प्रगतिको बारेमा चिनारी प्रस्तुत गर्ने प्रयत्न निबन्धकारले रहेको छ । कथाकारको नालीबेली परिचय भएको देखिन्छ तर कथाको शीर्षकको नालीबेली भने प्रस्तुत भएको पाइँदैन ।

सोह्र वटा अनुच्छेदमा सङ्कलित यो निबन्ध सुवेदीका अरू निबन्धका तुलनामा लामो निबन्ध रहेको देखिन्छ । निष्कर्ष समेत प्रस्तुत गरिएको यस निबन्धमा प्रसस्त मात्रामा अङ्कहरू प्रयोग भएका छन् । एक हुँदै २६ अङ्कसम्म कथाकार र तिनका कथा शीर्षक दिइएको छ । केही कथाको ऐतिहासिक पृष्ठभूमिसहित उठान भएको यो निबन्ध राप्ती अञ्चलको कथाको सेरोफेरोमा केन्द्रित रहेको देखिन्छ । अर्न्तध्वनि वर्ष ४० अङ्क ४ पूर्णाङ्क १५, २०६४ र

व्यक्तिगत सम्पर्कका आधारमा तथ्यपूर्ण कुराहरूलाई निबन्धकार सुवेदीले निबन्ध शीर्षक दिएर कलात्मक तरिकाले प्रस्तुति दिएकोले गर्दा यो निबन्ध सफल र प्रभावकारी देखिएको छ ।

### ४.१५. हाम्रो संस्कृति

निबन्धकार भूपेन्द्र सुवेदीको 'हाम्रो संस्कृति' निबन्ध **भूपेन्द्र सुवेदीका निबन्धहरू** निबन्ध सङ्ग्रहमा सङ्कलित चौधौं निबन्धको रूपमा सङ्कलित रहेको छ । यो निबन्ध सुवेदीको अनुसन्धानात्मक निबन्ध हो । यस निबन्धले नेपाली संस्कृतिको विषयमा चर्चा गरेको छ । संस्कृतिका नाममा फैलिएका विकृतिबाट सतर्क रहनुपर्ने, संस्कृतिमा मौलिकता हुनुपर्ने र संस्कृति युगानुकूल हुनुपर्ने तर्क निबन्धले राखेको देखिन्छ ।

नेपाली संस्कृतिलाई अनुसन्धानात्मक तथा खोज गर्ने प्रयत्न प्रस्तुत निबन्धको मूल लक्ष्य रहेको देखिन्छ । संस्कृति के हो कसरी यसको अनुसरण गरिएको छ भन्ने बारेमा निबन्धको अभिव्यक्ति रहेको देखिन्छ । विभिन्न जातजाति भाषा संस्कृतिलाई सङ्क्षिप्त रूपबाट यो निबन्धमा प्रकाश पार्ने प्रयत्न गरिएको छ । साहित्य अतिरिक्त, नेवारी, मैथिली र भोजपुरी भाषा साहित्यको पनि निबन्धकारले जानकारी दिएका छन् । त्यसैगरी कला, ललितकलाका बारेमा चिनारी प्रस्तुत निबन्धको रहेको छ । हाम्रो संस्कृति गौरव गर्ने लायकका हुँदाहुँदै त्यहाँ विकृति भरिएर कुसंस्कृतितिर उन्मुख हुन थालेको कुरालाई सजग गराउने प्रयत्न निबन्धमा गरिएको छ । निबन्धकार सुवेदीले बेसाह संस्कृतिको प्रभावले गर्दा कुसंस्कृति भित्रन पुगी सामाजिक संस्कार विपरीत हुन पुगेको कुरातर्फ ध्यान पुऱ्याउन खोजिएको छ । सर्तक र सजग हुनुपर्ने कुरामा निबन्धकारको हाम्रो संस्कृति निबन्धमा जोड रहेको छ ।

निबन्धकार सुवेदीले संस्कृतिसम्बन्धी परिभाषा "युगौंदेखि देश, काल, परिस्थिति, सापेक्ष आन्तरिक वैचारिक तथा परम्परागत धारणाका रूपमा खारिँदै माझिँदै र विकसित हुँदै आएका आचार, विचार, रहनसहन आदिको पहिचान चिनिने यावत् मान्यता भावना, चिन्तन मनन्, परम्परा र भौतिक अभिव्यक्तिहरू समेतका पहिचानलाई संस्कृति भनिन्छ ।" त्यसमा कला, साहित्य, इतिहास, भाषा, धर्मसंस्कार, पेसा, रहनसहन, चाडपर्व, रीतिरिवाज आदिको

समिश्रण हुन्छ । यिनै विषयलाई हाम्रो संस्कृतिका रूपमा लिइन्छ (पृष्ठ ५५) । प्राचीनकालदेखि संस्कृतिको विकास भएको पाइन्छ । पूर्वीय मान्यतामा भाषा, व्याकरण, संस्कृत भाषा आदिलाई अवलम्बन गरियो । संस्कृति समयअनुसार देश, समाजअनुसार गतिशील हुनपर्ने हुँदा यो समाज उपयोगी हुनैपर्छ । संस्कृति भन्दैमा अन्धाधुन्द पूर्वजहरूले गर्दै आएका चलन र व्यवहार समयसापेक्ष छैनन् भने ती संस्कृति नभएर कुसंस्कृति हुन् भन्ने कुरामा निबन्धको लक्ष्य देखिएको छ । त्यसैले संस्कृतिलाई सुसंस्कृत पार्दै जानुपर्नेतर्फ सबैको ध्यान पुग्नु पर्ने आवश्यकतामा निबन्धको जोड रहेको देखिन्छ ।

हाम्रो संस्कृति शीर्षकमै हाम्रो भनेर सबैको साझा भन्नेतर्फ एउटा साझा शब्द बोकेर नै निबन्धले सबै संस्कृतिलाई समेटेको छ । संस्कृति भनेको खारिएर बनेको र शुद्ध हुनुपर्छ । यसका साथै सामाजिक हितका लागि हुनुपर्छ । मान्छे मान्छेमा छुवाछुत, उचनीच, जातभातको भेदभाव हुनुहुँदैन, अनावश्यक देखावटी खर्च गर्ने र पहिलेका जे परिस्थितिमा चलेका वा मानिआएका संस्कृति, कर्मलाई बदलिंदो परिवेशमा पनि नछोड्नु संस्कृतिलाई नबुझेर अन्धभक्त भएको ठर्हछ जसले गर्दा समाज राम्रोसँग गतिशील हुन सक्दैन भन्ने देखिन्छ । व्यक्तिगत आवश्यकतालाई त्याग गरी सामाजिक हित र आवश्यकतातिर समाजलाई मोड्न सक्नु सुसंस्कृति हो भन्ने निबन्धकारको अर्थ प्रस्तुत भएको छ ।

संस्कृति नै मान्छेको मौलिक पहिचान हो भने मानवीय हितमा आधारित संस्कृतिको सबै पक्षबाट जतन जगेर्ना हुनुपर्छ भन्ने निबन्धको जोड रहेको छ । नेपाली संस्कृति सार्वभौमिकता छ साथै देशको फरकपन र चिनारी पनि संस्कृतिले दिन गरेको हुन्छ । अतः हाम्रो संस्कृति निबन्धले नेपाली संस्कृतिको विषद रूपमा चर्चा परिचर्चा गरेका छ, संस्कृतिका नाममा फैलिएका विकृतिबाट सर्तक रहनुपर्ने, संस्कृतिमा मौलिकता हुनुपर्ने र हाम्रो संस्कृति युगानुकूल हुनुपर्ने तर्क निबन्धमा रहेको छ । लामा छोटा गरी २५ वटा अनुच्छेदमा सङ्कलित प्रस्तुत निबन्ध सुवेदीको सङ्कलित निबन्धमा वृहत् निबन्ध रहेको देखिन्छ । उखान टुक्काको कलात्मक प्रयोगले गर्दा निबन्धलाई थप उत्कृष्टता प्रदान गरेका छन् । मौलिकताले गर्दा निबन्ध झनै गर्भिलो र ओजिलो भएको छ । कलात्मक भाषा प्रयोग गर्न सिपालु निबन्धकार

सुवेदीले आत्मकेन्द्रित भएर पनि यस निबन्धमा लेखेको देखिन्छ । कतै विवरणात्मक त कतै वर्णनात्मक शैली पनि प्रस्तुत गरिएको यो निबन्ध अनुसन्धानात्मकताबाट सुरु भएर खोजमूलक प्रस्तुति दिँदै हाम्रो संस्कृति निबन्धमा शीर्षक सार्थकता देखिन्छ । हाम्रो संस्कृतिभित्र सबै नेपाली अटाउन सक्नुपर्छ भन्ने मान्यता यो निबन्धले बोकेको छ ।

### ४.१६. राष्ट्रिय कविता महोत्सवमा स्वर्गद्वारी यात्रा

'राष्ट्रिय कविता महोत्सवमा स्वर्गद्वारी यात्रा' निबन्ध **भूपेन्द्र सुवेदीका निबन्धहरू** निबन्धसङ्ग्रहभित्र सङ्कलित अन्तिम अर्थात पन्धौं निबन्ध हो । प्रस्तुत निबन्ध यात्रा संस्मरणसँग सम्बन्धित नियात्रात्मक शैलीमा लेखिएको निबन्ध हो । यसमा पवित्र तीर्थस्थल स्वर्गद्वारीका धार्मिक, सांस्कृतिक, प्राकृतिक एवं ऐतिहासिक महत्वमाथि प्रकाश पारिएको छ । राम्रोसँग प्रचारप्रसार हुन नसकेका लुकेर, छिपेर रहेका र ओझेलमा परेका धार्मिक, सांस्कृतिक एवं प्राकृतिक वस्तुहरूको संरक्षण गर्नुपर्नेमा यस निबन्धले जोड दिइएको छ । स्वर्गद्वारीको दिव्यता र महानताको महिमागान गर्दै यस्ता क्षेत्रलाई पर्यटकीयस्थलको रूपमा विकास गर्नुपर्ने सुझाव पनि निबन्धमा दिइएको छ ।

प्यूठानको स्वर्गद्वारी आश्रम एवं त्यहाँको प्राकृतिक मनोरम दृश्यहरूको निबन्धकारले ज्यादै नै सहज एवं सरल किसिमले वर्णन गरेका छन् । राष्ट्रिय कवि गोष्ठीमा कविता महोत्सव जस्तो ठूलो कुम्भ महोत्सव हुनु, देशका विभिन्न ठाउँबाट भेला भएका कविहरूले आफ्ना सिर्जनाहरू सुनाउनु, त्यसैगरी ऐतिहासिक तथा धार्मिक महत्व रहेको स्वर्गद्वारी महाप्रभुको परिचयलगायत त्यहाँको स्थानीयताको चिनारी निबन्धले दिने प्रयास गरेको छ । राष्ट्रिय कविता महोत्सव स्वर्गद्वारीमा गर्ने अठोटकासाथ आफै अग्रसर भई लागेका निबन्धकार सुवेदीले एक महिनाको प्रयास, योजना, लगनशीलताले वि.सं. २०६२ वैशाख ३१ गते पूर्ण तयारी गरिएको महोत्सवको २०६२ जेष्ठ १ गते राष्ट्रिय कविता महोत्सव स्वर्गद्वारीमा भयो । त्यो महोत्सवलाई सफल बनाउन अमर डाँगीको अध्यक्षतामा महोत्सव समिति गठन गरिएको रहेछ । करिब १२८ कविता दर्ता पनि भएका रहेछन् । जसमा छनौट गर्दा ४० कविता प्रतियोगितामा छनोट गरिएछ । सबै पाँच जिल्लाका समितिका सदस्यहरू सक्रिय भएर उक्त महोत्सवमा लागेको

देखिन्छ । प्यूठान जिल्लाबाट निबन्धकार सुवेदीलगायत देवेन्द्र कुमार रिजाल, सुशील पोखेल, कैलाश पण्डित, झपेन्द्र वैद्य, कमल पोखेल, खिमानन्द सुवेदी, भुवनेश्वर सुवेदी, महेश थापा लगायतको टोली सदस्यहरू सक्रिय भएर लागेर कविता महोत्सव सफल पारेको देखिन्छ । त्यसरी राष्ट्रिय कविता महोत्सव राप्ती अञ्चलको पहिचान देखाउनुका साथै स्वर्गद्वारी आश्रमको पृष्ठभूमि, त्यहाँको ऐतिहासिक पक्ष बुझ्ने लक्ष्य पनि निबन्धको रहेको देखिन्छ ।

निबन्धकार भूपेन्द्र सुवेदीले 'राष्ट्रिय कविता महोत्सवमा स्वर्गद्वारी यात्रा' निबन्धमा प्रसिद्ध तीर्थस्थल स्वर्गद्वारी आश्रम, त्यहाँको व्यवस्था, त्यसैगरी १००८ महाप्रभुको वृत्तान्त, पूर्व इतिहास र वर्तमान अवस्थाको जानकारी दिने प्रयत्न गरेका छन् । स्वर्गद्वारी आश्रमका प्रमुख स्वामी दयानन्द गिरी र उनका अनुभवी चेलाका सहयोगमार्फत निबन्धकारले त्यहाँको इतिहास जान्ने बुझ्ने मौका मिलेको देखिन्छ । स्वर्गद्वारी आश्रमको अग्निकुण्ड, त्यहाँको दैनिक होम हुने कुण्ड जो वि.सं. १९५२ फागुन ११ गते यज्ञ प्रारम्भ गर्दा लगातार ७ दिन वेदमन्त्र पढी निकालिएको अग्नी ज्वाला अहिलेसम्म पनि ननिभेको इतिहास त्यस ठाउँको रहेको छ । अग्नीकुण्डमा पवित्र मन्त्र पढी होम हुने कुरा थाहा हुन आउँछ । त्यसैगरी अग्नीकुण्ड वरिपरि गणेश पञ्चायन, शिवपञ्चायन, देवीपञ्चायन, सूर्यपञ्चायन, विष्णुपञ्चायन, देवदेवतका मूर्ति स्थापना गरी मन्दिर निर्माण गरिएको छ । त्यति मात्र होइन त्यहाँके अन्य विविध धार्मिक तथा मौलिक पहिचान भएका स्थान विशेष र मानिसले निर्माण गरेका चिज बिजहरू, प्रभुका पद चिन्ह, सिद्धस्थान, वेद पाठ गर्ने ठाउँ दक्षिणी भागमा रहेको बाँझको रुख वरिपरि छिनिएको चौपारी, धर्मशाला निर्माण, मन्दिरहरू, गाइगोठ आदि स्वर्गद्वारीका पहिचान रहेका देखिन्छन् । यसरी निबन्धकार सुवेदीले स्वर्गद्वारी तीर्थस्थलको ऐतिहासिक महत्व दर्शाउने चेष्टा स्वरूप यात्रात्मक खोज तथा अनुसन्धान गरेको देखिन्छ । राष्ट्रिय कविता महोत्सवमार्फत् उक्त ठाउँको प्रचार प्रसार राष्ट्रभर पुग्ने लक्ष्य देखिन्छ ।

निबन्धकार सुवेदीले निबन्धको पृष्ठ ७० मा उल्लेख गरेअनुसार राप्ती अञ्चलका पाँच जिल्ला मध्ये प्यूठान जिल्लाको उत्तर पश्चिम दिशा ४९ गा.वि.स. मध्ये खाला गा.वि.स. मा पर्ने हिन्दू धर्मावलम्बीको आस्था केन्द्र स्वर्गद्वारी आश्रम साँच्चैनै आफ्नो नाम स्वर्गद्वारी अर्थात स्वर्गको

पथ जस्तै देखिन्छ । समुद्री सतहदेखि २१२१ मिटर अग्लो ठाउँमा अवस्थित यस स्वर्गद्वारी आश्रममा नेपाल मात्र होइन छिमेकी देश भारतबाट पनि वर्षेनी हजारौं तीर्थयात्रीले स्वर्गद्वारी आश्रमको दर्शन अवलोकन गर्न पुग्छन् । आफ्नै छुट्टै प्राकृतिक दृश्यका माझमा अवस्थित स्वर्गद्वारी आश्रम वरिपरि समथर भूमि, चारैतिर बाँझका, गुराँसका चाँपका वटवृक्ष, उत्तरतिर हिमालयको आनन्ददायी दृश्य, दक्षिणतिर माण्डवी नदीको कलकल आवाज आदिले गर्दा पनि जो कोहीलाई स्वर्गद्वारी एक पटक होइन पटकौं पटक छिर्न उद्यत् पार्ने कुरा निबन्धमार्फत दृष्टिगत भएको छ । स्वर्गद्वारी महाप्रभुको आफ्नै इतिहास यस निबन्धले दिएको देखिन्छ । जसमा सल्यान जिल्लाको रुम्टी भन्ने गाउँमा वि.सं. १९१६ श्रावण शुक्ल पुत्रदा एकादशीका दिन विहीबार मध्यरातमा जन्मिएका स्वर्गद्वारी महाप्रभुको न्वारानको नाम नारायण खत्री रहेछ । सामान्य परिवारमा जन्मिएका नारायण खत्री उनी जन्मेको छैटौं दिन उनकी आमाले मासु खाएको त्यसपछि नारायणले आमाको दूध नखाएका, बाबुले आमालाई बोक्सी लागेको आशङ्कामा धामी झाँक्री पनि गराएका तर उनले आमाको दूध खाँदै नखाएका त्यसपछि गाईको दूध ल्याई खुवाइएछ । गाईकै दूध खाएर हुर्किएका भन्ने भनाई रहेको छ । उनी त्यस्ता व्यक्ति रहेछन् चार वर्षको उमेरदेखि नै पूजा आजातर्फ ध्यान दिने गर्थे भन्ने भनाई थाहा हुन्छ । ६/७ वर्षका हुँदा पानी आउने, पहिरो भविष्यवाणी पनि गर्ने गरेका र त्यही अनुरूप पनि भएको कुरा उल्लेख छ । नारायण खत्री बाह्र वर्षका हुँदा बाबुआमाले विवाह गरिदिने कुरा चलाएछन् तर उनी घरबाट भागेर बेपत्ता भएछन् त्यसको तीन वर्षपछि एउटा गुफामा फेला परेछन् । स्वामी सच्चिदानन्द नाम सज्जनलाई गुरु बनाई २८ वर्षको उमेरसम्म ज्ञान गुण प्राप्त गर्नतिर लागेछन् । त्यसपछि वि.सं. १९५१ मा आफ्नो जन्मथलो रुम्टीमा यज्ञ गराई यज्ञको बिसर्जनपछि बोधानन्द गिरीलाई साथै लगि उनी स्वर्गद्वारीतिर लागेका रहेछन् । स्वर्गद्वारीमा आएपछि आफ्नो नाम बदली हंसानन्द गिरी राखेका रहेछन् । उनले स्वर्गद्वारी आसपासका मानिसलाई विभिन्न ज्ञानगुनका कुरा अर्ति उपदेश दिने कामबाट पनि उनी साँच्चैका महाप्रभु कहलिन पुगेका रहेछन् । उनले द्वापर युगका भग्नावशेष आदि कुराहरू पत्ता लगाउँदा उनलाई गाउँलेले विश्वास पनि गरेका, उनी मानव सेवामा सर्मपित भएर लागेको इतिहास निबन्धमा उल्लेख छ । वि.सं. १९९७ मार्ग १७ गते सोमबारका दिन ८१ वर्षको उमेरमा महाप्रभुको निधन भएको कुरा पनि उल्लेख छ । निबन्धकार सुवेदीले स्वर्गद्वारी

महाप्रभुको जन्म भएको र उनी कसरी महाप्रभु भएका रहेछन् भन्ने कुराको खोजीनीति गरेर निबन्धमा सविस्तार गरेर देखाएका छन् जसले गर्दा ऐतिहासिक पक्षको मूल्याङ्कन गर्ने प्रयास भएको ठर्हछ ।

निबन्धकार भूपेन्द्र सुवेदीले ऐतिहासिक तथा धार्मिक पक्ष बोकेको स्वर्गद्वारी आश्रमको बारेमा विस्तृत जानकारी निबन्धमार्फत पाठकसमक्ष पुऱ्याएका छन् । जसले गर्दा यो निबन्ध आफैमा ऐतिहासिक निबन्ध बन्न सफल देखिन्छ । निबन्धमा दुई हातमा लड्डु भन्ने उखान चरितार्थ भएको जस्तो देखिन्छ । किनकि राष्ट्रिय कविता महोत्सवको अवसरले त्यस ठाउँको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक सबै चिजको समेटेर जानकारी लिने अवसर प्राप्त भएको देखिन्छ । निबन्धकार सुवेदीले निबन्धमा कवि शिरोमणि लेखनाथ पौडेलका शिखरिणी छन्दका नौ वटा कविता पनि उल्लेख गरेका छन् । लेखनाथ पौडेल महाप्रभुको निधनमा शोकमग्न भएर ती कविताका हरफ सिर्जना गर्न पुगेका हुन कि भन्ने भनाई उल्लेख छ ।

अहाः त्यस्तो राम्रो सरल कलिलो बाल वयमा
पिता मात छोडी, नभुली ममताको विषयमा ।
तपस्याको ज्योति, जगमग जगाई वन पसी
बसेको मुक्तात्ममा, प्रभु अब कहाँ बाल तपसी ॥

उक्त श्लोकको भावले पनि पुष्टि गरेको देखिन्छ कि सरल कलिलो बाल उमेर हाँसखेल गर्ने उमेरमा चटक्क घर छोडी तपस्या, ध्यानमा मग्न बनी वनतिर लागेका देखिन्छन् । त्यसपछि ती तपस्वी बालक एउटा महाप्रभु बनेर सबैलाई ज्ञान फैलाउने अवस्थामा देखा परे भन्ने कविताको सामान्य भाव बुझिन्छ । यसरी निबन्धकार सुवेदीले लेखनाथको कविता भावबाट पनि स्वर्गद्वारी आश्रम तथा महाप्रभुको महिमा गान गर्ने प्रयत्न गरेका छन् । निबन्धमा स्वर्गद्वारी आश्रमको सचित्र देखाइएको छ । निबन्ध सुरुमै अङ्ग्रेजी वाक्यबाट सुरु भएको देखिन्छ । लामा छोटा गरेर एक्काइस वटा अनुच्छेदमा र नौ वटा कविताका पङ्क्ति गरेर निबन्ध सङ्कलित भएको छ । निबन्धमा निबन्धकार सुवेदीले उखान टुक्काको प्रयोग गराई थप आकर्षित बनाएका छन् ।

निबन्धको शीर्षक लामो रहे तापनि उद्देश्यात्मक शीर्षक रहेको देखिन्छ । स्वर्गद्वारीमा के छ? त्यसको बारेमा कवि स्रष्टा तथा पाठकलाई जानकारी दिने उद्देश्य राखिएको उक्त शीर्षक सफल र समन्वय मिलेको देखिन्छ । नियात्रात्मक शैलीमा लेखिएको निबन्ध वस्तुपरकताभित्र उत्रिएको भए तापनि निबन्ध सम्प्रेष्ण एवम् पठनीय छ । वस्तुपरकता, सरलता, स्पष्टता, वैचारिकता, अपनत्वभाव, स्थानीयताको पहिचान आदि कुरा यस निबन्धमा देखिन्छन् ।

यसरी आफ्नै ऐतिहासिक तथा धार्मिक पक्ष बोकेको स्वर्गद्वारी आश्रमको बारेमा विस्तृत जानकारी दिनु राष्ट्रिय कवित महोत्सव स्वर्गद्वारीमा निबन्धमा रहेको छ । यसरी यो नियात्रात्मक निबन्धले स्थानीय ठाउँको पहिचान, त्यसका विविध पक्षको बारेमा जानकारी दिनु, धार्मिक, सांस्कृतिक, प्राकृतिक एवं ऐतिहासिक महत्वमाथि प्रकाश पार्नु निबन्धले महत्व बोकेको देखिन्छ ।

### ४.१७. निष्कर्ष

**भूपेन्द्र सुवेदीका निबन्धहरू** निबन्ध सङ्ग्रह सुवेदीको छैटौं पुस्तकाकार कृति हो । यसको प्रकाशन वि.सं. २०६५ सालमा भएको हो । यो कृति उनका अन्य कृतिभन्दा बढी खारिएर माझिएर एवम् सशक्त भएर आएको देखिन्छ । अनुभव र अनुभूतिले देखेका, भोगेका समाज, राष्ट्र, हरेक पक्षका आस्थालाई समेटेको देखिन्छ । जम्मा जम्मी पन्ध्र वटा निबन्ध यस कृतिमा सङ्ग्रहीत छन् । उनको यस कृतिमा प्रसस्त उखान टुक्काको प्रयोग गरिएको छ । कृतिमा लेखकको अनुभवजन्य अभिव्यक्ति प्रकट भएको छ ।

यस कृतिले स्थानीय प्यूठान जिल्ला एवम् सिङ्गो देशका विविध सम्पदालाई पनि समेटेको देखिन्छ । कृतिभित्रका सामग्रीले प्रकृति, संस्कृति, मानव, मानवता, नैतिकता, देशप्रेम, भाषा, साहित्य, ऐतिहासिक पक्ष आदिलाई विषयवस्तुगत परिधि बनाएका छन् । यस निबन्ध सङ्ग्रहभित्रका निबन्धले नैतिकता एवं आदर्शको पक्षपोषण गर्नुका साथै प्रकृति, संस्कृति, जैविक विविधता, धार्मिक एवम् प्राकृतिक सम्पदा आदिको संरक्षण गर्नुपर्नेमा विशेष जोड दिएका छन् । निबन्ध सङ्ग्रहभित्रका निबन्धहरूले विविध विषयलाई समेटेका छन् ।

सङ्ग्रहभित्रका सामग्रीहरूमा 'ह्रासोन्मुख हाम्रो काव्य परम्परा' लेख्ने विषयको खोजीमा, कथा क्षेत्रमा राप्ती अञ्चलको नालीबेली साहित्य विषयलाई केन्द्र विन्दु मानेर लेखिएका निबन्ध हुन् । त्यसैगरी भाषिक विषयअन्तर्गत 'श्र' को नालीबेली केलाउँदा शीर्षकको निबन्ध रहेको छ । मातृममता बसिबियाँलो मानवताको मूल्याङ्कन 'म' को पृष्ठभूमि खोज्दा निबन्धहरू सामाजिक विषयवस्तु अन्तर्गतका निबन्धहरू रहेका छन् । शिक्षा विषयमा केन्द्रित प्रमाणपत्रको कैफत निबन्धमा अव्यवहारिक वर्तमान शैक्षिक परिपाटीले समाजमा अपराध भित्रिएको कुरा उल्लेख छ । त्यसैगरी यात्रा संस्मरणसँग सम्बन्धित निबन्धहरूमा गौमुखी घुम्ने उत्कष्ठामा र राष्ट्रिय कविता महोत्सव स्वर्गद्वारी यात्रा पर्दछन् । हाम्रो संस्कृति निबन्धले नेपाली संस्कृतिको व्यापक रूपमा चर्चा गरेको पाइन्छ । पूर्वीय दर्शनको अपव्याख्या बारेमा उल्लेख छ । नेपाल परिदर्शन निबन्धमा देशको दिग्दर्शनसँग सम्बन्धित छ । त्यसैगरी चिउरी एक परिचिन्तन निबन्ध कृषि व्यवसायसँग सम्बन्धित छ । यसरी विविध विषयवस्तुमा केन्द्रित प्रस्तुत निबन्ध सङ्ग्रहले जीवन जगतकै समसामयिक विषयवस्तुमाथि प्रकाश पार्ने प्रयत्न भएको छ । गहन विषय, सरल प्रस्तुति, सहज भाषा शैलीले सुवेदीको उत्कृष्ट कृति बन्न पुगेको छ ।

यस प्रकार कतै समालोचनात्मक कुनै अनुसन्धानात्मक त कतै नियात्रात्मक शैलीका माध्यमबाट निबन्धकार सुवेदीले आफ्ना निबन्धलाई बान्की लिएका छन् । सरल, सहज ढङ्गबाट प्रत्येक निबन्धभित्र निबन्धकारले गम्भीर चिन्तनयुक्त विषय पस्किएका छन् । उनी आफूले अध्ययन र अनुभव गरेका कुरालाई इमान्दारिताका साथ प्रस्तुत गरेका छन् । उनका प्रत्येक निबन्धले जे उद्देश्य राख्न खोजका हुन् त्यो पूर्ण रूपमा प्रकट भएको छ । नेपाली जनजीवनका विविध पक्षका मर्मलाई अत्यन्त गम्भीरताका साथ केलाई प्रसतुत गरिएको पाइन्छ । उनका आधुनिकता प्रगतिशीलता प्रखर मात्रामा देखिनुका साथै भावका र कला क्षेत्रका समायोचित रचनाकार हुन् भन्ने रूपमा पाउन सकिन्छ । उनको यो निबन्ध सङ्ग्रह वर्तमान युगको समग्र अवस्था, आवश्यकतालाई आत्मसात् गरेर सतय, न्याय समानता, प्रगतिशीलता र समाज परिवर्तनको पक्षमा लेखन अगाडि बढेको पाइन्छ । उनले एउटा सरल र सानो कृतिमा पूर्ण संसार समेट्ने प्रयास गरेका छन् ।

निबन्ध सङ्ग्रहमा हरेक विषयवस्तुको समस्या प्रस्तुत गरेर तिनको समाधानको बाटो देखाइएको छ । निबन्धमा निबन्धकारले जीवन जगतलाई आफूले मात्र बुझ्ने भन्दा अरूलाई बुझाउने चेष्टा गरेको पाइन्छ । जीवनका भोगाई, अनुभव र अनुभूतिलाई तथा सत्य भित्र अडिएर आफ्नो निबन्ध सङ्ग्रहको प्रस्तुति गरेका छन् । यसरी साहित्यका सबैजसो विधामा क्रियाशील भूपेन्द्र सुवेदी प्रस्तुत निबन्धमा सरल तर गम्भीर चिन्तनयुक्त विषयहरू पस्किएका छन् । उनको यो निबन्ध कृतिले समग्र जीवन जगतको बारेमा बोलेको छ ।

# अध्याय -पाँच

## भूपेन्द्र सुवेदी र उनको निबन्ध कृतिको मूल्याङ्कन

### ५.१. परिचय

भूपेन्द्र सुवेदीले लेखेका निबन्धहरू सङ्गालोका रूपमा **भूपेन्द्र सुवेदीका निबन्धहरू** मात्रा प्रकाशित भएको छ । यो कृति २०६५ मा पुस्तकाकार कृतिका रूपमा आएको हो । यस निबन्ध कृतिको मूल्याङ्कन निबन्ध विधा तत्वका आधारमा गरिएको छ । विविध विषयवस्तुमा आधारित प्रन्ध वटा निबन्धहरू यस सङ्ग्रहमा सङ्गृहीत छन् । यस निबन्ध सङ्ग्रहका निबन्धहरूको मूल्याङ्कन विधातत्वका आधारमा तल बेग्लाबेग्लै रूपमा गरिएको छ ।

### ५.२. विषयवस्तु

**भूपेन्द्र सुवेदीका निबन्धहरू** (२०६५) निबन्धसङ्ग्रह सुवेदीको पहिलो निबन्ध कृति हो । फुट्कर रूपमा रहेका निबन्धहरूलाई सुवेदीले वि.सं. २०६५ मा पुस्तकाकार कृतिको रूपमा आकार दिएको पाइन्छ । यस सङ्ग्रहका निबन्धमा विषयगत विविधता पाइन्छ । मातृममता, बसिबियाँलो, मानवताको मूल्याङ्कन, म को पृष्ठभूमि खोज्दा निबन्धहरू सामाजिक विषयवस्तु अन्तर्गतका निबन्धहरू हुन् । यी निबन्धहरूमा समसामयिक वस्तुस्थितिको चित्रण गरेको पाइन्छ । मातृस्नेहलाई आदर्श रूपमा चित्रण गर्नु निबन्धको कथ्य विषयवस्तु भएर आएको छ । आमाको महत्वमाथि प्रकाश पार्ने काम उक्त निबन्धमा भएको छ । साथै निबन्धमा जन्मदिने आमा र कर्म प्राप्त गर्ने मातृभूमिलाई समान महत्वकासाथ हेर्ने प्रयास गर्न खोजिएको छ । बसिबियाँलो निबन्धमा नैतिक मूल्य र मान्यतालाई आत्मसाथ गरेर समाज सेवामा लाग्नु पर्ने, राष्ट्र सेवामा समर्पित हुनुपर्ने विचार प्रस्तुत गरेका छन् । मानवमा मानव

मूल्य एवम् नैतिकता ह्रास हुँदै गएको कुरामा चिन्ता व्यक्त गर्नुका साथै धुम्रपान र मध्यपानले निम्त्याएका विकृतिको चित्रण एवम् मानिसका कामचोर, आलसी प्रवृत्तिमाथि व्यङ्ग्य गर्नु, मपाइँवादका कारण जतातते द्वन्द्व, हिंसा, युद्ध भड्किएको तथ्यको उद्घाटन गर्नु यी निबन्धको केन्द्रीय विषयवस्तु गएको छ ।

'गौमुखी घुम्ने उत्कष्ठामा' र 'राष्ट्रिय कविता महोत्सव स्वर्गद्वारी यात्रा', यात्रा संस्मरणसँग सम्बन्धित विषयवस्तु भएका निबन्ध हुन् । यिनमा पवित्र तीर्थस्थल, गौमुखी र स्वर्गद्वारीको धार्मिक, सांस्कृतिक, प्राकृतिक एवम् ऐतिहासिक महत्त्वमाथि प्रकाश पारिएको छ । स्वर्गद्वारी र गौमुखीको दिव्यता र महानताको महिमागान गर्दै यस्ता क्षेत्रलाई पर्यटकीय स्थलको रूपमा विकास गर्नुपर्ने सुझाव पेश गरिएका निबन्ध हुन् । लुकेर छिपेर रहेका र ओझेलमा परेका धार्मिक, सांस्कृतिक एवम् प्राकृतिक वस्तुहरूको संरक्षण गर्नुपर्नेमा यी निबन्धमा जोड दिएको छ ।

ह्रासोन्मुख हाम्रो काव्य परम्परा लेख्ने विषयको खोजीमा कथा क्षेत्रमा राप्ती अञ्चलको नालीबेली साहित्य विषयलाई केन्द्रविन्दु मानेर लेखिएका निबन्धहरू हुन् । ह्रासोन्मुख हाम्रो काव्य परम्परा निबन्धमा छन्दोबद्ध कवितामा मितव्यीता गेयात्मक एवम् श्रृतिमाधुर्य हुने हुँदा काव्यशास्त्रको पहिचान नै छन्दशास्त्रमा निहित हुने तर्क अघि सारिएको छ । साथै छन्दशास्त्रलाई अद्वितीय सम्पदाको रूपमा हेरिएको छ । लेख्ने विषयको खोजीमा निबन्धमा लेखनका निम्ति अध्ययन, अभ्यास, धैर्यता र एकाग्रताको आवश्यकता औंलाइएको छ । कुनै पनि विषयको जानकार विषयलाई खोतलखातल गरेर त्यसभित्र भएका विषयवस्तुलाई प्रभावकारी ढङ्गले प्रस्तुतिमा ल्याउनुपर्छ भन्ने दृष्टिकोण भएको निबन्ध हो । कथा क्षेत्रमा राप्ती अञ्चलको नालीबेली निबन्धमा राप्ती साहित्य परिषद् लगायत राप्ती अञ्चलभित्रका साहित्यिक सङ्घ संस्था तथा व्यक्ति प्रतिभाहरूले कथा साहित्यमा पुऱ्याएको योगदानको चर्चा एवम् मूल्याङ्कन गरिएको छ ।

भाषिक विषयअन्तर्गत 'श्र'को नालीबेली केलाउँदाको निबन्ध हो । भाषिक चिन्तनसँग सम्बन्धित प्रस्तुत निबन्धमा 'श्र' वर्णको निर्माण प्रक्रियामा वैज्ञानिकता नभएको टिप्पणी गर्दै

आधारविनाको 'श्र' वर्णको प्रयोग गरी, श्रम, श्रुति, श्रावण, श्रद्ध, श्रद्धाजस्ता शब्दको जथाभावी प्रयोग गर्न नहुने विचार अघिसारिएको छ । लिपि ज्ञाता अर्थात् विज्ञहरूलाई ध्यान पुऱ्याउन यो निबन्धले आग्रह गरेको छ । त्यसैगरी शिक्षा विषयमा केन्द्रित प्रमाणपत्रको कैफत निबन्धमा अव्यवहारिक वर्तमान शैक्षिक परिपाटीले समाजमा अपराध भित्रिएको निबन्धको विषयवस्तु छ । प्रस्तुत निबन्धमा ज्ञान र क्षमतालाई प्रमाणपत्रीय तुलामा तौलन नहुने तर्क पनि गरिएको छ । गुणस्तरीय शिक्षालाई बेवास्ता गरेर देखावटी शिक्षाको अनुकरण गर्नेले समाजलाई शिक्षा क्षेत्रलाई अद्योगतितिर धकेलिरहेका छन् भन्ने तर्क निबन्धको ध्यान पुगेको देखिन्छ । निबन्धमा व्यङ्ग्यमार्फत् सचेत पार्ने प्रयास गरिएको छ ।

हाम्रो संस्कृति निबन्धले हाम्रो सांस्कृतिक विषयवस्तुलाई समेटेर आएको छ । नेपाली संस्कृतिको विषद् चर्चा गरेका छ । साथै संस्कृतिको नाममा फैलिएका विकृतिबाट सर्तक रहनुपर्ने, संस्कृतिमा मौलिकता हुनुपर्ने र संस्कृति युगानुकूल हुनुपर्ने तर्क निबन्धमा राखिएको छ । नेपाली संस्कृतिलाई अनुसन्धान तथा खोज गर्ने प्रयत्न निबन्धमा भएको छ । संस्कृति नै मानिसको मौलिक पहिचान हो भन्ने मानवीय हितमा आधारित संस्कृतिको सबै पक्षबाट जतन र जगेर्ना हुनुपर्छ भन्ने तर्क निबन्धको विषय केन्द्रित रहेको छ । पूर्वीय दर्शनको अपव्याख्या निबन्ध दर्शन विषयमा आधारित निबन्ध रहेको छ । यस निबन्धमा धर्म र दर्शनको अपव्याख्याका कारण समाजमा वर्गीय र जातीय परिपाटीको सुरुवात भई आजको समाजले वर्गीय, जातीय विकृति, दुर्दशा भोग्नु परेको तर्क रहेको छ । साथै निबन्धमा आध्यात्मवाद र भौतिकवादभित्रका अतिवादको खण्डन गर्दै बौद्धिक ग्रन्थले गरेको युग विभाजनको रहस्यमय प्रसङ्गबारे गम्भीर चिन्तन पनि गरिएको छ ।

नेपाल परिदर्शन निबन्ध प्राकृतिक, सांस्कृतिक एवम् पुरातात्विक सम्पदाप्रति मोह प्रकट गरिएको विषयवस्तुमा आधारित निबन्ध हो । यसमा सिङ्गो पृथ्वीलाई घर मानी नेपाललाई त्यस घरको खरखजाना राख्ने सुन्दर र स्वर्गीय कोठाको रूपमा चित्रण गरिएको छ । यस निबन्धले नेपालको भूबनोट, जलवायु, खनिज, कलाकृति, जडीबुटी, पशुपंक्षी, धर्म, संस्कृति आदिमा देखाएको विविधताको हार्दिक र मार्मिक चित्रण गरेको छ । त्यसैगरी चिउरी एक

परिचिन्तन निबन्ध कृषि व्यवसायसँग सम्बन्धित विषयको निबन्ध हो । यसमा चिउरीको बहुउपयोगिताबारे चर्चा गर्दै यसको संरक्षण र विस्तारमा जोड दिएको छ । साथै कृषिजन्य जडीबुटी, वनस्पतिको संरक्षण र उपयोग गर्न नजान्नेले खेरगईरहेको विनाश भईरहेको कुरातर्फ चिउरी एक परिचिन्तन निबन्धमा ध्यान पुऱ्याइएको छ ।

यसरी निबन्धकार भूपेन्द्र सुवेदीले दृश्यजगतका जुनसुकै विषयलाई पनि आफ्ना निबन्धको विषयवस्तु बनाएका छन् । सुवेदीको विषयवस्तुको स्रोत व्यापक देखिन्छ । समाज, मानवीय जीवन, प्रकृति, व्यक्तिगत अनुभव, शिक्षा, कल्पना, संस्कृति, प्यूठान जिल्लाको विविधता, देशप्रेम, भाषा, साहित्य, यतिमा मात्रा सीमित नभई सिङ्गो देशका विविध सामग्री र सम्पदा आदि विषयलाई आफ्ना निबन्धमार्फत् अभिव्यक्ति दिएका छन् । यसरी सुवेदीका निबन्धमा प्रस्तुत गरिएको वर्गीकरण विषयवस्तुगत प्रयुक्तिका आधारमा मात्र हो ।

### ५.३. विचार/उद्देश्य

निबन्धकार भूपेन्द्र सुवेदीले जुनसुकै विषयवस्तुलाई टिपेर निबन्ध रचना गरे पनि उनले निबन्धमार्फत् कुनै न कुनै विचारको प्रतिपादन गरेको भेटिन्छ । उनले प्रस्तुत गरेको विचारलाई हेर्दा प्रायः समाज सुधार, देश विकास, ग्रामीण विकास, शिक्षामा समान सहभागिता अर्थात् व्यवहारिक शिक्षामा जोड दिनुपर्ने, सांस्कृतिक विचार, कृषि क्षेत्रको विकासमा, पर्यटकीय उद्देश्य, मानवता, आदर्श धर्म, संस्कृति र परम्पराको संरक्षण र सम्बर्द्धन, प्राकृतिक सम्पदाको संरक्षण, देशप्रेम, जैविक विविधता, भाषा, साहित्य, विषयलाई अगाडि बढाउनु पर्ने उद्देश्य देखिन्छ ।

सुवेदीका यस निबन्ध सङ्ग्रहभित्रका निबन्धहरूले वैचारिक विविधतालाई समेटेका छन् । मूलतः उनका निबन्धहरूको मूल स्वर मानव हित र समाज सुधार हो । मानवतावादप्रति उनी गम्भीर भएका छन् । सेवाभावले अभिप्रेरित भएर मानवतावादको संरक्षण र सम्बर्द्धन गर्न सबैलाई आग्रह गरेका छन् । वस्तुपरक ढङ्गबाट वैचारिक सेरोफेरो लगाउने प्रस्तुत कृति राप्ती अञ्चलको प्यूठान जिल्लाको सेरोफेरोको विविधताभित्र पनि रहेको छ । यतिमा मात्र

सीमित नभई कृतिभित्रका निबन्धले सिङ्गो देशका विविध सम्पदालाई पनि आफूमा समेटेको छ । नैतिकता र आदर्शको पक्षपोषण गर्नु निबन्ध सङ्ग्रहको उद्देश्य रहेको देखिन्छ । निबन्धभित्रको मानवताको मूल्याङ्कन निबन्धमा मानवताप्रति गम्भीर हुन आग्रह गर्दै सेवाभावले अभिप्रेरित भएर मानवतावादको संरक्षण र सम्बर्द्धन गर्न सबैलाई आग्रह गरिएको छ । मानवमा चाहिने गुण वा मनुष्यत्व हराएर गएको कुरामा चिन्ता व्यक्त गर्दै सचेत पार्न खोजिएको छ । आजको सभ्य भनिने समाजमा मान्छेले आफ्नो मान्छे जातिको अवमूल्यन गर्दै गएको कुरामा निबन्धले व्यङ्ग्य प्रहार गरेको देखिन्छ । मानवमा दानवता बढ्दै गइरहेको कुरामा निबन्धकार चिन्तित देखिन्छन् । दानवता होइन मानवता मौलाउँदै जाओस् मानिसमा विकृतिबाट भोग्दै आएका अप्ठ्याराबाट चेत खुलोस् भन्ने कुरातर्फ निबन्धको उद्देश्य देखिन्छ । त्यसैगरी प्रमाणपत्रको कैफत निबन्धमा शिक्षा विषयमा केन्द्रित भएर ज्ञान र क्षमतालाई प्रमाणपत्रीय तुलामा तौलन नहुने तर्क राखिएको निबन्ध हो । यस निबन्धमा अव्यवहारिक वर्तमान शैक्षिक परिपाटीले समाजमा अपराध भित्रिएको, ज्ञानलाई भन्दा कागजको खोस्टालाई बढी महत्व दिन थालिएको, मुलुकमा गुणस्तरीय शिक्षामा भन्दा प्रमाणपत्रीय शिक्षाको मात्रै बोलवाला चलेकोप्रति निबन्धमा चोटिलो प्रहार गरिएको छ । वास्तवमै शिक्षाको मूल उद्देश्यलाई आत्मसात् गर्नुपर्ने विचार राख्दै मानव सभ्यताको इतिहासबाट प्रसस्त ज्ञान र अनुभव बटुली स्वस्थ, सुन्दर सुखी समुन्नत र मानवतावादी समाजको निर्माणमा योगदान पुऱ्याउने ज्ञान प्राप्त हो भन्ने वैचारिक उद्देश्य राखिएको निबन्ध हो । बसिबियाँलो निबन्धमा व्यवहारोपयोगी भोगाइ, नैतिक मूल्य र मान्यतालाई आत्मसाथ गरेर समाज सेवामा लाग्नुपर्ने, राष्ट्रसेवामा समर्पित हुनुपर्ने नैतिकता र आचरण सिक्नुपर्ने व्यवहारिक पक्षलाई अँगालिएको निबन्ध हो । निबन्धमा व्यङ्ग्यात्मक तरिकाले समाजका खराब पक्षको पर्दाफास गर्ने काम भएको देखिन्छ । मानिसले एसो त्यसो भन्दै समय खेर फालिरहेको, मोजमस्तीमा दिनहरू बिताइरहेको, धुम्रपान, मध्यपानजस्ता कूलतमा मान्छे फसेर जिन्दगी आफै छोटो बनाइरहेको छ भन्ने कुरातर्फ निबन्धको ध्यान पुगेको देखिन्छ ।

'म' को पृष्ठभूमि खोज्दा निबन्धले वर्तमान यान्त्रिक समयका पछि लागेर मानव हृदयहीन र विचारहीन भएको छ । सहरले मानवतालाई कुल्चेको छ । सांस्कृतिक मूल्य र मान्यतामा ह्रास

आएको छ भन्ने विचार व्यक्त गरिएको छ । साथै यस निबन्धमा 'म'को भावना होइन जसले मानिसभित्र अहमता निम्त्याएको छ, हामी भन्ने भावना समाजमा जागृत हुनुपर्छ बिग्रिएको भत्किएको समाजलाई सजग बनाउने प्रयत्न गर्ने उद्देश्य बोकेको निबन्ध हो । मानिसको अहंकारले विश्वबन्धुत्व र विश्वमातृत्वप्रति प्रश्नवाचक चिन्ह लगाइरहेको छ । त्यही 'म' कै कारणले ठूला ठूला युद्ध भईरहेका छन् त्यसो नहोस् हामी एउटै हौँ भन्ने भावना जागृत होस् भन्ने समान विचार राख्नुपर्छ भन्ने निबन्ध हो । हाम्रो संस्कृति निबन्धले सांस्कृतिक विचारलाई अगाडि सारेको देखिन्छ । यसमा नेपाली संस्कृतिको विषद् चर्चा गर्ने प्रयास गरिएको छ । संस्कृतिका नाममा फैलिएका विकृतिबाट सर्तक रहनुपर्ने कुरा तर्फ ध्यान राख्दै संस्कृतिमा मौलिकता हुनुपर्ने र संस्कृति युगानुकूल हुनुपर्ने तर्क निबन्धमा रहेको देखिन्छ । संस्कृतिको नाममा उच नीच, जातभात, सम्पनता र विपन्नताको खाडल हाम्रो समाजमा रहेका देखिन्छन् ती सांस्कृतिक, जातीय भेदभाव हटनुपर्ने विचार राखिएको हाम्रो संस्कृति निबन्ध हो ।

सुवेदीका निबन्धमा कथित आधुनिकताका नाममा आफ्नो अस्तित्व र सादापनलाई बिर्सन नहुने कुरा उनको पूर्वीय दर्शनको अपव्याख्या र परिणति निबन्धमार्फत भएको छ । आफ्नो नेपालीपनको सच्चा रूपमा जगेर्ना गर्नुपर्ने देखिन्छ । वर्तमान समय बिग्रिएको छ र त्यसलाई स्रष्टाहरूले वा जानिफकारहरूले सिर्जनात्मक अपरेशनबाट स्वास्थ्य लाभ गराउनु पर्ने धारणा राखिएको 'श्र' को नालीबेली केलाउँदाको निबन्धको वैचारिक पक्ष हो । यसमा मान्छेको सभ्यता नाप्ने यन्त्र भाषालाई ठान्दै भाषालाई सरल बनाएर बोल्न सकेमा स्थायित्व रहन्छ, जटिल शब्दको प्रयोगले भाषा लोप हुने स्थिति हुन्छ भन्ने धारणा राखिएको छ । यस निबन्धले सबै भाषालाई उत्तिनै महत्वका ठान्दै नेपाली भाषालाई स्तरीय भाषा ठान्दै यसलाई अझ स्तर उन्नति गर्दै लैजानु पर्ने धारणा राख्दै राष्ट्रभाषाको सही मापन हुन जान्छ भनेर पनि महत्व ठानिएको छ । भाषा र साहित्यलाई उच्च मानवीय आदर्शको रूपमा अनुसरण नगरेसम्म राष्ट्रको समग्र दिगो मानवीय तथा भाषिक उन्नति हुन सम्भव छैन भन्ने कुरामा निबन्धले सचेतना देखिएको छ ।

निबन्धकार भूपेन्द्र सुवेदीका निबन्धहरूको विशेषता भनेको सकारात्मक उद्देश्य राखेर गरिएका कामहरू स्वागत र विकृतिमूलक कार्यहरूको विरोध हो । समाज र राष्ट्रमा राम्रो काम गर्नेको प्रशंसा गर्दै त्यसको ऐतिहासिक चिनारी समेत दिएको छ । जसमा उदाहरणको रूपमा राष्ट्रिय कविता महोत्सवमा स्वर्गद्वारी यात्रा निबन्धलाई लिन सकिन्छ । ग्रामीण र प्राकृतिक जीवनमा नै सभ्यताको बलियो आधार फेला पार्न सकिन्छ भन्ने वास्तविक जीवनको आधार हो भन्ने विचार उनका निबन्धमा पाइन्छ । ठूला भनाउँदाहरूले तल्ला वर्गप्रति गर्ने अमानवीय व्यवहारलाई र महलका कथित मानव अधिकारका आवाजलाई उनका निबन्धमा व्यङ्ग्य गरिएको छ । धनीहरूको यान्त्रिक व्यवहारप्रति रोस र गरिबहरूप्रति सहानुभूतिको झल्को पनि उनका निबन्धमा व्यक्त गरिएको छ । स्रष्टाहरूले कल्पना र भावनाका निर्माणमा कथित नग्न आधुनिकता बाधक छ भन्ने विचार प्रवाह उनका निबन्धले गरेको पाइन्छ । भूपेन्द्र सुवेदी आफ्ना निबन्धमा विचारका दृष्टिले समसामयिक युगका सामाजिक, प्रगतिवादी र यथार्थवादी धाराका निबन्धकारका रूपमा पनि चिनिन पुगेका छन् । उनले निबन्धमा मानवीय संवेदना, प्रकृति, हास्यव्यङ्ग्य, शिक्षा, ग्रामीण परिवेशको चित्रण सामाजिक तथा समसामयिक पक्षलाई कल्पनाले र यथार्थताले रङ्गाएर प्रस्तुत गरेका छन् ।

सुवेदीको ग्रामीण परिवेशप्रतिको मोह व्यापक रूपमा स्थापित भएको छ । परिवर्तनका लागि गुणस्तरीय शिक्षा अनिवार्य र आवश्यक हुन्छ, अन्धआधुनिकता, नग्नता र छाडावादी सहरीया यान्त्रिक प्रवृत्तिको विरोध उनका निबन्धमा स्पष्ट रूपमा व्यक्त भएका छन् । सामाजिक, आर्थिक र राजनीतिक कमी कमजोरीमाथि व्यङ्ग्यका सहायताले झटारो हान्ने काम उनका निबन्धमा पाइन्छ । स्वच्छन्दतावादी धाराको प्रयोग उनका निबन्धमा पाइन्छ । विविध विषयलाई आफ्नै पाराले प्रस्तुत गर्नु उनको निजीपन देखिन्छ ।

### ५.४. हार्दिकता र बौद्धिकता

भूपेन्द्र सुवेदी आत्मपरक निबन्धकार हुन् । उनका सबै निबन्धहरू उनकै व्यक्तित्वका प्रकाशन हुन् । सुवेदीले आफूले देखेका, भोगेका र अनुभव गरेका कुरालाई स्वतस्फूर्त रूपमा अभिव्यक्त

गरेको पाइन्छ । काल्पनिकताको स्वतस्फूर्त प्रयोग पनि उनका निबन्धमा पाइन्छ । वस्तुपरक ढङ्गबाट वैचारिक दृष्टिकोण प्रवाह गर्नु उनका निबन्धको लक्ष्य हो ।

उनका बौद्धिकता प्रबल भएका निबन्धहरूमा ह्रासोन्मुख हाम्रो काव्य परम्परामा छन्दशास्त्रको ज्ञानको बारेमा निबन्धको वैचारिक प्रस्तुति रहेको छ । निबन्धमा काव्यिक परम्पराको महत्व र स्तरीकरणमा विशेष जोड दिन आग्रह गरिएको छ । ह्रासोन्मुख हाम्रो काव्य परम्परामा सुवेदीले समालोचनात्मक वान्कीद्वारा छन्दको परिचय, महत्व, उपयोगिता दर्शाउँदै कवितामा छन्दले खेल्ने भूमिकाको दह्रो रूपमा प्रस्तुति भएको छ । कविताको परिभाषा, छन्दको परिभाषा र नियम, गीत, गद्य कविता आदि पक्षको जानकारी ह्रासोन्मुख हाम्रो काव्य परम्परा निबन्धले दिने काम गरेको छ । त्यसैगरी राष्ट्रिय कविता महोत्सवमा स्वर्गद्वारी यात्रा निबन्ध वैचारिकता प्रबल भएर आएको निबन्ध हो । यस निबन्धले धार्मिक, सांस्कृतिक, प्राकृतिक एवम् ऐतिहासिक महत्वलाई माथि उठाएर हेर्ने चेष्टा गरिएको छ । ऐतिहासिक पृष्ठभूमि बोकेको उक्त निबन्ध स्वर्गद्वारी आश्रम र त्यहाँको वस्तुस्थितिको बारेमा सोध खोज गरेर प्रस्तुत गरिएको छ । कथा क्षेत्रमा राप्ती अञ्चलको नालीबेली निबन्ध बौद्धिकता बोकेको निबन्ध हो । यस निबन्धमा साहित्य विषयलाई केन्द्र विन्दु मानेर लेखिएको छ । जसमा अनुसन्धानात्मक एवम् खोजमूलक शैलीद्वारा राप्ती अञ्चलमा बसेर विशेषतः कथा लेख्ने स्रष्टाको योगदानको इतिहास कोट्याउने काम भएको छ । राप्ती साहित्य परिषद्लगायत राप्ती अञ्चलभित्रका साहित्यिक सङ्घ संस्था तथा व्यक्ति प्रतिभाहरूको कथाकारिता वैचारिक पक्षको यस निबन्धमा मूल्याङ्कन गर्ने काम भएको छ । त्यसैगरी नेपाल परिदर्शन निबन्ध सुवेदीको वैचारिकता प्रबल भएको निबन्ध हो । यस निबन्धमा राष्ट्रिय भावनाले ओतप्रोत भएका कुराहरूको उल्लेख छ । मानिसमा सकारात्मक सोच र चिन्तन हुनुपर्ने कुरा पनि निबन्धले उठाएको देखिन्छ । निबन्धमार्फत नेपाली विविधता र बहुलतालाई प्रस्टाउने काम भएको छ । संसारलाई एउटा घर ठानिएको छ भने विभिन्न देशहरू त्यस घरका सुन्दर कोठाहरू हुन् जसलाई सजाएर राम्रो बनाउने काम स्वयम् जिम्मेवार पक्षको हो भन्ने कसिलो धारणा प्रस्तुत गरिएको छ । त्यसैगरी मानवताको मूल्याङ्कन निबन्ध बौद्धिकता प्रबल भएको निबन्ध हो । यस निबन्धमा मानवमा मानवत्व हुनुपर्ने आदर्श गुण हुनुपर्ने कुरातर्फ ध्यान पुऱ्याउन खोजिएको छ । मानिसमा

आसुरी, दानवी प्रवृत्ति जागृत हुँदै गइरहेको, स्वार्थी भावनामा मानिस लिप्त हुँदै गइरहेको, समाजका हरेक क्षेत्रमा त्यस्ता प्रवृत्ति मौलाउँदै गइरहेको तिनलाई सकारात्मक बाटोतर्फ डोऱ्याउन निबन्धले सशक्त भूमिका खेलेको देखिन्छ । सामसामयिक पक्षलाई वैचारिक कसीमा ढालिएको उत्कृष्ट निबन्ध हो । 'श्र' को नालीबेली केलाउँदा निबन्धले भाषिक चिन्तनलाई सशक्त रूपमा उठाएको छ । मानिसको सभ्यता र पहिचानको कुरा यस निबन्धमा भाषिक माध्यमबाट उठाइएको छ । ज्ञाता, विज्ञताहरूलाई शब्दमा र भाषामा स्पष्टता ल्याइदिन निबन्धमा आग्रह गरिएको छ । प्रमाणपत्रको कैफत निबन्धले शिक्षा क्षेत्रमा भइरहेको विकृति र विसङ्गतिलाई दह्रो रूपमा उठाएकाो छ । शिक्षाको समुचित विकासभन्दा बढी आजभोली शिक्षालाई ठगी खाने भाँडो ठानिएको कुरामा ध्यानाकृष्ट पार्न खोजिएको छ । त्यस्तो नहोस् शिक्षाले व्यक्ति, समाज र राष्ट्रको हित हुने काम गरोस् भन्ने धारणा राखिएको विचारात्मक निबन्ध हो । मानिसमा भएको दक्षता र क्षमतालाई नै सही मूल्याङ्कन गर्नुपर्ने नकी प्रमाणपत्रका थुप्रोले दक्षताको सही मूल्याङ्कन हुने गर्छ । नक्कली प्रमाणपत्रको बिगबिगीले समाजमा ठगी खाने प्रवृत्ति मौलाएको कुरातर्फ ध्यान दिनुपर्ने वैचारिक धारणा राखिएको निबन्ध हो । पूर्वीय दर्शनको अपव्याख्या र परिणति दर्शनको परिचाय दिँदै पूर्वीय दर्शनलाई स्पष्ट पार्ने काम भएको छ यस निबन्धमा । विश्व ब्रह्माण्डलाई बुझी त्यसको व्याख्या गरिने बौद्धिक प्रयासलाई दर्शन भनिएको छ । विज्ञानलाई वैज्ञानिक चिन्तनको उपज भनिएको छ । दर्शन, समय र परिस्थितिको उपज भएकोले कुनै प्राचीन दर्शन कतिपय व्यवहारमा निष्कृय हुनुपर्ने समयको माग भए पनि कतिपय प्रसङ्गमा ती सदावहार देखिन्छन् भनेर उल्लेख गरिएको छ । पूर्वीय दर्शनमा प्रकृति, ईश्वर, ज्ञान, विज्ञानलाई वस्तु, जीव र चेतनालाई विवेचना तथा विश्लेषण गरिने विधाको रूपमा दर्शनलाई लिएको पाइन्छ । दर्शन र विचारले नै मानिसलाई मार्गदर्शन गर्छ भने दर्शनको महत्व र विशेषता देखाउनु यस निबन्धको वैचारिक पक्ष रहेको छ ।

निबन्धकार सुवेदीका हार्दिकता तथा आत्मकेन्द्रित प्रबल भएर आएका निबन्धहरूमा 'मातृममता', 'हाम्रो संस्कृति', 'लेख्ने विषयको खोजीमा', 'बसिबियाँलो', 'चिउरी एक परिचिन्तन', ''म'को पृष्ठभूमि खोज्दा' र 'गौमुखी घुम्ने उत्कष्ठामा' निबन्धहरू हुन् । यी

निबन्धहरूमा विषयका माझबाट निजी दृष्टिकोण र अनुभूतिका झिल्काझिल्कीहरू निबन्धमा देखिएका छन् । सुवेदीका यी निबन्धहरूले व्यक्तित्वको परिचय, सोचाइ र अभिव्यक्तिशिल्प कसी प्रस्तुत गरेका छन् । भाव र अनुभूति हृदयसित सम्बद्ध भएर आएका छन् । अनुभव र अनुभूतिमा सङ्कलित यी निबन्धहरू लेखकको मनमा लागेका अभिव्यक्ति प्रकट भएको छ । 'मातृममता' निबन्ध सामाजिक विषयवस्तुलाई समेटेर जन्मदिने आमाको माया र कर्म प्राप्त गर्ने धर्ती माताको बारेमा केन्द्रित भएर आएको निबन्ध हो । मातृस्नेहलाई सधैभरि आदर्शको रूपमा चिन्नु पर्ने र चित्रण गर्नुपर्ने हार्दिकता बोकेको निबन्ध हो । धर्ती मातालाई सधैंभरि आफ्नो ठान्ने, प्यारो ठान्ने राष्ट्रिय भावना सबै नागरिकमा जाग्नु पर्ने भाव भएको निबन्ध हो । मातृममता र आफ्नो धर्तीको माया भावको अनुभूति साँच्चै नै सबै नागरिकमा वा ती आमाका सन्तानमा हुनुपर्ने भाव र अनुभूति सम्बद्ध भएर आएको निबन्ध हो । हाम्रो 'संस्कृति' निबन्धमा अनुसन्धानात्मक तरिकाले संस्कृतिको आत्मानुभूतिको विस्तृत चर्चा गरिएको छ । निबन्धकारले यस हाम्रो संस्कृति निबन्धमा संस्कृति के हो कसरी चलेको छ यसको परम्परा र निरन्तरता कसरी भएको छ भन्ने सोचाइ र अभिव्यक्तिशिल्प भएर आएको छ । निबन्धकारले जाने बुझेसम्म प्रायजसो नेपाली जात, जनजातिको संस्कृतिलाई सङ्क्षिप्त रूपबाट अभिव्यक्ति दिएका छन् । संस्कृतिनै मानिसको मौलिक र अकाट्य पहिचान हो भन्ने भाव अभिव्यक्त भएको छ । मानवीय हितमा आधारित संस्कृतिको सबै पक्षबाट जतन जगेर्ना गर्नुपर्छ नकी पहिचान गराउने कुरा नै धमिलो र फोहोर भयो भने त्यसबाट मानिस कहिल्यै सभ्य बन्न सक्दैन भन्ने हार्दिकता मिसिएर प्रस्तुत भएको निबन्ध हो । त्यसैगरी लेख्ने विषयको खोजीमा निबन्धले लेखनका निम्ति अध्ययन, अभ्यास, धैर्यता र एकाग्रताको आवश्यकता हुनुपर्ने कुराको हार्दिकता व्यक्त गरेको देखिन्छ । विना अभ्यास कुनै पनि विषयमा कलम चलाउन सकिंदैन भन्ने विषयलाई यहाँ स्पष्ट पारिएको छ, "समयको दौरानमा अर्को बसाइ सुरु हुँदा चिन्ता निबन्ध लेखनकै थियो । सुत्ने कोठा सामूहिक भएको हुँदा बत्ति ननिभाउँदा अरूको निद्रा भङ्ग हुने डरले त्यहाँको बत्ति निभाई सुटुक्क अर्को कोठामा गएर बत्ति बालें । कलम कापी हातमा लिँदा निबन्धको परिभाषातिर मन तानियो, एकातिर कुनै विषयमा केन्द्रित रही तथ्य र अनुभवको आधारमा गरिने क्रमबद्ध अभिव्यक्ति, अर्कोतिर टेबल गफ । दुई चार पङ्क्ति अघिल्लोतर्फ केन्द्रित रही लेख्दा लेख्दै अर्को परिभाषातिर मन तानियो । प्रसङ्ग बदलेर फेरि

दुई चार पङ्क्ति गए । एक पटक दुवै पुनरावृत्ति गर्दा आगराका र गाग्राका कुरा भएर पटक्कै चित्त बुझ्केन । रिसको झोकमा त्यतिबेर गरेकै परिश्रम च्यातच्युत पारी झ्यालबाट तीन काल्ना पर मिल्काएर सुत्ने कोठातिर लागेँ (पृष्ठ ४५) ।" यसरी लेख्ने बानीको विकास नभएसम्म सबैमा यस्तो स्थिति आइरहन्छ भन्ने हार्दिकता र आत्मनुभूति भाव राखिएको छ ।

बसिबियाँलो निबन्धमा निबन्धकारले समसामयिक वस्तुस्थितिको चित्रण बौद्धिकता तथा हार्दिकताका माध्यमबाट प्रस्तुति गरेको पाइन्छ । हार्दिक पक्ष प्रबल रहेको उक्त निबन्धमा व्यवहारोपयोगी अनुभवजन्य विचार प्रस्तुत गरिएको देखिन्छ । "एकातर्फ साँझ-बिहान हातमुख जोर्न मुस्किल पर्ने ५० प्रतिशतभन्दा माथिको जनसङ्ख्या छ भने अर्कोतर्फ हजारौं एकड जमिन बिषरुपि सुर्ती खेती गरेर विभिन्न किसिमका विज्ञापन गरी गराई स्वास्थ्यसँग खेलवाड गरिने गर्छ (पृष्ठ ३०) ।" निबन्धकारले यहाँ लागू पदार्थको दुर्व्यसनबाट युवा जनशक्ति कर्तव्यबाट पलायन भइरहेको यथार्थलाई पुस्टि गर्दै नैतिक मूल्य र मान्यतालाई आत्मसात् गरेर राष्ट्र सेवामा लाग्नुपर्ने हार्दिक विचार राखिएको छ । त्यसैगरी चिउरी एक परिचिन्तन निबन्धले लेखकका मनभित्र लागेका र उनले देखेका र अनुभव गरेका जैविक वनस्पतिको उपयोगिताको सही रूपमा उपभोग गर्न सिकौं भन्ने विचार राखेको देखिन्छ । चिउरी के हो ? कसरी र किन यस वनस्पतिलाई प्रयोगमा ल्याइन्छ ? भन्ने बारेमा जानकारी प्रस्तुत गरेका छन् । "चिउरीको फल र बिजुलाको अन्तरभाग मीठो रसले पूर्ण हुन्छ । खोया वा बिजुलाको वनस्पति घिउका निमित्त प्रयोग गरिन्छ । खोया सोझै धुलो पारी पेलेर तथा मिलद्वारा प्रशोधित गरी घिउ निकालिन्छ । प्रशोधित घिउको रङ्ग गाई-भैंसीकै घिउ जस्तै देखिन्छ । साबुन बनाउने कामदेखि भुटन र औषधी उपचारका निमित्त पनि प्रयोग गरिन्छ । आयुर्वेद उपचारका निमित्त यसको बढी महत्व छ (पृष्ठ ४२) ।" निबन्धले चिउरी वृक्षको विशेषतालाई सार्वजनिक गरेर निबन्धकारले वनस्पतिविज्ञ र औषधीविज्ञका रूपमा स्थापित भएको पनि देखिन्छ । सम्पदाको खोजी गर्नु र साहित्यमार्फत अभिव्यक्त गर्नु उनको बौद्धिक कसी हार्दिकतामा अभिव्यक्त भएको छ । निबन्धकार सुवेदीको 'म' को पृष्ठभूमि खोज्दा निबन्ध 'म'भित्र रहेको त्यो अहम्वादिताले गर्नु नगर्नु धेरै गरेकोछ, त्यही मकै कारण सामाजिक मर्यादा छिन्नभिन्न भई समाज तहसनहस भएको छ भन्ने 'म'को वैचारिक पक्षको हार्दिक

अभिव्यक्ति भएको छ । 'म'को साम्राज्यले विश्वमा ठूला-ठूला युद्ध मच्चाइसकेको हुँदा 'म'बाट माथि उठेर हामीको परिभाषा बनाउनुपर्ने मान्यता राखिएको निबन्ध हो । त्यसैगरी 'गौमुखी घुम्ने उत्कष्ठामा' निबन्धले स्थानीयस्तरको सांस्कृतिक, प्राकृतिक र पर्यटकीय क्षेत्रको पहिचान, महत्व र उपयोगिताको बारेमा हार्दिकतामा अभिव्यक्ति भएको निबन्ध हो । आन्तरिक पर्यटनको महत्वलाई बढाउने काम यो निबन्धले गरेको छ । देश, धार्मिक, सांस्कृतिक र प्राकृतिक दृष्टिले धेरै सम्पन्न छ । त्यस्तो प्राकृतिक सम्पदालाई जनसमक्ष ल्याउने कार्य निबन्धमा भएको छ । नियात्रात्मक यो निबन्धले धार्मिक र पर्यटकीय विशेषतालाई स्पष्ट पार्ने काम गरेको छ ।

भूपेन्द्र सुवेदीका निबन्धहरूमा हार्दिकता र बौद्धिकता मिसिएर आएको छ । उनका सबै निबन्धहरू उनकै व्यक्तित्वका प्रकाशन हुन् । काल्पनिकताको स्वतस्फूर्त प्रयोग पनि उनका निबन्धमा पाइने गरेको छ । प्रस्तुत निबन्धहरूमा आत्मतत्व र वस्तुतत्वको मिश्रण पाइन्छ ।

### ५.५. सङ्क्षिप्तता

सङ्क्षिप्तता निबन्धको आयामसँग सम्बन्धित पक्ष हो । सङ्क्षिप्तताले निबन्धको आकारलाई जनाउँछ । आकारगत हिसाबले हेर्दा भूपेन्द्र सुवेदीका निबन्धहरूमा विविधता पाइन्छ । हर्बट रिडले प्रस्तुत गरेको मान्यताको आधारमा उनका निबन्ध आबद्ध देखिदैनन् । कुनै निबन्ध वर्णनात्मक तरिकाले ठूला आयामका छन् भने कुनै निबन्ध छोटा आयामका देखिन्छन् । व्यापक विषयवस्तुलाई छोटो समयमा पढी सकिने गरी तयार गरिनुपर्छ भन्ने मान्यता हर्बट रिडको छ । सुवेदीको निबन्ध सङ्ग्रहभित्रको सबैभन्दा लामो आकारको निबन्ध राष्ट्रिय कविता महोत्सवमा स्वर्गद्वारी यात्रा निबन्ध हो । यस निबन्धमा २४०० शब्दहरूको प्रयोग भएको पाइन्छ । उनका अन्य निबन्धहरूमा 'मातृममता' छोटो आयतन भएको निबन्ध हो । यस निबन्धमा आठ सय शब्दहरूको प्रयोग भएको पाइन्छ । त्यसैगरी मानवताको मूल्याङ्कन निबन्धमा न्यूनतम ८०० देखि ९०० शब्द प्रयोग भएका छन् । 'प्रमाणपत्रको कैफत', 'बसिबियाँलो', ''म'को पृष्ठभूमि खोज्दा', 'चिउरी एक परिचिन्तन', 'लेख्ने विषयको खोजीमा' मझौला आकारका निबन्धहरू हुन् । यिनी निबन्धहरू १००० शब्ददेखि १३००

शब्दसम्ममा संरचित छन् । उनका 'ह्रासोन्मुख हाम्रो काव्यपरम्परा', ''श्र' को नालीबेली केलाउँदा', 'गौमुखी घुम्ने उत्कष्ठामा', 'नेपाल परिदर्शन' निबन्ध १५०० शब्ददेखि १८०० शब्दसम्ममा संरचित छन् । सुवेदीको यस निबन्ध सङ्ग्रहभित्रका निबन्धमा लामो आकारका निबन्धहरूमा 'राष्ट्रिय कविता महोत्सवमा स्वर्गद्वारी यात्रा', 'हाम्रो संस्कृति', कथा क्षेत्रमा राप्ती अञ्चलको नालीबेली निबन्धहरू २००० शब्ददेखि २३०० शब्दसम्ममा संरचित भएका लामा आकारका निबन्ध हुन् । यसरी हेर्दा सुवेदीका निबन्धमा आयामगत विविधता पाइन्छ । जसले गर्दा व्यापक विषयवस्तुलाई छोटो समयमा पढ्न सकिने गरी तयार पारिएका छन् ।

## ५.६. दृष्टिविन्दु

स्रष्टाका भाव, विचार र अनुभूतिलाई पाठक समक्ष प्रस्तुत गर्ने पद्धतिलाई दृष्टिविन्दु भनिन्छ । स्रष्टाले आफ्ना अनुभूतिहरूलाई पाठकसमक्ष आफै वा अरूमार्फत पनि आफ्ना विचार प्रस्तुत गर्दछ । स्रष्टाका विचार, भाव, अनुभूतिलाई म पात्रका माध्यमबाट प्रस्तुत गर्ने पद्धतिलाई प्रथम पुरुष दृष्टिविन्दु भनिन्छ । स्रष्टाका अनुभूतिको कथयिता अरू नै तेस्रो व्यक्तिमार्फत प्रस्तुत गरिन्छ भने त्यसलाई तृतीय पुरुष दृष्टिविन्दु भनिन्छ ।

सुवेदीका निबन्धहरूमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । वस्तुपरकतामा उनका निबन्धहरू रमाएको देखिन्छ । कतै प्रथम पुरुष दृष्टिविन्दुको पनि प्रयोग भएको पाइन्छ । राष्ट्रिय कविता महोत्सवमा स्वर्गद्वारी यात्रा निबन्धमा स्थानीय वृद्धाले महाप्रभुको जन्म भएको, स्वर्गद्वारीको ऐतिहासिक पृष्ठभूमिको बारेमा बताएका हुनाले यो निबन्ध तृतीय पुरुष दृष्टिविन्दुमा रहेको छ । त्यसैगरी कथाक्षेत्रमा राप्ती अञ्चलको नालीबेली निबन्धमा तृतीय पुरुष दृष्टिविन्दु प्रयोग भएको पाइन्छ । जसमा व्यक्तिगत सम्पर्क, पत्रिका सामग्री आदिबाट कथाकार र उनका कथाको प्रस्तुति गरिएको छ । गौमुखी घुम्ने उत्कष्ठामा निबन्धमा तीन जना साथी मिलेर त्यस ठाउँको यात्रा गरेको, स्थानीय वृद्धहरूको खोज गरी उनीहरूबाट त्यहाँको इतिहास पत्ता लगाउने प्रयत्न भएको छ ।

सुवेदीका निबन्धहरूमा दृष्टिविन्दुको प्रभावकारी ढङ्गमा प्रयोग गरिएको छ । प्रथम पुरुष आन्तरिक र परिधीय दृष्टिविन्दुका साथै तृतीय पुरुष (बाह्य दृष्टिविन्दुको) प्रयोग उनका निबन्धमा पाइन्छ ।

## ५.७. भाषाशैली

सुवेदी स्वच्छन्दतावादी निबन्धकार हुन् । समाजका विविधतालाई स्वच्छन्द रूपमा प्रयोग उनका निबन्धमा पाइन्छ । देवकोटाले भनेजस्तो पोथी गद्यलाई सुवेदीले प्रयोग गरेका छन् । आत्मपरकता, हार्दिकता, बौद्धिकता तथा सङ्क्षिप्तता जस्ता कुराहरू शिल्पसँग सम्बन्धित हुन्छन् । शैलीलाई हेर्दा वर्णनात्मक, विवरणात्मक, समालोचनात्मक, अनुसन्धानात्मक एवम् नियात्रात्मक शैलीको अवलम्बन गरिएको छ । त्यसो त निबन्ध गद्यात्मक विधा भएकाले यसको प्रस्तुति पनि गद्यभाषामा नै गरिन्छ । निबन्धमा प्रयुक्त भाषा सरल, सहज, हार्दिक, कोमल, सम्प्रेषणीय, रागात्मक र हृदयस्पर्शी हुनुपर्छ भन्ने मान्यता रहेको छ । सुवेदीले आफ्नो विचार वा कुनै पनि विषयवस्तुलाई अरूसमक्ष प्रसारित गर्न निर्माण गरिएको शब्द, वाक्य र अनुच्छेदको बनोटलाई निबन्धमा शैली दिएका छन् । शैलीले भाषा र भावलाई समन्वय गर्दछ ।

विषयलाई श्रृङ्खलित क्रममा विस्तार गर्नु सामान्य घटनालाई पनि रोचक तथा चाखलाग्दो ढङ्गमा प्रस्तुत गर्नु र पाठकलाई उत्सुकता र उत्साह प्रदान गर्ने आफ्नै निजी शैली अवलम्बन गर्नु सुवेदीका निबन्धगत वैशिष्ट्य हुन् । 'भूपेन्द्र सुवेदीका निबन्धसङ्ग्रह'का निबन्धहरूमा तर्कसङ्गत अभिव्यक्ति, वस्तुपरक शैली र समापनको सुगठितताजस्ता विषय भेटिन्छन् । विषय अनुरूप हार्दिकता, बौद्धिकता र तार्किकताको उपयोग पनि उनका निबन्धमा पाइन्छ । उनका निबन्धमा स्वच्छन्द शिल्पशैलीको प्रयोग भए पनि तुलनात्मक रूपले आत्माभिव्यक्तिको प्रधानता भएका निबन्धका संरचनात्मक सङ्गठन र क्रमबद्ध प्रस्तुतिमा स्वच्छता र उदासीनता भेटिन्छ । अनुभूतिको प्रबलता उनका निबन्धहरूमा भेट्न सकिन्छ । जस्तै : "समयको दौरानमा अर्को बसाइ सुरु हुँदा चिन्ता निबन्ध लेखनकै थियो । सुत्ने कोठा सामुहिक भएकोले बत्ती ननिभाउँदा अरूको निद्रा भङ्ग हुने डरले त्यहाँको बत्ती निभाई

सुटुक्क अर्को कोठामा गएर बत्ती बालेँ । कलम कापी हातमा लिँदा निबन्धको परिभाषातिर मन तानियो । एकातिर कुनै विषयमा केन्द्रित रही तथ्य र अनुभवका आधारमा गरिने क्रमबद्ध अभिव्यक्ति अर्कोतिर टेबुल गफ । दुई चार पङ्क्ति अघिल्लोतर्फ केन्द्रित रही लेख्दालेख्दै अर्को परिभाषातिर मन तानियो । प्रसङ्ग बदलेर फेरि दुई चार पङ्क्ति गए । एक पटक दुवै पुनरावृत्ति गर्दा आगराका र गाग्राका कुरा भएर पटक्कै चित्त बुझेन । रिसको झोकमा त्यतिबेर गरेको परिश्रम च्यातच्युत पारी झ्यालबाट तीन काल्ना पर मिल्काएर सुत्ने कोठातिर लागेँ (पृष्ठ ४५) ।" "उदार हृदयले सोच्ने हो भने संसार एउटै वृहत् घर हो । यसभित्र निवास गर्ने सम्पूर्ण प्राणी संसाररुपि घरका परिवार हुन् । शक्ति र स्वार्थका बलले घरलाई कृत्रिम रेखाङ्कन गरी सीमाबद्ध गरिएका एक-एक टुक्रा घरका कोठा हुन् । जाँगर र शक्तिको बलमा कसैका कोठा महाभारतमा वर्णित पाण्डवको दिव्य सभागृह जस्तै सजाइएका छन् भने कसैका प्राकृतिक अवस्थामा ज्यौँका त्यौँ छन् । यसो हुनु शक्तिका खेल देखा पर्छन् (पृष्ठ ३५)।"

सुवेदीका निबन्धहरूमा देवकोटाले भनेझैँ पोथी गद्यात्मक भाषाको बहुलता पाइन्छ । सरल, सहज सर्वसाधारण ठेट शब्द जस्तैः म गोबर गणेश, बग्गीमा नारेको घोडाझैं, ध्याउन्ने, झिँजाले पोल्ने, चानचुने, खाल्टो, जीउमा, नदगुर, जीउ पसिने, मुखमा सातु, पढि टोपल्ने, झोलाझाम्टा, फुक्नासाथ, हिँड्यो, ठेका, मधानी, दाम्ला, हेरकोरगर्दा, कबोल, कटनी, ढौटालिएको, फिस्टो बराबर, कच्रधान, अनेक भाँतीका कुरा, यत्न, उत्न, तल्लापट्टि आदि परिस्थितिमूलक र ठेट स्थानीय शब्द प्रयोगले उनका निबन्धमा काव्यात्मक रागको निर्माण गरेका छन् । निबन्धकारले प्राध्यापनको क्रममा आफ्ना साथीभाइ र अग्रजसँग बसउठ गर्दा प्रयोग गरेका संवादहरूलाई कथोकथनकै पद्धतिमा जस्ताको तस्तै टिपिएकोले तिनले भाषिक उत्कृष्टता प्रदान गरेका छन् । प्रचलित लोक साहित्यका शब्द, प्रसस्त उखान टुक्काको जस्तैः जसका हरमुनि पानी पस्यो उही उठिबस्यो, थाल खाउँ कि बिट खाउँ, हीरामा किरा नपार्नु, मुढाको मुख झिँजाले पोल्नु आदि यस्तै अनेकन प्रयोगले त्यसैगरी कविताका पङ्क्ति छोटा-छोटा रसिला वाक्यको प्रयोग उनका निबन्धमा पाइन्छ ।

सुवेदीले यस निबन्धसङ्ग्रहमा अधिक मात्रामा प्रश्नार्थक, विश्मयादिबोधक, अर्धविराम र उद्धहरणजस्ता भाषिक चिन्हरूको प्रयोग गरेका छन् । उनले विषय र भावलाई मजबुत बनाउन उखानहरूको आयोजना गरेका छन् । वर्ण विन्यासगत पदयोग-पदवियोग योजक चिन्ह आदिको त्रुटि पाइन्छ भने विदेशी भाषाको प्रयोग पाइन्छ । हिन्दी, अङ्ग्रेजी भाषाका प्रसस्त वाक्यहरू निबन्धमा पाइन्छ । आत्मपरकता एवम् रागात्मकताको अभाव निबन्धमा पाउन सकिन्छ । भाषिक स्वरूपमा नवीनता शब्द निर्माणमा सुन्दरता गद्यप्रवाहमा सलल बगेका देखिन्छन् । वर्णनात्मक, विचारात्मक, विवरणात्मक एवम् भावनात्मक शैलीका साथै समालोचनात्मक, अनुसन्धानात्मक र नियात्रात्मक शैलीको प्रयोग सुवेदीका निबन्धमा पाइन्छ ।

## ५.८. निष्कर्ष

'भूपेन्द्र सुवेदीका निबन्धहरू' निबन्धसङ्ग्रह भूपेन्द्र सुवेदीको छैठौं पुस्तकाकार कृति हो । यसको प्रकाशन वि.सं. २०६५ सालमा भएको हो । यो कृति उनका अन्य कृतिहरूभन्दा बढी सशक्त रूपमा खारिएर, माझिएर र अनुभव, अनुभूति तथा जीवन भोगाइका वास्तविकताका सेरोफेरोसँग नजिक देखिन्छ । जम्माजम्मी १५ वटा निबन्धहरू यस कृतिमा सङ्ग्रहीत छन् । उनको यस कृतिमा प्रसस्त मात्रामा उखान टुक्काको प्रयोग गरिएको छ । निबन्धहरूमा धार्मिक, सांस्कृतिक एवम् शैक्षिक विकृतिहरूमाथि असन्तुष्टिभाव प्रकट भएको छ भने मानवता, आदर्श, धर्म, संस्कृति र परम्पराको संरक्षण र सम्बर्द्धन गर्न आग्रह पनि गरिएको छ । सुवेदीका निबन्धले नैतिकता एवम् आदर्शको पक्षपोषण गर्नुका साथै प्रकृति, जैविक विविधता, प्राकृतिक सम्पदाको संरक्षण गर्नुपर्नेमा विशेष जोड दिएका छन् । यो सङ्ग्रह सामाजिक व्यवहार, धार्मिक आस्था, साहित्य, प्रशासन, शिक्षा, भाषाजस्ता क्षेत्रमा देखा परेका विसमता र विसङ्गतिको चिरफार गर्न यस सङ्ग्रहभित्रका निबन्धहरू समक्ष देखिन्छन् । सहज भाषाशैलीले सरस प्रस्तुति, गहन विषयले सुवेदीको उत्कृष्ट कृति बन्न पुगेको छ ।

# अध्याय -छ

## उपसंहार

**भूपेन्द्र सुवेदीका निबन्धहरू** कृतिको अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र जम्मा छ परिच्छेदमा संरचित छ । प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोध विषयको परिचय, समस्याको कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोध कार्यको सीमाङ्कन, शोध विधि र शोधपत्रको रूपरेखा उपशीर्षक अन्तर्गत शोधको परिचय प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा भूपेन्द्र सुवेदीको जीवनवृत्तको सामान्य परिचय र अध्ययन गरिएको छ । जसमा जन्म र जन्मस्थान, शिक्षादीक्षा, पारिवारिक तथा वैवाहिक जीवन, आर्थिक आस्था, कार्यक्षेत्र तथा आजीविका, रुचि तथा स्वभाव, साहित्य सिर्जनामा संलग्नता, सम्मान तथा पुरस्कारजस्ता उपशीर्षक अन्तर्गत सुवेदीको जीवनीको अध्ययन गरिएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा निबन्ध सिद्धान्त र नेपाली निबन्धको ऐतिहासिक अध्ययनको आधारमा गरिएको छ । यसमा निबन्धको व्युत्पत्ति र अर्थ, निबन्ध सम्बन्धी पूर्वीय दृष्टिकोण, पाश्चात्य दृष्टिकोण, निबन्धको परिभाषा, पाश्चात्य र पूर्वीय विद्वान्को निबन्ध सम्बन्धी परिभाषा, निबन्धका तत्वहरू, निबन्धको वर्गीकरण, नेपाली निबन्धको विकासक्रम, नेपाली निबन्धको इतिहास (प्राथमिक, माध्यमिक र आधुनिक काल) का उपचरणहरूसम्म अध्ययन गरिएको छ ।

प्रस्तुत शोधपत्रको चौंथो परिच्छेदमा निबन्धकार **भूपेन्द्र सुवेदीका निबन्धहरू** कृतिको अध्ययन गरिएको छ । यस क्रममा उनका १५ वटा निबन्धहरू सङ्कलित **भूपेन्द्र सुवेदीका निबन्धहरू** निबन्ध सङ्ग्रभित्रका निबन्धहरूको अध्ययन गरिएको छ ।

प्रस्तुत शोधपत्रको पाँचौं परिच्छेदमा निबन्धकार भूपेन्द्र सुवेदी र उनको निबन्ध कृतिको मूल्याङ्कन निबन्धतत्वका आधारमा गरिएको छ । यसमा विषयवस्तु, विचार/उद्देश्य,

हार्दिकता र बौद्धिकता, सङ्क्षिप्तता, दृष्टिविन्दु, भाषाशैली तवका आधारमा मूल्याङ्कन गरिएको छ ।

यस्तै गरी छैठौं परिच्छेदमा उपसंहार एवम् निष्कर्ष शीर्षकका आधारमा प्राप्त भएका छन् । उपर्युक्त परिच्छेदमा गरिएको सम्बद्ध विषयको अध्ययन विवेचनाबाट निम्न बमोजिमका निष्कर्षहरू प्राप्त भएका छन् ।

वि.सं. १९९५ असार २५ गते प्यूठानको बिजुवारटारीमा जन्मिएका भूपेन्द्र सुवेदी घरमै बाबुसँग कखरा र बाह्रखरी सिकी १६ वर्षको उमेरमा कक्षा ४ मा भर्ना भएका थिए । उनले वि.सं. २०१३ मा विद्यालय शिक्षा पूरा गरेका थिए । विद्यालय शिक्षा पूरा भएकै बेलादेखि उनी शिक्षण पेसामा लागेका थिए । उनले स्नातकसम्मको पढाइ पूरा गरेका छन् । औपचारिक शिक्षाका साथै अन्य स्वअध्ययन पनि गरेका सुवेदीको साहित्यिक र साहित्येत्तर व्यक्तित्व महत्वपूर्ण रहेका छन् । साहित्यका कविता, कथा, उपन्यास, खण्डकाव्य, हास्यव्यङ्ग्य, महाकाव्य र निबन्ध विधामा कलम चलाएका सुवेदीको सबै क्षेत्रमा उत्तिनै मात्रामा प्रतिभा मौलाएको छ । त्यसमा पनि सुवेदीको निबन्ध विधा अझ खारिएर बढी सशक्त रूपमा रहेको छ । विभिन्न पत्रपत्रिकाको सम्पादन गरेका सुवेदीले विभिन्न पत्रिकामार्फत आफ्ना सिर्जनाहरू प्रकाशित गर्दै साहित्य यात्राको प्रारम्भ वि.सं. २०२० पछि सुरु गरे पनि उनी शिक्षण पेसाबाट निवृत्त भएपछि खास गरी वि.सं. २०५९ पछि सक्रिय रूपमा लागेका छन् । विशेषतः कविता विधाबाट साहित्यमा प्रवेश गरेका सुवेदी हालसम्म पनि साहित्य सिर्जना र कृति प्रकाशनमा निरन्तर लागिरहेका छन् । उनका हालसम्म प्रकाशित कृतिहरू **उपालम्भ** (२०५९, खण्डकाव्य), **एक मूल एकाउन्न फूल** (२०६१, लघुकथा सङ्ग्रह), **भावनाका लहरहरू** (२०६२, कविता गीत सङ्ग्रह), **'विना भुटनको च्वाइँ'** (२०६३, हास्यव्यङ्ग्य), **दिशा-बोध** (२०६४, उपन्यास), **भूपेन्द्र सुवेदीका निबन्धहरू** (२०६५), **मंगला** (२०६७, महाकाव्य) छन् । त्यसैगरी विविध साहित्येत्तर व्यक्तित्व मध्ये उनको समाजसेवी व्यक्तित्व महत्वपूर्ण रहेको छ ।

निबन्धकार भूपेन्द्र सुवेदीको **भूपेन्द्र सुवेदीका निबन्धहरू** वि.सं. २०६५ मा प्रकाशित निबन्ध कृति हो । पन्ध्र वटा निबन्धहरू सङ्कलन गरेर **भूपेन्द्र सुवेदीका निबन्धहरू** निबन्ध सङ्ग्रह

धार्मिक, सांस्कृतिक, भाषा, साहित्य एवम् शैक्षिक विकृति, सामाजिक समस्यामा केन्द्रित भई लेखिएको निबन्ध सङ्ग्रह हो । निबन्धमा समाजमा रहेका धनी वर्गले गरिब वर्गमाथि गरेको शोषण, मानवता हराएर गएको, शैक्षिक विकृति शिक्षित भन्ने व्यक्तिहरूबाटै निम्तिएको, मानिसमा रहेको आदर्शपन हराउन वा बिर्सन थालेको, आधुनिकताका नाममा पूर्वीय मान्यता, दर्शन विचारलाई भुसुक्कै बिर्सिएको, परम्परा र संस्कृतिको जगेर्ना गर्न नजानेको आदि कुरामा असन्तुष्टिभाव राखिएको निबन्ध सङ्ग्रह हो । समसामयिक विषयवस्तुलाई निबन्धकारले टपक्क टिपेर निबन्धका प्रस्तुति बनाएका छन् । त्यसैगरी सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, जैविक विविधतालाई भाषा, साहित्य, शिक्षा क्षेत्र विषयवस्तुमा केन्द्रित छन् । यी विषयवस्तुप्रति देखिएका विकृति र विसङ्गतिप्रति तिखो व्यङ्ग्य गरेका छन् र सचेत पार्ने प्रयत्न पनि गरेको देखिन्छ । उनी समसामयिक युगका प्रगतिवादी धारका निबन्धकारका रूपमा चिनिन पुगेका छन् । वस्तुपरकता, सरलता, स्पष्टता, वैचारिकता, आदर्शवादिता, राष्ट्रियता, अपनत्वभाव, सुवेदीका निबन्धात्मक प्राप्ति हुन् । वस्तुपरक ढङ्गबाट वैचारिक प्रस्तुति दिने निबन्धकारका रूपमा पनि परिचित भएका छन् । सिङ्गो देशका विविध सम्पदालाई कृतिले समेटेको देखिन्छ । कृतिभित्रका सामग्रीले प्रकृति, संस्कृति, मानव, मानवता, नैतिकता, देशप्रेम, भाषा, साहित्य आदिलाई विषयवस्तु परिधि बनाएका छन् । सुवेदीका निबन्धले नैतिकता एवम् आदर्शको पक्षपोषण गर्नुका साथै प्रकृति, संस्कृति, जैविक विविधता, धार्मिक एवम् प्राकृतिक सम्पदा आदिको संरक्षण गर्नुपर्नेमा विशेष जोड दिएका छन् । दृश्यजगतका गहन विषयलाई निबन्धकारले प्रस्तुत गरेका छन् । उनको विषयवस्तुको स्रोत व्यापक र विस्तार देखिन्छ । विषयगत विविधता पाइने सुवेदीका निबन्धहरूमा 'मातृममता', 'बसिबियाँलो', 'मानवताको मूल्याङ्कन', ''म' को पृष्ठभूमि खोज्दा' निबन्धहरू सामाजिक विषयवस्तुलाई उठान गरेर लेखिएका निबन्धहरू हुन् । 'मातृममता' निबन्धमा जन्म दिने आमा र कर्म प्राप्ति गर्ने मातृभूमिप्रति आदर्श रूपमा चित्रण गरिएको छ । यी दुवै चिजलाई समान महत्वकासाथ हेर्ने प्रयास गरिएको छ । आदर्शवान् व्यक्तिले मातृभूमि र मातृस्नेहलाई सबैले आत्मसात् गर्नुपर्ने सत्य कुरालाई उद्घाटन गरिएको छ । 'बसिबियाँलो' निबन्धमार्फत् नैतिक मूल्य र मान्यतालाई आत्मसात् गरेर समाज सेवामा लाग्नु पर्ने, राष्ट्रसेवामा समर्पित हुन आग्रह गरिएको छ । मानवमा मानव मूल्य एवम् नैतिकता ह्रास हुँदै गएको कुरामा चिन्ता

व्यक्त गर्नुका साथै धुम्रपान, मध्यपानले निम्त्याएका विकृतिको चित्रण साथै मानिसका कामचोर, आलसी प्रवृत्तिमाथि व्यङ्ग्य गर्नु मपाइँवादका कारणले जताततै द्वन्द्व, हिंसा, युद्ध भड्किएको तथ्यको उद्घाटन गर्नु यी निबन्धको केन्द्रीय विषय बन्न पुगेको छ । सामाजिक चेतना र जागरण फैलाउनु प्रस्तुत निबन्धका कथ्य विषय हुन् । यात्रा संस्मरणसँग सम्बन्धित नियात्रात्मक निबन्धहरू 'गौमुखी घुम्ने उत्कृष्ठामा' र 'राष्ट्रिय कविता महोत्सव स्वर्गद्वारी यात्रा' निबन्धमार्फत धार्मिक, सांस्कृतिक, प्राकृतिक एवम् ऐतिहासिक महत्वमाथि प्रकाश पार्ने काम गरिएको छ । स्वर्गद्वारी र गौमुखीको दिव्यता र महानताको महिमागान गर्दै लुकेर छिपेर रहेका र ओझेलमा परेका धार्मिक, सांस्कृतिक एवम् प्राकृतिक वस्तुहरूको संरक्षण गर्नु पर्नेमा जोड दिएका छन् । त्यसैगरी साहित्य विषलाई आधार मानेर ह्रासोन्मुख हाम्रो काव्य परम्परा, लेख्ने विषयको खोजीमा, कथाक्षेत्रमा राप्ती अञ्चलको नालीबेली निबन्धहरूमा साहित्य, काव्यशास्त्र, छन्दशास्त्रलाई बुझ्नुपर्ने मान्यता राखिएको छ । लेखन कला, अध्ययन, अभ्यास, धैर्यता र एकाग्रताको आवश्यकता औंलाइएको छ । स्थानीयस्तरका स्रष्टाले अञ्चल, जिल्लाहरूमा साहित्यिक प्रतिभा कति र कसरी गरिरहेका छन् । साहित्यिक सङ्घ संस्था तथा व्यक्ति प्रतिभाहरूले नेपाली कथा साहित्यमा पुऱ्याएको योगदानको मूल्याङ्कन र योगदानको चर्चा गरिएको छ । भाषालाई स्तरीय, सुसंस्कृत र सरलीकृत पार्दै लाग्नु पर्ने 'श्र'को नालीबेली निबन्धले व्यक्त गरेको छ । शैक्षिक विकृतिले समाजमा अपराध भित्रिएको शिक्षा देखावटी मात्रामा अवलम्बन गरिएको व्यवहारिक शिक्षाबाट पर सरेको आजको शैक्षिक क्षेत्रलाई शिक्षा नीति पद्धतिलाई व्यङ्ग्य गरिएको प्रमाणपत्रको कैफत निबन्धमार्फत गरिएको छ । साथै यो निबन्धमार्फत सचेत पार्ने काम गरिएको छ । हाम्रो संस्कृति निबन्धले नेपाली संस्कृतिको विषयमा चर्चा गरेको छ । नेपाली संस्कृतिलाई अनुसन्धान तथा खोज गर्ने प्रयत्न यो निबन्धमा भएको देखिन्छ । संस्कृतिनै मानिसको मौलिक पहिचान हो भने मानवीय हितमा आधारित संस्कृतिको सबै पक्षबाट जतन र जगेर्ना हुनुपर्छ भन्ने तर्फ निबन्धले आफ्नो विषयलाई उठाएको छ । धर्म दर्शनको अपव्याख्याले समाजमा वर्गीय र जातीय परिपाटीको सुरुवात भई आजको समाजले वर्गीय, जातीय, विकृति, दुर्दशा भोग्नु परेको तथ्य सार्वजनिक गरिएको पूर्वीय दर्शनको अपव्याख्या निबन्धले गरेको छ । 'नेपाल परिदर्शन' निबन्धमार्फत प्राकृतिक, सांस्कृतिक एवम् पुरातात्विक सम्पदाप्रति मोह प्रकट राख्दै पृथ्वीलाई सिङ्गो घर

ठानिएको छ । उक्त घरभित्रका कोठा विभिन्न देश हुन् तिनलाई आ-आफ्नो बलबुताले, बुद्धिले सिगार्नु पर्ने तथ्य उद्घाटन गरिएको छ । यस निबन्धले नेपालको भूबनोट, जलवायु, खनिज, कलाकृति, जडीबुटी, पशुपंक्षी, धर्म, संस्कृति आदिमा देखिएको विविधताको हार्दिकता र मार्मिकताकासाथ प्रस्तुत गरिएको छ । कृषि, जडिबुटी व्यवसायसँग सम्बन्धित विषयलाई अगाडि सार्दै चिउरी एक परिचिन्तन निबन्ध मार्फत सुवेदीले वनस्पतिको महत्व र त्यसको बहु उपयोगिताको बारेमा चर्चा गरिएको छ । उपभोग र उपयोगिताको महत्वको बारेमा मानव समुदायदेखि जीवजन्तुसम्मलाई कृषि, वनस्पतिको संरक्षण र विस्तारमा जोड दिन आग्रह गरिएको निबन्ध चिउरी एक परिचिन्तन निबन्ध हो ।

सामाजिक, आर्थिक, राजनीतिक, आध्यात्मिक, पारिवारिक, प्रशासनिक लगायत हरेक क्षेत्रमा देखिने विकृति विसङ्गतिलाई यथार्थ रूपमा चित्रण, तिनीहरूप्रति आलोचनात्मक टिप्पणी गरी चोटिलो व्यङ्ग्य प्रहार गर्न यस निबन्ध सङ्ग्रहभित्रका निबन्धहरू सफल देखिन्छन् । यस निबन्ध सङ्ग्रहका निबन्धले हाम्रै वरिपरिका सामाजिक, पारिवारिक, राजनीतिक, आर्थिक, धार्मिक, सांस्कृति, जैविक, भाषा र साहित्यिक आदि विषयवस्तुलाई आधार बनाएका छन् । यसरी शिल्प पक्षभन्दा विषयवस्तु गहन भई सामाजिक यथार्थवादी निबन्धका रूपमा आउनु यस निबन्धसङ्ग्रहको महत्वपूर्ण प्राप्ति हो । यस अध्ययनबाट भूपेन्द्र सुवेदीलाई समसामयिक युगका सामाजिक यथार्थवादी निबन्धकार रूपमा लिन सकिन्छ । यसका साथसाथै प्रगतिवादी धाराका निबन्धकारका रूपमा पनि चिनिन पुगेका छन् । उनका निबन्धले हाम्रो समाजका विकृति विसङ्गतिलाई यथार्थ रूपमा चित्रण गरी समाज सुधारको चाहना राखेका छन् । सरल भाषाशैलीको प्रयोग गरिएका उनका निबन्ध शिल्पपक्ष केही फितलो, आगन्तुक भाषाका शब्दको प्रयोग देखिए पनि विषयवस्तु गहन भई ठोस सन्देश दिन सफल भएका छन् । खास गरी प्यूठानी साहित्यको विकासमा उनको उपस्थिति अत्यन्तै विशिष्ट एवम् प्रशंसायोग्य रहेको छ । यसरी कविता, गीत, गजल, कथा, खण्डकाव्य, निबन्ध, उपन्यास, महाकाव्य विधामा कलम चलाएका भूपेन्द्र सुवेदी बहुमुखी प्रतिभा भएका साहित्यस्रष्टा हुन् । उनको लेखनी जीवनको उत्तरार्द्धमा अझ सक्रियातापूर्वक सशक्त रूपमा मुखरित भइरहेको छ । सुवेदीको सिर्जनात्मक संलग्नतालाई नियाल्दा कविता विधाबाट सिर्जनातर्फ लागेका सुवेदीका

सङ्ख्यात्मक भन्दा गुणात्मक दृष्टिले सबै विधाका सिर्जना उत्कृष्ट ठहरिएका छन् । निबन्ध विधालाई बढी रुचाएका कारणले गर्दा नै होला उनको यो पछिल्लो निबन्ध सङ्ग्रह 'भूपेन्द्र सुवेदीका निबन्धहरू' बढी प्रखर प्रस्तुतिका रूपमा आएको छ र प्रभावशाली पनि देखिन्छन् । यसरी मानव हित र समाज सुधारलाई निबन्धको मूल स्वर बनाएका सुवेदी समाजमा, राष्ट्रमा राम्रो काम गर्नेलाई प्रशंसा गर्नुपर्छ भन्ने धारणा राख्ने सुवेदी समाज र राष्ट्रको उन्नति प्रगति चाहने निबन्धकार हुन् । उनको आफ्नो अध्ययन र अनुभव गरेका कुरालाई निबन्धमा इमान्दारिताका साथ प्रस्तुति गरेका छन् । यसरी नेपाली साहित्यका क्षेत्रमा सफल स्रष्टाका रूपमा सुवेदीलाई चिन्न सकिन्छ ।

यो शोधपत्र भूपेन्द्र सुवेदीका निबन्धहरूको अध्ययनमा केन्द्रित रहेको छ । भविष्यमा उनका साहित्यिक कृतिहरूलाई अध्ययन गरी शोध गर्न चाहने व्यक्तिले निम्नलिखित शीर्षकमा शोध गर्न सक्नेछन् :

१. महाकाव्यकार भूपेन्द्र सुवेदीका महाकाव्यमा प्रकृति चित्रण ।

२. कवि भूपेन्द्र सुवेदीका कविताहरूमा देशप्रेमको अध्ययन ।

३. निबन्धकार भूपेन्द्र सुवेदीका निबन्धहरूमा सांस्कृतिक पक्षको अध्ययन ।

४. भूपेन्द्र सुवेदीका कथाहरूको अध्ययन ।

५. भूपेन्द्र सुवेदीको दिशाबोध उपन्यासको अध्ययन ।

६. महाकाव्यकार भूपेन्द्र सुवेदीको मंगला महाकाव्यको अध्ययन ।

# सन्दर्भ ग्रन्थ सूची

ईश्वर बराल (सम्पा), **सयपत्री**, तेस्रो संस्करण काठमाडौँ : साझा प्रकाशन, (२०३०) ।

केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश**, छैटौं संस्करण, काठमाडौँ : रत्न प¬स्तक भण्डार, (२०५९) ।

गोपीकृष्ण शर्मा, (सम्पा) **नेपाली निबन्ध** भाग २, काठमाडौँ : साझा प्रकाशन, (२०४८) ।

गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध**, परिचय, पुन : म¬द्रण (२०६७), काठमाडौंः रत्न प¬स्तक भण्डार, (२०६३) ।

तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास**, तेस्रो संस्करण, काठमाडौँ : रत्न प¬स्तक भण्डार, (२०५१) ।

दयाराम श्रेष्ठ, मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, आठौं संस्करण, काठमाडौँ : साझा प्रकाशन, (२०६३) ।

देवी प्रसाद गौतम र खगेन्द्र प्रसाद ल¬इँटेल, **नेपाली निबन्ध**, काठमाडौँ : नवीन प्रकाशन, (२०५४) ।

बालकृष्ण पोखेल, **कलेज स्तरका निबन्धै निबन्ध**, काठमाडौँ : सहयोगी प्रकाशन, (२०२७) ।

भगवती विष्ट, **भूपेन्द्र सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. (२०६४) ।

भीम अधिकारी, **भूपेन्द्र सुवेदीका निबन्धहरूको सङ्क्षिप्त अध्ययन**, नयाँ युगबोध राष्ट्रिय दैनिक, २९ कार्तिक (२०६५) ।

भूपेन्द्र सुवेदी, **उपालम्ब, खण्डकाव्य,** प्यूठानः भूपेन्द्र सुवेदी, (२०५९) ।

भूपेन्द्र सुवेदी, **एकमूल एकाउन्न फूल,** लघु कथा सङ्ग्रह, काठमाडौंः सुरेन्द्र सुवेदी, (२०६१) ।

भूपेन्द्र सुवेदी, **भावनाका लहरहरू,** कविता, गीत, गजल सङ्ग्रह, प्यूठानः नरेन्द्र सुवेदी, (२०६२) ।

भूपेन्द्र सुवेदी, **विना भूटनको च्वाँइ,** हाँस्यव्यङ्ग्य निबन्ध सङ्ग्रह, प्यूठानः पुष्पेन्द्र सुवेदी, (२०६३) ।

भूपेन्द्र सुवेदी, **दिशाबोध,** उपन्यास, प्यूठानः भूपेन्द्र सुवेदी, (२०६४) ।

भूपेन्द्र सुवेदी, **भूपेन्द्र सुवेदीका निबन्धहरू,** प्यूठानः देवेन्द्र कुमार रिजाल, (२०६५) ।

भूपेन्द्र सुवेदी, **मंगला,** महाकाव्य, प्यूठानः अर्जुनकुमार कक्षपति, (२०६७) ।

रामलाल अधिकारी, **नेपाली निबन्ध यात्रा**, दार्जिलिङ : नेपाली साहित्य सच्चयिका, (ई. १९७५) ।

राजेन्द्र सुवेदी, र हिरामणि शर्मा, (सम्पा), **नेपाली हास्यव्यङ्ग्य**, निबन्ध काठमाडौँ : साझा प्रकाशन, (२०४७) ।

राजेन्द्र सुवेदी, **स्रष्टा-सृष्टि दृष्टि,** दोस्रो संस्करण, काठमाडौँ : रत्न प¬स्तक भण्डार, (२०४९) ।

राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध**, तेस्रो संस्करण, काठमाडौँः पाठ्य सामग्री पसल, (२०५६) ।

लक्ष्मीप्रसाद देवकोटा, **लक्ष्मी निबन्ध सङ्ग्रह**, बाह्रौं संस्करण, काठमाडौँ : साझा प्रकाशन, (२०४९) ।

हरिप्रसाद भण्डारी, **भूपेन्द्र सुवेदीको आख्यानकारिता**, अप्रकाशित, स्नातकोत्तर शोधपत्र, त्रि.वि. २०६७ ।